# पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग
एम.ए. दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनको लागि

**शोधपत्र**

शोधार्थी
सुस्मा रायमाझी (भुसाल)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७२

# त्रिभुवन विश्वविद्यालय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर

## शोधनिर्देशकको सिफारिस

**पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र श्री **सुस्मा रायमाझी** (**भुसाल**) ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । सम्बन्धित क्षेत्रमा प्रचलनमा रहेका लोककथालाई सङ्कलन गरेर विधा सिद्धान्तका आधारमा विश्लेषण गरिएको यो शोधपत्र उपयोगी रहेको छ । यस कार्यबाट म सन्तुष्ट छु र मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सिफारिस गर्दछु ।

मिति : २०७२/१२/१६

.........................................

प्रा.डा. मोतीलाल पराजुली
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा **सुस्मा रायमाझी (भुसाल)** ले प्रस्तुत गर्नुभएको **पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको संकलन र विश्लेषण** शीर्षकको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

हस्ताक्षर

१. प्रा.डा. महादेव अवस्थी ........................................
नि. विभागीय प्रमुख

२. प्रा.डा. मोतीलाल पराजुली ........................................
शोध निर्देशक

३. प्रा.डा. दयाराम श्रेष्ठ ........................................
बाह्य परीक्षक

मिति : २०७२/१२/२१

# कृतज्ञता ज्ञापन

सर्वप्रथम 'पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण' गर्ने सु-अवसर प्रदान गर्नु भएकोमा नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर र यसको विभागीय प्रमुख डा.देवी प्रसाद गौतमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य प्रा.डा. मोतीलाल पराजुलीको निर्देशनमा तयार पारेकी छु । व्यस्त समयका बाबजुत पनि अमूल्य समय प्रदान गरी उचित सुझाव तथा मार्गनिर्देशन गरेर महत्त्वपूर्ण सहयोग गर्नु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। सामग्री सङ्कलनको क्रममा बलबहादुर खत्री, नर बहादुर रायमाझी, माया रायमाझी, तुलसा, खत्री, सरिता कुँवर, कमल रायमाझी, उमेश रायमाझी, विना रायमाझी, सिर्जना देवी घिमिरे, सरस्वती तिवारी, लक्ष्मी रायमाझी, सीता रायमाझीबाट विशेष सहयोग प्राप्त भएको छ त्यसैले उहाँहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । नेपाली केन्द्रीय विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध लेखनका दौडाहनमा विविध सामग्री उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाली केन्द्रीय विभाग अन्तर्गतको पुस्तकालय प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधकार्य तयार पार्नका निम्ति आवश्यक वातावरण मिलाई दिनु हुने श्रीमान् एकराज भुसाल, गोविन्द भुसाल र घरपरिवारप्रति सँधै ऋणी रहनेछु । कम्प्युटर टङ्कनमा सहयोग पुऱ्याउने जेकी महर्जनप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्य शुभ चिन्तकहरू र साथीहरू प्रति पनि धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गरेकी छु ।

शोधकर्ता

सुस्मा रायमाझी (भुसाल)

स्नातकोत्तर तह, दोस्रो वर्ष

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं

त्रि.वि. दर्ता नं. ९-२-४२७-१६१-२००७

शैक्षिक सत्र : २०६६/०६७

क्रमाङ्क : ९७

मिति : २०७२/११/१५

# विषयसूची

## पहिलो परिच्छेद


**शोध परिचय** **१-५**

१.१ विषय परिचय १
१.२ समस्याकथन २
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधकार्यको औचित्य महत्त्व र उपयोगिता ४
१.६ शोधकार्यको सीमाङ्कन ४
१.७ सामग्री सङ्कलनका विधि ५
१.८ शोधकार्यको रूपरेखा ५


## दोस्रो परिच्छेद


**लोककथाको सैद्धान्तिक परिचय** **६-३०**

२.१ लोककथाको परिचय र परिभाषा ६
२.२ लोककथाका विशेषताहरू ११
२.३ लोककथाको वर्गीकरण १४
२.४ लोककथाका तत्त्वहरू १९
२.५ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा २६


## तेस्रो परिच्छेद


**सामाजिक एवम् नीति उपदेश लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण** **३१-९१**

३.१ गरिब कथा ३१
    ३.१.१ गरिब कथाको मूलपाठ ३१
    ३.१.२ गरिब लोककथाको तत्त्वगत विश्लेषण ३२
३.२ जनैको साँचो कथा ३६
    ३.२.१ जनैको साँचो कथाको मूलपाठ ३६
    ३.२.२ जनैको साँचो लोककथाको तत्त्वगत विश्लेषण ३७
३.३ सुनकेसरा रानीको कथा ४०

३.३.१ सुनकेसरा मैँया कथाको मूलपाठ ४०

३.३.२ सुनकेसरा मैया लोककथाको तत्त्वगत विश्लेषण ४२

३.४ दाउरे बुढाबुढीको कथा ४५

३.४.१ दाउरे बुढाबुढी कथाको मूलपाठ ४५

३.४.२ दाउरे बुढाबुढी लोककथाको तत्त्वगत विश्लेषण ४७

३.५ बलभन्दा बुद्धि ठूलो ४९

३.५.१ बलभन्दा बुद्धि ठूलो कथाको मूल पाठ ४९

३.५.२ बल भन्दा बुद्धि ठूलो लोककथाको तत्त्वगत विश्लेषण ५२

३.६ वृद्धि परीक्षण ५४

३.६.१ वृद्धि परीक्षण कथाको मूलपाठ ५४

३.६.२ बुद्धि परीक्षण लोककथाको तत्त्वगत विश्लेषण ५५

३.७ अल्छी ५८

३.७.१ अल्छी कथाको मूलपाठ ५८

३.७.२ अल्छी लोककथाको तत्त्वगत विश्लेषण ६०

३.८ टोपी ६३

३.८.१ टोपी कथाको मूलपाठ ६३

३.८.२ टोपी लोककथाको विश्लेषण ६४

३.९ कालीको कथा ६७

३.९.१ काली कथाको मूलपाठ ६७

३.९.२ कालीको कथाको तत्त्वगत विश्लेषण ६९

३.१० छट्टु भान्जो ७२

३.१०.१ छट्टु भान्जो कथाको मूलपाठ ७२

३.१०.२ छट्टु भान्जो लोककथाको विश्लेषण ७४

३.११छोराबुहारी ७८

३.११.१ छारोबुहारी लोककथाको मूलपाठ ७८

३.११.२ छोराबुहारी लोककथाको तत्त्वगत विश्लेषण ८०

३.१२गँजडीको कथा ८३

३.१२.१ गँजडीको कथाको मूल पाठ ८३

३.१२.२ गँजडीको लोककथाको तत्त्वगत विश्लेषण ८५
३.१३शक्ति जाँच ८८
३.१३.१ शक्ति जाँच कथाको मूलपाठ ८८
३.१३.२ शक्ति जाँच लोककथाको तत्त्वगत विश्लेषण ८९

**चौथो परिच्छेद**

**पौराणिक, ऐतिहासिक तथा अतिरञ्जित लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण**

९२-१२२
४.१ लमेनीको सराय ९२
४.१.१ लमेनीको सराय कथाको मूलपाठ ९२
४.१.२ लमेनीको सराय लोककथाको तत्त्वगत विश्लेषण ९३
४.२ घर्तीपानीको कथा ९६
४.२.१ घर्तीपानीको कथाको मूलपाठ ९६
४.२.२ घर्तीपानी लोककथाको तत्त्वगत विश्लेषण ९७
४.३ बोक्सी १००
४.३.१ बोक्सी कथाको मूलपाठ १००
४.३.२ बोक्सी कथाको तत्त्वगत विश्लेषण १०१
४.४ न्याउली चरी १०४
४.४.१ न्याउली चरी कथाको मूलपाठ १०४
४.४.२ न्याउली चरी लोककथाको तत्त्वगत विश्लेषण १०५
४.५ भावीको लेखा १०८
४.५.१ भावीको लेखा कथाको मूलपाठ १०८
४.५.२ भावीको लेखा लोककथाको तत्त्वगत विश्लेषण १०९
४.६ बैगुनीलाई गुनले मार्नु ११२
४.६.१ बैगुनीलाई गुनले मार्नु कथाको मूलपाठ ११२
४.६.२ बैगुनीलाई गुनले मार्नु लोककथाको तत्त्वगत विश्लेषण ११४
४.७ चरा र काग ११७
४.७.१ चरा र काग कथाको मूल पाठ ११७
४.७.२ चरा र काग कथाको तत्त्वगत विश्लेषण ११९

## चौथो परिच्छेद


**सारांश तथा निष्कर्ष** **१२३-१२८**

५.१ सांराश १२३

५.२ निष्कर्ष १२५

**परिशिष्ट-सामाग्री संकलनमा सहयोग गर्नेहरूको विवरण**

**सन्दर्भ सामग्री सूची**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नेपाल राज्यको पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलका ६ वटा जिल्लामध्ये पाल्पा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल ३२,५०० वर्ग कि.मि रहेको छ । १५२ मिटर उचाई देखि १९३६ मिटर उचाई सम्म यो जिल्ला फैलिएको छ । यस जिल्लामा ६५ वटा गा.वि.स र एक नगरपालिका रहेका छन् । यस जिल्लाको सदरमुकाम तानसेन हो । यस जिल्लाको प्रशासनिक क्षेत्रलाई १३ इलाका संख्या र ३ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यो जिल्ला धार्मिक सहिष्णुताले भरिपूर्ण जिल्लाको रूपमा पनि चिनिन्छ । यँहाका ऋषिकेशव मन्दिर र भैरवस्थान मन्दिर प्रमुख प्रसिद्ध मन्दिरका रूपमा रहेका छन् । विविध भाषा, धर्म र जातिका मानिसहरू बसोवास रहेको यस जिल्लामा मुख्य रूपमा हिन्दु धर्म मान्ने मानिसहरूको बसोवास छ । अन्य धर्महरूमा बौद्ध, मुस्लिम, क्रिश्चियन धर्म मान्ने मानिसहरूको बसोवास यस जिल्लामा रहेको छ । यहाँका मानिसहरूको मुख्य भाषा नेपाली नै रहेको पाइन्छ भने केही मात्रामा गुरुङ, आदिवासी, जनजाति, दलित जातिका भाषीहरूको बसोवास रहेको छ ।

लोककथा आख्यानयुक्त गद्य विधा हो । लोकजीवनमा मौखिक परम्परा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अर्कोले सुन्ने भएकाले यस्ता कथाहरूलाई भन्ने कथा पनि भनिन्छ । संसारका सबै भाषा, जाति, क्षेत्र र स्थानमा लोककथाको अस्तितत्व पाइन्छ । त्यस कारण सुन्ने र सुनाउने प्रचलनमा मानव सभ्यताको प्राथमिक कालदेखि नै प्रारम्भ भई हालसम्म नेपाली जाति, संस्कृति, धर्म आदिको रेखाङ्कन र सीमाङकन गर्ने काम गरेका छन् । यसको स्रोत जनबोली वा जनश्रुति हो । लोकले जे देख्यो, जे भोग्यो र जे सोच्यो ती सबै लोककथाका विषय हुन् । वक्ताले जति सिपालु पाराले फुलबुट्टा भरेर मनलाई हर्षित एवम् वातावरणलाई रमाइलो बनाई आनन्दको अनुभूति गराउँछ त्यसमा नै लोककथाको जीवन्तता मौलिकता रहेको हुन्छ । यस्ता कथा 'एकादेशमाबाट सुरु भई सुन्नेलाई सुनको माला ……… मा गएर टुङ्गिन्छन् । लोककथामा लोक जीवनका सुख - दुख, रीतिरिवाज, आस्था विश्वास रहेको हुन्छ । पाल्पा जिल्लामा प्रचलित यस्तै लोककथाहरूको सङ्कलन र तत्त्वगत विश्लेषण गर्ने उद्देश्य नै प्रस्तुत शीर्षक गरिएको हो ।

## १.२ समस्याकथन

नेपाली लोक परम्परामा अति लोकप्रिय विधा लोककथा हो । यिनै मध्ये खास भौगोलिक क्षेत्र विशेषमा प्रचलित लोककथाहरू अनुसन्धान एवम् खोज चासोका अभावमा परपम्राबाट नै लोप हुने अवस्थामा पुग्ने सम्भावना रहन्छ । अतः तिनको सङ्कलन गरी तिनका रहेका वैशिष्ट्य पहिल्याउनु यस शोध कार्यको समस्या हो । यसका साथै यस शोधकार्यका निम्नलिखित समस्या रहेका छन् ।

१. पाल्पा जिल्लाको छहरा क्षेत्रमा के कस्ता लोककथाहरू प्रचलनमा छन् ?
२. पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित पौराणिक ऐतिहासिक तथा अतिरञ्जित लोककथाको तत्त्वगत विश्लेषण के कसरी गर्न सकिन्छ ?
३. पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक एवम् नीति उपदेश कथाको तत्तवगत विश्लेषण के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधान तर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य निम्नानुसार रहेको छ :

१. पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन गर्न ।
२. सङ्कलित लोककथालाई कथा तत्त्वका आधारमा विश्लेषण गर्न ।
३. सङ्कलित लोककथाको पौराणिक ऐतिहासिक तथा अतिरञ्जित र सामाजिक एवम् नीति उपदेश विषयवस्तुमा आधारित भई विश्लेषण गर्न ।

## १.४ पूर्वकार्यको समीक्षा

लोक साहित्यको विभिन्न विद्यामध्ये लोककथा एक महत्वपूर्ण विधा हो । यसको इतिहास धेरै लामो छ । लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन र विश्लेषण विभिन्न विद्वानद्वारा गरिएको पाइन्छ । लोककथाका बारेमा विभिन्न क्षेत्रहरूका लोककथाका सङ्कलनकर्ता तथा अद्येताहरूले गरेका पूर्वकार्यहरू निम्नानुसार छन् ।

### १.	धर्मराज थापा र हसपुरे सुवेदी-नेपाली लोकसाहित्यको अध्ययन

पा.वि.के.त्रि.वि.वि. बाट २०४१ सालमा प्रकाशित कृतिमा नेपाली लोकसाहित्य सम्बन्धी परिचय, विकास र विशेषता बारेमा संक्षिप्त रूपमा चर्चा र उल्लेख गरिएको छ । यसमा लोककथा मात्र नभएर लोकसाहित्यका अन्य विद्याका बारेमा चर्चा गरिएको छ । तर पाल्पा जिल्लाको छहरा क्षेत्रका लोककथाका बारे भने खास उल्लेख छैन् ।

### २.	दीपक बस्याल

पाल्पाको साहित्यिक रूपरेखा '२०५६' को आफ्नो शोधकार्यमा समग्र पाल्पाको साहित्यिक झलक कार्यमा समग्र पाल्पाको साहित्यिक झलक देखाइएको अथवा प्रस्तुत गरिएको छ तर छहरा क्षेत्रकाकथाको सङ्कलन गरेको पाइँदैन ।

### ३.	चूडामणि बन्धु

नेपाली लोकसाहित्य एकता पुस्तक प्रकाशन २०५८ मा प्रकाशित यस कृतिमा नेपाली लोकसाहित्य र अन्य विधाहरूलाई विशेष रूपमा चिनारी दिने प्रयास गरिएको पाइन्छ र नेपाली लोकसाहित्य सम्बन्धी सर्वोपरी कृतिको रूपमा मान्न सकिन्छ । तर पाल्पा जिल्लाको छहरामा प्रचलित लोककथाका बारेमा उल्लेख गरेको पाइँदैन् ।

### ४.	मोतीलाल पराजुली - लोककथा : सिद्धान्त र विश्लेषण

विवेक सिर्जनशील प्रकाशन प्रा.लि. बाट २०७१ मा प्रकाशित कृतिका लोककथाको परिचय परिभाषा विशेषता, तत्त्वका बारेमा विश्लेषण गरिएको छ । लोककथाको अध्ययन परम्परालाई विशेष महत्त्व दिइएको छ तर पाल्पा जिल्लाको छहरा क्षेत्रका कथाका बारेमा उल्लेख गरेको पाइँदैन ।

यसरी लोककथाको अध्ययन गर्ने विद्वानहरूले लोककथाको सङ्कलन गर्दा छहरा क्षेत्रका कथाहरू सङ्कलित नभएका कारण यस शोधकार्यमा सङ्कलन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य महत्त्व र उपयोगिता

लोककथा लोकसाहित्यका विभिन्न विधाहरूमध्ये आकर्षक एवम् मनोरञ्जनात्मक गद्य विद्या हो । लोककथा लोकजीवनको दर्पण हो । यसमा लोकसमाजको भाषा संस्कृति र परम्पराको चित्रण गरिएको छ । लोककथाको सङ्कलन र परम्पराको चित्रण गरिएको छ । लोककथाको सङ्कलन तथा अध्ययनबाट तत्कालिन लोकसमाजका प्रतिमानहरूको तत्कालिन सामाजिक, सांस्कृतिक मूल्य र मान्यताबाट तत्कालिन, सामाजिक, सांस्कृतिक मूल्य र मान्यतालाई बुझ्न सजिलो हुन्छ । लोककथाको अध्ययनबाट लोककथाको संरक्षण हुनाका साथै लोककथाका अधेताहरूलाई केही हदसम्म सहयोग पुग्दछ । तत्कालिन समाजमा प्रचलित कला, भाषा, संस्कृतिको पहिचान गर्न पनि लोककथाको अध्ययनले सहयोग पुऱ्याएको हुन्छ । यसको अध्ययनले त्यहाँका समाजको सामाजिक, धार्मिक, राजनीतिक, परम्परा, रीतिरिवाज तथा संस्कृति सम्बन्धी अवधारणाहरू बुझ्न सहज हुन्छ । त्यसैले यस शोधकार्यको औचित्य महत्त्व रहेको छ ।

यस शोधकार्य पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको अध्ययनका केही महत्त्वपूर्ण भूमिका खेलेको छ भने समग्र नेपाली लोककथाका अध्येतालाई आंशिक सहयोग पुऱ्याउँछ । यस शोध कार्यले छहरा क्षेत्रको सामाजिक, धार्मिक, सांस्कृतिक, रीतिरिवाज, परम्परा र लोकविश्वास जस्ता कुराहरू थाहा पाउन सहयोग गर्छ । यो शोधकार्य पाल्पाका विभिन्न क्षेत्रका भाषिकाको अध्ययन गर्न अध्येताहरूका लागि पनि उपयोगी हुन्छ । त्यसैले यो शोधकार्यको महत्त्व र उपयोगिता रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाल राज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलमा पाल्पा जिल्ला पर्छ । पाल्पा जिल्लाको पश्चिमी भेग यस शोधकार्यको मुख्य क्षेत्र हो । यस शोधकार्यको मुखय विषय कथा सङ्कलन रहेको छ । कथा सङ्कलनका मुख्य क्षेत्रहरूमा पाल्पा जिल्लाको छहरा क्षेत्रमा पर्ने अमलाबास, मुझुङ्ग, फेक, पालुङ्ग, मैनादीका प्रचलित कथाहरूलाई यस शोधकार्यका सङ्कलित गरी विश्लेषण गरिएको छ ।

## १.७ सामग्री सङ्कलनका विधि

पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलनमा रहेका लोककथालाई अवलोकन गरी सामग्री सङ्कलन गरिएको छ र प्राप्त लोककथालाई लिपिबद्ध गरी प्रस्तुत गरिएको छ ।

लोककथाको सङ्कलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा गई कथावाचकसँग प्रत्यक्ष भेटघाट गरिएको छ । कथावाचकसँगै प्रत्यक्ष भेटघाट गरिएको छ । कथा वाचकलाई कथा भन्न लगाई त्यहीको उपभाषिकमा लिपिबद्ध गरिएको छ ।

यस शोधकार्यमा प्राथमिक स्रोतका सामग्री सङ्कलन विधि अपनाई सामग्री सङ्कलन गरिएको छ ।

**सामग्री विश्लेषण विधि**

प्रस्तुत शोधकार्यमा क्षेत्रकार्यबाट सङ्कलन गरिएका लोककथाहरूलाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा कथानक, पात्र, परिवेश, द्वन्द्व, कथोपथन, उद्देश्य, शैली र भाषालाई सामग्री विश्लेषणका मानक आधार बनाइएको छ ।

## १.८ शोधकार्यको रूपरेखा

यस शोधकार्यलाई सन्तुलित एवम् व्यवस्थित ढङ्गले प्रस्तुत गर्न विभिन्न परिच्छेदमा शोधकार्यको रूपरेखा तयार पारिएको छ जुन यसप्रकार रहेको छ ।

१. पहिलो परिच्छेद : शोधपरिचय

२. दोस्रो परिच्छेद : लोककथाको सैद्धान्तिक परिचय

३. तेस्रो परिच्छेद : सामाजिक एवम् नीति उपदेश लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण

४. चौथो परिच्छेद : पौराणिक, ऐतिहासिक तथा अतिरञ्जित लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण

५. पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

   ५.१ सारांश

   ५.२ निष्कर्ष

परिशिष्ट

सामग्री सङ्कलनमा सहयोग गर्नेहरूको विवरण

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद
# लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोककथाको परिचय र परिभाषा

लोककथा लोकसाहित्यको आख्यान युक्त गद्य विद्या हो । सामान्यतः लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्त्वहरूको मिश्रण गरी लोक समुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् । लोककथा श्रुति स्मृति परम्पराका कथा हुन् । संसारको सबै पदार्थहरूमा जीवतत्त्व रहन्छ भन्ने आत्मशील धारणा, जादु-टुना मुना र धर्मबाट संसार-परिचालित र निर्देशित छ भन्ने आनुष्ठानि धारणा बोकेको सामूहिक अवचेतनको शब्दरूप लोककथा हो । त्यसैले यसमा लोक आस्था, लोक विश्वास लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको छ । लोककथामा कल्पना, तिलस्मी प्रवृति र रोमाञ्चक तत्त्वहरू विद्यमान हुन्छन् र यस्ता तत्त्वहरूले लोककथालाई आकर्षक बनाई सामूहिक मनोरञ्जन दिने काम गर्छन भने यस्ता रोमाञ्चक तत्त्वभित्र निहित विषयहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा लोकशिक्षा दिने काम पनि गर्दछन् । त्यसैले लोकसमुदायको मनोरञ्जन र शिक्षाको मूल माध्यम लोककथा को । एउटा पुस्ताको ज्ञान, अनुभव र कल्पना शक्तिलाई अर्को पुस्तामा हस्तान्तरण गर्ने काम पनि लोककथाबाट नै हुन्छ । यो परम्पराको विरासतका रूपमा रहेको छ । 'एकादेशमा ............' बाट प्रारम्भ भएको लोककथा भन्नेलाई फूलको माला ........' आदि लोकशैलीमा प्रस्तुत गरिन्छ । लोकभाषा अनौपारिक प्रस्तुतीकरण र लोशिक्षाको उपयोग भएका लोककथाहरू प्रस्तुतीकरण र लोकशिक्षाको उपयोग भएका लोककथाहरू लोकसमाजका परम्परित सम्पदाका रूपमा रहेका छन् ।
(पराजुली, २०७०:१४)

लोककथा 'लोक र कथा' दुई शब्दको समासद्वारा बनेको हो । यसको शाब्दिक अर्थको व्युत्पत्ति गर्दा दुई भिन्न शब्दहरूलाई छुट्टाछुट्टै हेर्नुपर्ने हुन्छ । संस्कृति व्याकरण अनुसार 'लोक दर्शन' धातुमा 'घञ्' (अ) प्रत्यय लागेर 'लोक' शब्द निर्मित हुन्छ । यसको अर्थ हो - देख्नेबाला जनता, संसार, प्राणी लोक आदि । लोक साहित्यमा यस शब्दले जनता, संसार, प्राणी विभिन्न लोक आदि तथा संसारको अर्थ ग्रहण गर्दछ । 'कथ' धातुमा 'आङ्' र 'टाप्' प्रत्यय लागेर कथा शब्द निर्मित हुन्छ । यसको अर्थ हो कथा, कहानी, कल्पित कथा वृत्तान्त, आख्यानयुक्त गद्यमय रचना

आदि, 'लोक' र 'कथा' शब्दलाई तत्पुरुष समासद्वारा जोडेपछि लोककथा शब्द बन्दछ । यसको समन्वित अर्थ हुन्छ-जनताद्वारा व्यवहारमा लाइएको काल्पनिक आख्यान युक्त गद्यमय रचना । अतः लोककथा शब्दको वास्वतिक अर्थ लोक समुदायका व्यवहारमा प्रयुक्त काल्पनिक तथा रोमाञ्जक आख्यानयुक्त गद्परचना भन्ने हुन्छ र यसलाई लोक साहित्यमा प्रयोग गरिदै आएको छ । लोककथालाई दन्त्यकथा, कथाकुथुङ्गी, किस्सा, बात भन्ने सास्तर आदि शब्दले पनि चिनाइन्छ । नेपाली लोक साहित्यमा लोककथा शब्दलाई दन्त्यकथाको पर्यायवाची शब्दका रूपमा लिने गरिएको छ । मौखिक रूपमा प्रस्तुत गरिने लोककथाहरू दन्त्यकथा हुन् ।

नेपाली साहित्यमा लोककथा र दन्त्यकथा दुवै शब्दहरूलाई एउटै अर्थ र प्रयोजनका लागि प्रयोग गरिएकाले दुवै शब्द समान कोटिका मानिन्छन् । अङ्ग्रेजी साहित्यमा 'फोृकटेल' शब्द लोककथाको अर्थमा प्रयोग गरिएको छ । 'फोक' को अर्थ 'लोक र टिल' को अर्थ 'कथा' हो । अतः नेपाली लोकसाहित्यमा प्रयोग हुने लोककथा र अङ्ग्रेजीमा प्रयोग हुने समानार्थी शब्द हुन् ।

जनताद्वारा व्यवहारमा ल्याइएको काल्पनिक गद्याख्यानलाई लोककथा भनिए पनि यसको वास्तविक परिभाषा भएको पाइदैन । लोक साहित्यविद्हरूले यसको परिभाषा गर्ने प्रयास गरे पनि चित्तबुझ्दो ठोस् परिभाषा पाउन सकिदैन । लोककथाको स्वरूपगत विविधता, शैलीगत विविधता, विषयगत, विविधता आदि कारणले यसको ठोस परिभाषा हुन नसकेको हो । लोकसाहित्यका विद्वान्हरूले लोककथाका विभिन्न परिभाषाहरू दिएका छन् । तिनलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गर्नु उपयोगी नै होला । सार्लेट सोफिया वर्नले लोककथाको परिभाषा निम्नानुसार गरेकी छिन् ।

"लिखित कलासँग अपरिचित ती बौद्धिक जनताका प्रयत्न लोककथा, गीत, उखान र गाउँखाने कथा हुन जसका पछि बनेका सामग्रीको तुलना कम हुन्छ र कल्पनाबाट धेरै सामग्री लिइएको हुन्छ । यिनका कल्पना, संस्मरण, भावना र अनुश्रुतिलाई मानव जातिको अभिव्यक्तिको कारण बनाइएको हुन्छ । यिनलाई मनोविज्ञान र जातिशास्त्रका विद्यार्थीले् सानोतिनो भनी तुच्छ ठान्न वा हेप्न सक्तैनन् ।" (पराजुली, २०७०: १५)

"आदिम जनता संसारका घटनाक्रमहरूले भरिएका विश्वव्यापी रूपमा मूर्त आकृति लिएको मानवीय साहित्यिक अभिव्यक्त लोककथा हो । जुनसुकै ठाउँमा बस्ने जुनसुकै संस्कृति भएका मानिसले पनि लोककथा भन्दछन् । ती सबै लोककथामा सामान्य भिन्नता भए पनि मूल विचार र तुलनात्मक अंश समान रहन्छ ।" (स्टिथ थम्प्सन, द फोकटेल्स, १९९५: ४१६)

“लोककथाको सुनिश्चित परिभाषा दिने कुनै प्रयास भएको छैन सामान्यतः यस कथाभित्र परम्परागत आख्यान र त्यसका भेदहरूलाई लिन सकिन्छ। सामान्य्य : पशुकथा, ऐतिहासिक कथा, पौराणिक कथा, गाथा र वीरकथा, परिकथा आदि लोककथा हुन् ।”
(स्टान्डर्ड डिक्सनरी अफ फोकलोर, मिथोलोजी एण्ड लिजेण्ड, १९४७: ४०८)

“प्रत्येक लोककथा एउटा कविता हो ।” - पुस्किन प्रस्तुत परिभाषा भावुक रहेको छ। यसमा कविताको भाव र कविताको भाषा वा लयसँग लोककथाको स्वरूप मिल्ने कुरा दर्शाइएको छ।

“लोकजीवनका सुख-दुःख, रीतिरितवाज आस्था-विश्वास र परम्परालाई अभिव्यक्त गर्ने साहित्यिक सौन्दर्ययुक्त कथनप्रणालीमा आवद्ध कथालाई लोकथा भनिन्छ।”- (श्रीराम शर्मा, लोकसाहित्य : सिद्धान्त र प्रयोग) (शर्मा, १९९२: १९८)।

“लोककथा मानवजीवनको विस्तृति एवम् विविधतालाई कला र स्थान अनुरूप समहित गरी विगतको अवशेष संरक्षित गर्ने आफैमा सानो सङ्ग्रहालय भएकाले मानवसभ्यता तथा संस्कृतिका विभिन्न चरणको ऐतिहासिक विकासक्रम वा भौगोलिक विभेदको यात्राक्रमको अध्ययन तथा अन्वेषण गर्ने सर्वसुलभ सर्वग्राही मनोरम साधन हो” । - (दिवस, २०३२: २८)

“विशेषतः कल्पनाको धरातलमा अडिएका जनश्रुतिका आधारित परापूर्वकालदेखि एकनास पुस्तौपुस्ता मुखमुखै चलेर आएका कथाहरू नै लोककथा हुन भन्न सक्छौ यसैले यसको अर्को नाम दन्तेकथा पनि पाइन्छ।” (थापा र सुवेदी, २०४१:१६)

“लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन्। एउटाले भन्ने र अरुले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ। लोककथा शब्दको प्रचलन लोक साहित्यको धारणा विकासपछि भएको हो। लोकजीवनमा दन्त्यकथा शब्दको प्रचलन पाइन्छ। कथा र कथुङ्गी मिलाएर ‘कथाकुथुङ्ग्री’ भन्ने चलन पनि छ।” (बन्धु, २०५८:८४)

माथि उल्लेख गरिएका परिभाषाहरूले लोककथालाई चिनाउने प्रयास गरेका भए पनि ठोस रूपमा लोककथाको स्वरूपलाई समेट्न सकेको देखिदैन। नेपाली लोककथाहरूको अध्ययन/विश्लेषणबाट आएका तथ्यहरूलाई मनन गर्दा यसको परिभाषा र स्वरूप निम्नअनुसारको हुन्छ -

१)	लोकसमुदायमा प्रचलित काल्पनिक तथा रोमाञ्चततत्वले भरिएका कलात्मक, सरल तथा सरस परम्परित मौखिक गद्याख्यान लोकथा हो ।

२)	यसमा लोकजीवनका सुख-दुःख, रीतिरिवाज, आस्था-विश्वास एवम् परम्परागत तत्त्वहरू विद्‌यमान हुन्छन् ।

३.	लोककथामा सर्वौत्मवादी भावना, सर्वजीववादी भावना, आत्माशीलता, टुनामुनासम्बन्धी धारणा तथा आनुष्ठानिक धारणाहरू पाइन्छन् ।

४.	लोककथा सामूहिक अवचेतनको शब्दरूप हो, यसले लोकमानसको अहम्‌लाई तुष्टि र पुष्टि दिन्छ ।

५.	लोकसमाजको ऐतिहासिक मानसबाट प्राप्त लोकभावनालाई जीवन्त रूपमा लोककथामा प्रयोग गरेको हुन्छ ।

६.	लोककथामा रचनाकारको प्रत्यक्षता रहदैन वा अज्ञात रचनाकार हुन्छ, साथै रचनाको समय पनि निश्चित हुदैन ।

७.	हरेक लोककथामा स्थानीय संस्कृति, भौगोलिकता तथा रीतिरिवाजको प्रयोग हुन्छ । त्यसले स्थानीयताको प्रभाव रहन्छ ।

८.	लोककथा अनौपचारिक लोकभाषामा निर्मित हुन्छ ।

९.	लोककथामा मनोविनोदको पक्ष सशक्त रहन्छ भने जनकल्याणको भावनाले अभिप्रेरित अनौपचारिक शिक्षा प्रदान गर्ने गूढ तत्व निहित हुन्छ ।

१०.	'एकादेश ..........' बाट प्रारुम्भ भएको लोककथा व्यस्थित घटना शृङ्खलाबाट विकसित हुँदै संयोगान्त तथा वियोगान्त कथाका रूपमा टुङ्गिन्छ र 'भन्नेलाई ......' बाट यसको विश्रान्ति गरिन्छ ।

माथि प्रस्तुत गरेका विभिन्न बुँदाहरूले लोककथाको मूल स्वरूपलाई स्पष्ट पारेका छन् । यिनै तथ्यका आधारमा यसको मौलिक र स्वतन्त्र अस्तित्व छ भन्ने सकिन्छ ।
(पराजुली, २०७०:३९) तर लोककथा लोक सांस्कृतिक धरातलमा निर्मित हुने हुँदा लोकजीवनका आस्था, विश्वास व्यवहार र नवीन काल्पनिक संसारका अद्‌भूत विषयको चित्रण पनि यसमा पाइन्छ ।

माथिका परिभाषाहरूमा आधारमा लोककथा  भनेको मानव चेतना, जिज्ञासा तथा अनुभवहरूको त्यस्तो गद्‌यात्मक अभिव्यक्ति हो जसले लोकभावनाको प्रतिनिधित्व गरेको हुन्छ

जसमा मानवमा आदिम सङ्केतरूप हुन्छन् साथै यसले मानव भावनाको अतीत मात्र होयन वर्तमानको समेत प्रतिध्वनि गर्दछ ।

## २.२ लोककथाका विशेषताहरू

लोककथाका लोकसाहित्यको आख्यान प्रधान गद्य विधा हो आख्यानमूलक साहित्यमा हुने सबै विशेषताहरू लोककथामा पनि पाइन्छन् ।

१) चुडामणि बन्धुका विचारका लोककथाका विशेषताहरू निम्नानुसार छन् ।

१. सत्यका रूपमा भनिने मिथन कथा र किंवदन्ती जस्ता कथाहरू

२. मनोरञ्जनका रूपमा भनिने परिकथा, नीतिकथा र पशुकथा जस्ता कथाहरूलाई छुट्टयाउनु पर्छ किनभने तिनका विशेषता भिन्न छन् । भिन्नतामा श्रवण कथन, आरम्भ, अन्त्य, सामाजिक र मनोरञ्जन रहेका हुन्छन् भने समानताका मान्यता, परिस्थिति सहज, सरल, लौकिक, अलौकिक, रहस्य, रोमाञ्च कौतुहलको भरिका हुन्छन् । (बन्धु, २०५८: २८७)

२) धर्मराज थापा र हंसपुरे सुवेदीका विचारमा लोककथाका विशेषताहरू निम्नानुसार छन् ।

१. लोककथा लिखित मौखिक जे भए पनि परम्परा भएर आएका हुन्छन् ।

२. देश, काल र पात्ररूप प्रायः काल्पनिक आश्चर्य जनक हुन्छन् ।

३. यिनका अप्राकृतिक र अमानवीयतत्त्व समाविष्ट भएको पाइन्छ ।

४. सत्यता, स्वभाविकता, विश्वसनीयता नगण्य हुन्छ । (थापा र सुवेदी, २०४१: ३८)

३. मोतीलाला पराजुलीका विचारमा लोककथाको विशेषताहरू निम्नानुसार छन् ।

**क) श्रुतिपरम्परा**

लोककथा श्रुति स्मृति परम्परामा जीवित साहित्यक अभिव्यक्ति हो । एक जनाले भन्ने र अरुले सुन्ने परम्परा रहेको तथा अतीतदेखि भनिदै आएको हुनाले लोककथाको रचनाकार अज्ञात रहन्छ साथै यसको रचना समय पनि थाहा हुँदैन । लोककथामा अनुश्रुतिका रूपमा सुनिएका

विषयहरू मानिसले कल्पना जगतबाट निर्माण गरेका अतिरञ्जित विषयहरू तथा पुस्तौदेखि अनुभव गरिएका विषयहरूको आख्यानीकरण गरिएको हुन्छ ।

**ख) मङ्गलकामनाको भावना**

लोककथाका लोकसमाजलाई अमङ्गलबाट मङ्गलतिर अज्ञानताबाट ज्ञानतिर, वैराग्यबाट प्रेमतिर, छलकपटबाट सत्यतिर लाग्ने मार्ग निर्दिष्ट गरिएको हुन्छ । असत्यको बाटो लिने खलनायकलाई पनि सत्य र निष्ठातिर ल्याउने प्रयत्न गरिएको हुन्छ ।

**ग) धार्मिक, भौतिक र सामाजिक चेतनाको प्रबलता**

लोककथा लोकसमुदायको ज्ञान र चेतनाको संवाहक हो । धार्मिक विषयवस्तु भएका लोककथाहरूले समाजमा धार्मिक तथा आध्यात्मिक चेतना नीति कथाहरूको नैतिक चेतना र सामाजिक लोकथाहरूले सामाजिक शिक्षा दिएका हुन्छन् ।

**घ) रहस्य, रोमाञ्च तथा अलौकिकता**

लोककथा अतिरञ्चित तत्त्वयुक्त आख्यान विधा हो । कुनै साधारण, व्यक्ति, घटना र विचारले लोककथामा स्थान पाउदैन, लोककथा हुनको निम्ति अतिरञ्जिन तत्त्व आवश्यक हुन्छ । यही अतिरञ्जित तत्त्वभित्र रहस्य, रोमाञ्च र अलौकिक विषय प्रसङ्गहरूले भरिएका सामग्रीहरू रहेका हुन्छन् ।

**ङ) कुतूहल प्रधानता**

लोककथामा रहस्य र रोमाञ्चले घटना र चरित्रको प्रस्तुति रहन्छ । यी रहस्यहरूले श्रोताको मनमा उत्सुकता र जिज्ञासा पैदा गर्दछन् । त्यही जिज्ञासा वा उत्सुकता नै कुतूहलता हो । प्रत्येक लोककथाले श्रोतामा उत्सुकता जगाउँछ । त्यसपछि के भयो होला ? भन्ने आश्चर्यमय भाव जागृत गराउँदै मानव मनलाई भावी घटनातिर केन्द्रित गराउँछ ।

**च) मनोरञ्जनात्मकता तथा लोकप्रियता**

लोककथाहरू लोकजीवनका मनोरञ्जनका माध्यम हुन् । कामले थाकेका समयमा थकानबाट मुक्ति लिन, मन बहलाउदा, पीडालाई कम गर्न र मानसिक अवस्थालाई स्वच्छ राख्न लोक कथाको

प्रस्तुति गरिन्छ । विभिन्न विषयको रोचक र अतिशयोक्तिमूलक वर्णन र श्रवणद्वारा मानिसले आफ्ना जीवनका अभाव र समस्यालाई बिर्सेर आनन्द प्राप्त गर्दछ ।

**छ) कल्पनाको प्रबलता**

लोककथा कल्पनाप्रधान साहित्य हो । यसको आख्यान काल्पनिक र अतिशयोक्तिमूलक हुन्छ । संसारको कुनै पनि विषयलाई कल्पना र अतिशयोक्तिको आधार लिएर लोककथाको कथावस्तु र पात्रको सिर्जना गरिएको हुन्छ । यी सबै विषयहरू अतिरञ्जनामूलक हुन्छन् । त्यसैले लोककथा कुतुहल प्रधान तथा रहस्य रोमाञ्चले भरिएको हुन्छ ।

**ज) स्थानीयता**

लोककथाहरू सामान्यत दुई प्रकृतिका हुन्छन् परिभ्रमणशील कथा स्थानीय कथा । परिभ्रमणशील कथाहरू निश्चित ठाउँमा निर्मित हुन्छन् र प्रचार प्रसारका माध्यमबाट व्याप्त हुँदै विभिन्न समाजमा फैलन्छन विभिन्न भाषा, जाति र राष्ट्रमा फैलन्छन् । यस्ता कथाहरूमा कुनै ठाउँ र व्यक्ति किटान गरिएको हुँदैन ।

### झ) सरल, सहज र स्वताफूर्त भाषाको प्रयोग

लोककथा स्थानीय कथ्य भाषामा प्रस्तुत गरिन्छ । यो भाषा सरल र सहज हुन्छ । साधारण अपठित जनताले पनि यसको भाषा सहज किसिमबाट बुझ्न सक्दछन् । लोककथाको भाषा कृत्रिम र आलङ्कारिक हुँदैन, वक्ताले स्वतः फूर्त रूपमा भाषिक अभिव्यक्ति प्रकट गर्दछ ।

### ञ) लोकतत्त्वको प्रबलता

लोककथामा लोकतात्त्वि विषयको प्रबलता रहन्छ । अतिकल्पना वा स्वैरकल्पनाका माध्यमबाट अतिरञ्जित विषयलाई प्रस्तुत गर्नु धर्म अनुष्ठानप्रति विश्वास गरी आनुष्ठानीकतालाई कथाका माध्यमबाट प्रकट गर्नु, योग, जादु-टुनामुनाप्रति विश्वास गर्नु जीव देखि अलौकिक जीवसम्म तथा वृक्ष वनस्पति देखि पदार्थसम्म सबै प्राणी पदार्थमा आत्मतत्त्व, विवेक र मानवीय गुणहरू विद्यमान रहन्छन् भन्ने आत्मशीलतावादी भावनामा विश्वास गर्नु तथा लोकरीतिरिवाज र परम्पराप्रति विश्वास गर्नुलाई लोकतत्त्व भनिन्छ ।

## २.३ लोककथाको वर्गीकरण

लोककथाहरू कति प्रकारका हुन्छन् ? यिनलाई के कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ? यो निकै कठिन र सहजै उत्तर दिन नसकिने प्रश्न हो । लोककथाको सैद्धान्तिक अध्ययन प्रथम अध्येता ग्रिम बन्धु (१८२०) देखि हालसम्म यसको वर्गीकरणका विभिन्न प्रयासहरू भएका छन् ।

### आधुनिक वर्गीकरण

लोकसमाजमा प्रचलित मौखिक साहित्यलाई वैज्ञानिक ढङ्गले अध्ययन गर्न थालिएपछि लोकसाहित्यका विभिन्न विधाहरू निर्धारण गर्ने कार्य भयो । लोक साहित्यका प्रत्येक विधाको सिद्धान्त निर्माण गर्ने र विधाहरूभित्र रहेका सामग्रीहरूको वैज्ञानिक ढङ्गले वर्गीकरण गर्ने कार्यको पनि थालनी भयो ।

**क)	पाश्चात्य वर्गीकरण**

वैज्ञानिक ढङ्गले लोककथाको विभाजन गर्ने काम पाश्चात्य विद्वानहरूमा थालिएको हो ।

**१)	सार्लेट सोफिया वर्नको वर्गीकरण**

लोककथालाई वर्गीकरण गर्ने पाश्चात्य विदुषी सार्लेट सोफिया वर्न हुन् । उनले लोककथालाई परम्परात कथा भनी यसका विविध प्रकारह्रुको विभाजन गरेकी छन् । उनले सत्यका रूपमा भनिने कथा र मनोरञ्जनका निम्ति भनिने कथा गरी दुई भागमा विभाजन गरेको पाइन्छ ।

**ख)	भारतीय वर्गीकरण**

भारतीय धेरै विद्वायनहरूले लोककथाको वर्गीकरण गरेका छन् । ती मध्ये डा. सत्येन्द्र र डा. कृष्णदेव उपाध्यायको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिन्छ ।

**१)	सत्येन्द्रको वर्गीकरण**

लोककथाको वर्गीकरण गर्ने भारतीय विद्वानमा डा. सत्येन्द्रको अग्रणी स्थान देखापर्दछ उनका विचारमा लोककथाहरू आठ प्रकारका हुन्छन् १ गाथाहरू, २ पशुपक्षी सम्बन्धी अथा पञ्चतन्त्रीय कथा, ३ परिकथा, ४ विक्रमका कथा, ५ बुझौबलसम्बन्धी कथा, ६ निरिक्षण गर्भित कथा, ७ साधुसन्तका कथा ८ कारण निर्देशक कथा गरी विभाजन गरेको पाइन्छ । (सत्येन्द्र, १९७१: १६७)

**२)	कृष्णादेव उपाध्यायले वर्गीकरण**

कृष्णादेव उपाध्यायले भारतीय लोककथाको अध्ययन गरी त्यसलाई ६ भागमा वर्गीकरण गरेका छन् ।

१ उपदेश कथा, २ वत्रकथा, ३ प्रेम कथा, ४ मनोरञ्जन कथा, ५ सामाजिक कथा, ६ पौराणिक कथा ।

प्रस्तुत वर्गीकरण विषय केन्द्रित भएकाले धेरै भारतीय विद्वानहरूले यसैको अनुसरण गरेको पाइन्छ ।

## नेपाली लोककथाको वर्गीकरण

वैज्ञानिक ढङ्गले नेपाली लोककथाको अध्ययन/वर्गीकरण गर्ने कार्य निकै पछि मात्र थालिएको हो । तुलसी दिवस (२०३२) ले यस कार्यमा पहिलो पाइला चालेका हुन् । यस अध्ययनमा तुलसी दिवस, धर्मराज थापा, हंशपुरे सुवेदी, डा. चूडामणि बन्धु लगायत मोतीलाल पराजुलीको धारणालाई यहाँ क्रमशः प्रस्तुत गरिन्छ ।

### १) तुलसी दिवसको वर्गीकरण

तुलसी दिवसले नेपाली लोककथाहरूको विशद् अध्ययन गरी वर्गीकरण गरेका छन् । उनले लोककथालाई १० वर्ग र ९ उपवर्ग गरी १९ वर्गमा विभाजन गरेको देखिन्छ, त्यो वर्गीकरण निम्मानुसार छ ।

१) सांस्कृतिक ऐतिहासिक लोककथा

२) अर्ती-उपदेशका लोककथाहरू

३) पशुपक्षीका लोककथाहरू

४. मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

क) ठगी तथा चलाखीका लोककथाहरू

ख) मुर्ख्याइँका लोककथाहरू

ग) लोभी तथा कन्जुसका कथाहरू

घ) विश्वासघातका लोककथाहरू

५) अतिमानवीय रूपमा लोककथाहरू

क) भूत तथा राक्षसका लोककथाहरू

ख) बोक्सी तथा जादुका लोककथाहरू

ग) परी तथा अप्सराको लोककथाहरू

६)	दैवी लोककथाहरू

७)	फलफूलका लोककथाहरू

८)	साहस तथा बहादुरीका लोककथाहरू

९)	धार्मिक लोककथाहरू

क)	व्रतात्मक लोककथाहरू

ख)	पौराणिक लोककथाहरू

१०)	विविध लोककथाहरू (दिवस, २०३२: ३०)

नेपाली लोककथाको विस्तृत विवचेना तुलसी दिवसको नै भेटिन्छ ।

२)	धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरण

धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचना (२०४१) नामक पुस्तकमा नेपाली लोककथालाई ५ भागमा विभाजन गरेका छन् ।

१)	धार्मिक तथा सांस्कृतिक ऐतिहासिक लोककथा

२)	मानवी तथा अतिमानवी लोककथा

३)	पशुपंक्षीका लोककथा

४)	दैवी लोककथा

५)	विविध लोककथा - (थापा र सुवेदी २०४१: ३४७)

३.	चूडामणि बन्धुको वर्गीकरण

नेपाली लोककथाका प्रवृत्तिहरूको व्याख्या गर्ने क्रममा चूडामणि बन्धुले लोककथालाई प्रवृत्तिगत आधारमा वर्गीकरण गरेको पाइन्छ । चूडामणि बन्धुको वर्गीकरण क विषयगत वर्गीकरण र ख) उद्देश्य गत वर्गीकरण गरी दुई रूपमा गरेको पाइन्छ । (बन्धु २०५८: २९८)

क) विषयगत वर्गीकरण

नेपाली लोककथामा प्रयुक्त वर्ण्यविषयलाई आधार बनाएर लोककथाको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा लोककथाहरू निम्नानुसार वगीकिरण गरेको पाइन्छ ।

१) पौराणिक कथा

क) पराकथा ख) व्रतकथा ख) तन्त्रकथा

२. अनुश्रुतिमूलक

क) स्थान सम्बन्धी कथा ख) घटना सम्बन्धी कथा ग) चरित्र सम्बन्धी कथा

३. सामाजिक कथा

क) प्रेमकथा ख) वीरकथा ग) न्यायसम्बन्धी कथा
घ) नीतिकथा ङ) ठगीका कथा च) चलाखीका कथा
छ) मूर्ख्याइँका कथा ज) विश्वासघातका कथा
झ) लोभी तथा कन्जुसका कथा ञ) घरपरिवार सम्बन्धी कथा
ट) अर्ती-उपदेशसम्बन्धी कथा

४) अलौकिक तथा अतिरञ्जित कथा

क) पशुपक्षी तथा सरीसृपका कथा
ख) परी तथा अप्सराका कथा
ग) फलफूल तथा वृक्षवनस्पतिका कथा
घ) बोक्सी तथा जादुटुनामुनाका कथा
ङ) भूत तथा राक्षसका कथा

५) विविध

क) हास्य कथा ख) बालक कथा ग) विविध कथा

ख) उद्देश्यगत वर्गीकरण

लोककथा प्रस्तुत गर्ने उद्देश्यलाई आधार बनाउँदा मूलत : तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ । १) पौराीण्क (धार्मिक) लोककथा २) मनोरञ्जनमूलक लोककथा ३) शैक्षिक प्रयोजनका निम्ति निर्मित लोककथा (बन्धु, २०५८: ३००)

माथि गरिएको वर्गीकरण नेपाल र विश्वलोक कथाको अध्ययनमा आधारित छ । प्रस्तुत शोधकार्यमा प्रयोग गरिएका लोककथाहरू निम्नानुसारको वर्गमा वर्गीकृत छन् -

**१. सामाजिक एवम् नीति उपदेश लोककथाहरू**

'गरिब', 'जनैको साँचो', 'सुनकेसरा मैँयाको कथा', 'दाउरे बुढाबुढीको कथा', 'बलभन्दा बुद्धि ठूलो', 'बुद्धि परीक्षण', 'अल्छी', 'टोपी', 'छट्टु भान्जो', 'छोराबुहारी कथा', 'गँजडीको कथा', 'शक्ति जाँच',

**२. पौराणिक, ऐतिहासिक तथा अतिरञ्जिन लोककथाहरू**

'लमेनीको सराय', 'घर्तीपानी', 'बोक्सी', 'न्याउली चरी', 'भावीको लेखा', 'बैगुनीलाई गुनले मार्नु', 'चरा र काग',

यसरी समग्रमा हेर्दा प्रस्तुत लोककथाको वर्गीकरण संक्षिप्त तथ्यपूर्ण र वैज्ञानिक रहेको छ । यस वर्गीकरणमा समग्र नेपाली लोककथालाई समेट्न सकिन्छ ।

## २.४ लोककथाका तत्त्वहरू

आधुनिक कथाको विकास लोककथाबाट नै भएको कुरा मानवीय सभ्यताको विकासक्रम र विभिन्न साहित्यको विकासक्रमबाट प्रष्ट हुन्छ । चूडामणि बन्धुका अनुसार लोककथाका तत्त्वहरू निम्नानुसार छन् :

## १. कथानक (कथावस्तु)

कथावस्तु लोककथाको महत्त्वपूर्ण अङ्ग एवम् तत्त्व हो । यो आख्यानात्मक विधा भएकाले कथावस्तु विना पूर्ण स्वरूप सिर्जना हुन सकदैन । सिङ्गो प्रकृति जगगतका वस्तुहरू पनि यसका विषयवस्तु हुन सक्छन् ।

## २. पात्र/चरित्रचित्रण

पात्र भनेको कथालाई रोचक र मूर्तरूप दिने तत्त्व हो । साहित्यिक कथा र लोककथा दुवैको लागि अनिवार्यता रहन्छ र अनिवार्य तत्त्व पनि हुन् । तर यी आफ्नै क्षेत्र र सीमाभित्र रमाएका हुन्छन् । लोककथाका पात्रहरू मानव, मानवेत्तर र निर्जिव वस्तुहरू हुन सक्छन् ।

## ३. संवाद

यसमा संवादको रूप कम मात्रामा देखिन्छ । सर्वशक्तिमानको रूपमा कथाकार रहने हुनाले र त्यो सम्पूर्ण अभिव्यक्ति कथयिताबाट हुने भएकोले संवादात्मक शैली थोरै रूपमा मात्र देखापर्छ ।

## ४. वातावरण

लोककथामा ग्रामीण, प्रदेशीय र अन्य विविध वातावरणीय अवस्थाहरूलाई लिएर वर्णन गरिएको हुन्छ । जुन ठाउँको जस्तो वातावरण रहेको छ सोही अवस्थालाई कथाकारले लिएर यथार्थ रूपमा कथाका तत्त्वहरूलाई समायोजन गर्दै लएको हुन्छ ।

## ५. शैली/भाषा

लोककथाका विभिन्न तत्त्वरूप श्रृङ्खलाहरू मध्येको शैली पनि एक महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । यो प्रायः एक अल्पशिक्षित व्यक्तिको मुखबाट अर्को अशिक्षित व्यक्ति, केटाकेटी र समाजप्रति सुन्ने र सुनाउने काम अझै पनि ताजा छदैछ । यसमा भाषा सरल, सहज र सुबोध रहेको हुन्छ ।

## ६. उद्‌देश्य

यसको मूल उद्देश्य भनेको मनोरञ्जन, धार्मिक, नैतिक र शिक्षा एवम् उपदेश दिनु रहेको हुन्छ। यिनै विभिन्न तत्त्वहरूको संयोजनबाट नै कथाको निर्माण हुन्छ। (बन्धु, २०५८ः २८७)

**मोतीलाल पराजुलीका अनुसार लोककथाका तत्त्वहरू निम्नानुसार रहेका छन्।**

### १) कथानक

लोककथाको विषयवस्तु, पुराण, लोकपुराण इतिहास समाज र काल्पनिक विषयस्रोतबाट लिइएको हुन्छ। यी जुनसुकै स्रोतबाट विषयवसतु लिइए पनि विषयलाई अतिरञ्जित, कुतूहलपूर्ण र रोचक ढङ्गले प्रस्तुत गरिन्छ। त्यसैबाट लोककथा आकर्षक, मनोरञ्जक र रोचक बन्न पुग्दछ।

प्रत्येक लोककथामा एउटा कथानक रहन्छ । कथानक भनेको घटनाहरूको श्रृङ्खला हो लोककथामा असाधारण एवम् अद्‌भूत घटनाहरूको श्रृङ्खला रहन्छ । यी घटनाश्रृङ्खलाहरूको कार्यकारण सम्बन्ध स्थापित रहन्छ र एउटा पूर्ण आख्यान बन्दछ। कथानक सामान्य कार्यव्यापारबाट प्रारम्भ हुन्छ र विकसित हुँदै अद्‌भूत र आश्चर्यजनक मोड उपमोडहरू पार गर्दै कथान्त हुन्छ । 'एकादेशमा ........' बाट आख्यानको प्रारम्भ भई 'भन्नेलाई .......' जस्ता लोकशैलीमा यसको अन्त्य हुन्छ। लोककथाहरू संयोगान्त र वियोगान्त दुवै प्रकारका हुन्छन्।

### ३) पात्र(चरित्र)

लोककथामा कथावस्तुमा रहेका घटना र विचारहरूलाई संवहन गर्नसक्ने पात्रहरूको व्यवस्था, गरिएको हुन्छ।

लोककथामा प्रयोग हुने सबै पात्रहरूलाई योगी वा वर्गका आधारमा निम्नानुसार विभाजन गर्न सकिन्छ।

### १) मानव पात्र

लोककथाका मानिसलाई पात्र बनाइएको हुन्छ । कुनै कथामा मानिस सामान्यतः चार किसिमको शक्ति भएका सहयोगी एवम् गौण पात्र बन्दछन् । सामान्तयः चार किसिमको शक्ति

भएका मानिसहरू लोककथामा पात्रका रूपमा प्रयोग भएको पाइन्छ । दिव्य शक्तियुक्त मानव, असाधारण शक्ति युक्त मानव, सामान्य शक्तियुक्त मानव र अर्द्धशक्तियुक्त मानव ।

### २) दैवी पात्र

लोककथामा प्रयोग हुने मानवेतर सजीव पात्रमा दैवी पात्रहरू पनि पर्दछन् । दैवी पात्रहरूमा दिव्यशक्ति हुने हुनाले मानिस र अन्य प्राणीहरूका अनुपातमा यिनहिरू बढी शक्तिशाली हुन्छन् ।

### ३) पशुपक्षी, सरीसृप तथा कीटपतङ्ग पात्रहरू

लोककथामा पशुपक्षी, सरीसृप तथा कीटपतङ्गहरू पनि पात्रका रूपमा प्रयोग गरिएको पाइन्छ । कुकुर भैसी, बाघ, स्याल, आदि घरपालुवा तथा जङ्गली जनावरहरू पशुवर्गमा पर्दछन् ।

### ४) निर्जिव पात्रहरू

लोककथामा वृक्षवनस्पत्ति तथा पदार्थलाई पनि पात्रका रूपमा प्रयोग गरिएको पाइनछ । यी पदार्थहरू पनि पुराकथात्मक (धार्मिक) महत्त्वका भएमा तिनलाई धार्मिक आस्थाले हेर्ने गरिन्छ जस्तै-वर, पीपल, समी आँप, पारिजात आदि ।

नेपाली लोककथामा बुद्धिमान र मूर्ख मानिसहरू पनि पात्रका रूपमा प्रयोग भएको हुन्छन् ।

### ५) परिवेश

लोककथामा घटनाहरू घट्न स्थान, समय र वातावरणको समुचित व्यवस्था गरिएको हुन्छ, यसलाई परिवेश भनिन्छ । लोककथामा लौकिक र अलौकिक परिवेशको चित्रण पाइन्छ । पृथ्वीभित्रको वातावरणमा घटित हुने घटनाहरू लौकिक परिवेशमा पृथ्वीभन्दा बाहिर पृथक लोकहरूमा घटित हुने घटनाहरू अलौकिक परिवेशमा घटछन् । नेपाली लोककथामा स्वर्गलोक आदि विभिन्न लोकहरूको चित्रण गरिएको छ र त्यहाा रहेका जीवहरूमा पाइने असाधारण एवम् अलौकिक शक्तिका बारेमा पनि वर्णन गरिएको छ । लौकिक परिवेशमा राजदरबार गाउँसमाज, वनजङ्गल, ओडार/गुफा, समुन्द्र, खोलानाला तथा ऋषि आश्रमहरूको चित्रण गरिएको पाइन्छ ।

६) **कथोपकथन**

दुई पात्रहरूका बीचमा भएको कुराकानीलाई कथोपकथन भनिन्छ । कथोपकथनबाट दुईपात्रहरूका मानसिक भावहरू आदान प्रदान हुने विचारहरूको विनिमय हुने, कथामा रहेका रहस्यहरू प्रकट हुने, कुनै ग्हय कुराको जानकारी हुने हुनाले लोककथामा यसको विशिष्ट भूमिका रहन्छ । लोककथामा समाख्याताले आख्यानको वर्णन गर्ने हुदा नाटकीय रचना कथोपकथनको प्रयोग हुँदैन तर पशुपंक्षीहरू, सरीसृपहरू, वृक्षवनस्पति र प्राकृतिक पदार्थहरू कुरा गर्छन, कथन-उपकथन गर्छन, रहस्यमय कुराहरू प्रकट गर्छन र प्रकृतिमा रहेको रहस्यमय र अलौकिक वस्तुहरूका बारेमा जानकारी दिन्छन् । प्रकृतिका रहेका यस्ता यावत् वस्तुहरूमा भाषिक शिप र अभिव्यक्ति क्षमता रहन्छ भन्ने मान्यता रहेकाले नै सबै वस्तुहरूका बीचमा कथोपकथन हुन्छ र यसका माध्यमबाट नायक नायिकाले आफ्नो कार्य सिद्धि गर्दछन् ।

६) **द्वन्द्व**

कुनै दुई भिन्न चरित्रहरूका बीचमा भएको वैचारिक सङ्घर्ष वा दुई विपरित चरित्रहरूका बीचमा भएको शक्ति सङ्घर्षलाई द्वन्द्व भनिन्छ सङ्घर्षलाई बाह्‍य द्वन्द्व भन्ने गरिन्छ । बाह्‍य द्वन्द्व भौतिक (शारीरिक) द्वन्द्व पनि हो । लोककथामा नायक र खलनायकमा रहेका विपरित चिन्तन र शाक्तिका बीचमा सङ्घर्ष भएका धेरै घटनाहरू चित्रण गरिएका छन् । राजकुमार र राक्षसका बीचमा भएका द्वन्द्व, नायक र खलनायकका बीचमा भएका द्वन्द्व देवता र राक्षसहरूका बीचमा भएका द्वन्द्व, लामा र बोक्सीका बीचमा भएका द्वन्द्व, हिसके जनावर र बुद्धिमान जनावरका बीचमा भएका द्वन्द्वहरू लोककथामा आकर्षणका विषय बनेका छन् ।

८) **उद्‌देश्य**

लोकसाहित्यका प्रत्येक विधाहरू कुनै लक्षित उद्‌देश्य पूरा गर्न क्रममा नै सिर्जिन्छन् । लोककथाको सिर्जना पनि कुनै उद्‌देश्य पूरा गर्ने हेतुले नै गरिएको हुन्छ । नेपाली लोककथाको अध्ययन गर्दा निम्नलिखित उद्‌देश्यबाट लोककथाको सिर्जना भएको पाइन्छ ।

**क) धर्मको व्याख्या, प्रचार र धार्मिक रहस्यको प्रस्तुति**

श्रदा र आस्थाले भरिएका धार्मिक लोककथाहरूको मूल उद्देश्य आफ्नो धर्मको संरक्षण गर्नु, धार्मिक भावनाको जागरण गराउनु, नैतिक शिक्षा दिनु पृथ्वी र जीवको उत्पत्ति र विकासको व्याख्या गर्नु र धार्मिक रहस्य दिनु आदि रहेको हुन्छ ।

**ख) दुःख निवारण**

मानवजीवनमा घटित हुने आध्यात्मिक, आधी दैविक र आधीभौतिक दुःख मध्ये आधीदैविक दुःखको निवारण गर्न पनि लोककथाको प्रयोग भएको पाइन्छ ।

**ग) नीतिशिक्षा र उपदेश**

धर्म, आचार, व्यवहार र राजनीति आदि विषयको बारेमा देश, काल र पात्रलाई ख्याल गरी पस्थिति अनुसार गर्न हुने र गर्न नहुने कुराप्रति सचेत गराउन सन्देश दिने उपदेश युक्त कथाहरू नीतिकथा हुन् ।

**घ) शिक्षा**

बालबालिका, युवा, पौढ व्यक्तिहरूलाई हरेक विषयको शिक्षा दिन लोककथाहरू हरेक विषयको शिक्षा दिन लोककथाहरू प्रयोगका ल्याइन्छन् ।

**ङ) मनोरञ्जन**

लोककथाहरू मूलतः मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् लौकिक तथा अलौकिक संसारका अद्भूत एवम् पराक्रमी पात्रहरूका कार्य र पराक्रमको वर्णनबाट मानिसले आनन्द अनुभूत गर्दछ ।

**९) शैली**

कथामा प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । लोककथा सामान्यतः वर्णनातमक शैलमिा नै प्रस्तुत गरिन्छ । आख्याताले तृतीयपुरुष शैलीमा भूतकालीन क्रियापदको प्रयोग गरी कथा प्रस्तुत गर्दछ । धार्मिक लोककथाहरू तथा कारण निर्देशन कथाहरूमा व्याख्यात्मक/विश्लेषणात्मक शैलीको प्रयोग पाइन्छ । 'यस्तो किन भयो ? प्रश्नको उत्तरमा 'यस कारणले यस्तो भयो' भन्ने पुष्टि गर्दा व्याख्यात्मक र तार्किक शैलीको पनि प्रभाव रहन्छ । केही लोककथाहरूमा अर्को लोककथा घुसेको

हुन्छ र दुईवटा कथाहरू एकैचोटि प्रस्तुत गरिन्छन् । कथाको यस्तो ढाँचालाई गर्भकथात्मक शैली भनिन्छ । लामालामा लोककथाहरूमा प्रायः यस्तै गर्भकथाको श्रृङ्खला जोडिएको हुन्छ । लोककथालाई रोचक, आकर्षण र शिल्पप्रधान बताउन शैलीको विशेष भूमिका रहन्छ ।

**१०) भाषा**

लोककथा भाषिक माध्यमबाट व्यक्त गरिने हुनाले यसमा भाषाको उपयोग हुन्छ । लोककथामा प्रयोग हुने भाषा बोलीचालीमा प्रयोग हुने मौखिक कथ्य भाषा नै हो । लोकसमाजमा प्रयोग हुने स्थानीय भाषा भाषिकामा लोककथाहरू प्रस्तुत गरिन्छन् । यस्तो भाषा सरल, सरस र लयालु हुन्छ । आलङ्कारिक र कठिन शब्दहरूको प्रयोग गरिदैन बरु स्थानीय प्रचलनमा रहेका प्राचीन र ठेट शब्दहरू प्रयोग गरिन्छ उखान तथा टुवकाहरूको प्रयोगले लोककथाको पहिचान गराउँछ । लोककथाहरू सामान्य : गद्यभाषामा प्रयोग गरिन्छन् तर वक्ताले साङ्गीतिक तवरले आफ्नै लयात्मक पाराले लोककथाहरू प्रस्तुत गर्दा आन्तरिक सङ्गीतको ध्वनि गञ्जेको आभास पाइन्छ । (पराजुली, २०७०: ५२)

माथि उल्लेख गरिएका तत्त्वहरू चूडामणि बन्धु र मोतीलाल पराजुलीका विचारमा आधारित । प्रस्तुत शोधकार्यमा प्रयोग गरिएका लोककथाका तत्त्वहरू निम्नानुसार रहेका छन् ।

१. परिचय
२. कथानक
३. पात्र/चरित्र
४. परिवेश
५. द्वन्द्व
६. कथोपकथन
७. उद्देश्य
८. भाषा
९. शैली
१०. निष्कर्ष

## २.५ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

सामान्यतः लोककथाको रचना र प्रचलन हरेक जातिको सभ्यताको विकाससँगै जोडिएको हुन्छ । नेपालीहरू आर्यसंस्कृतिका पक्षधर भएका हुनाले आर्य सभ्यता जत्तिकै पुरानो परम्परा नेपाली लोककथाको पनि रहेको छ ।

नेपाली लोककथामा प्रवृत्ति तथा कालक्रमिकतलाई अध्ययन गर्दा यसमा सामान्यत चार किसिमका श्रृङ्खलाहरू फेलापर्दछन् । (पराजुली, २०७०: ८४)

### क) पृष्ठभूमि (आरम्भदेखि १८३० सम्म)

लोकसाहित्यका धेरैजसो विधाहरूको उत्पत्ति र प्रचलन सम्बन्धित जाति र सभ्यताको विकाससँगै गाँसिएको हुन्छ । नेपाली लोककथाको परम्परालाई नियाल्दा पनि नेपालीहरूको जातीय विकास र सभ्यताको विकाससम्म पुग्नुपर्ने हुन्छ । लोककथाहरू मानव जातिको उत्पत्ति र भाषाको निर्माणसँगै निर्मित भएका हुन् । भाषाको लेख्यरूप प्रयोगमा नआउँदै लोककथाको मौखिक स्वस्थ विस्तारित भइसकेको हुन्छ । यसरी हेर्दा विकासको छैटौ शताब्दीतिर नेपाली भाषाको विकास भएको हो र एघारौं शताब्दीमा लेख्यरूप प्राप्त भएको भाषाशास्त्रीय आधार पाइन्छ ।

आर्यहरूको मूल ग्रन्थ वेद हो । वेदमा सूक्त वा ऋचाहरूका रूपमा आख्यानका सङ्केतहरू भेटिन्छन् । ब्राह्मण ग्रन्थ, उपनिषद तथा पुराणहरूमा वैदिक आख्यान तथा लोकाख्यानका प्रचुर सामग्रीहरू पाइन्छन नेपालीहरूको सांस्कृतिका मूलअङ्ग बनेका यी वाङ्मयबाट प्रत्यक्ष रूपमा प्रशस्त लोकाख्यानहरू निर्मित छन् । शिव, विष्णु, यमराज, नारद, श्रीकृष्ण आदिका पौराणिक कथा र उनीरूपको अवतारकथाको भण्डार नेपाली लोकजीवनमा व्याप्त छन् ।

वेददखि पुराणसम्मका संस्कृति बाङ्मयको प्रभाव नेपाली लोककथामा परेजस्तै, लौकिक, प्राकृत र अर्द्धप्राकृत भाषामा वाङ्मयको पनि नेपाली लोककथामा प्रशस्त परेको छ । रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेश शुकसत्तति आदि लौकिक संस्कृतिको आख्यानहरू प्रत्यक्ष रूपमा नेपाली लोककथाका आधार बनेका छन् । वौदिक साहित्य देखि नेपाली साहित्यको विकास हुनुपूर्वको यो अवधि नेपाली लोककथाको निर्माण र प्रयोगको महत्त्वपूर्ण समय हो ।

ख) अनुदित लोकाख्यान परम्परा (१८३१-१९९५) सम्म

नेपाली लोककथाको ऐतिहासिक सर्वक्षण गर्दा नेपाली भाषामा मौलिक लोककथाहरूको संकलन कार्य हुनुभन्दा पूर्व विभिन्न भाषामा प्रचलित नीति कथा तथा रोमाञ्चक गद्याख्यानाहरू नेपाली भाषामा अनुवाद भएका थिए । संस्कृतका विद्वानहरूले संस्कृति भाषामा प्रचलित नीतिमूलक तथा वर्तकथाहरूलाई नेपाली भाषामा अनुवादन गरेका थिए भने भारतमा पढ्न बसेका नेपाली युवाहरूले फारसी, उर्दू, हिन्दी आदि भाषामा प्रचलित रोमाञ्चक गद्याख्यान प्रभावित भई त्यस भाषमा लोकप्रिय रहेका लोकाख्यानहरूलाई नेपाली भाषामा अनुवाद गरेका थिए । नेपाली भाषामा प्रकाशित भएपछि साक्षर नेपालीहरूको दृष्टि यतातर्फ आकर्षित भऱ्यो । यिनै कृतिहरू नेपाली लोकजीवनका मनोरञ्जन र शिक्षाका आधार भए ।

नेपाली लोककथाको विकासमा यस्ता लोककथाहरूलको अनुवाद र प्रकाशनको अवस्था निम्नानुसार भेटिन्छ ।

**क) संस्कृति स्रोतबाट अनुवाद गरिएका लोककथाहरू**

नेपालीहरू आर्यसंस्कृतिका अनुयायी हुन् । आर्य संस्कृतिको धार्मिक, दार्शनिक र नीतिगत स्रोत संस्कृत साहित्य हो । पुराणकथा, तन्त्रकथा, नीतिकथा तथा दृष्टान्त कथाहरूको मूल स्रोत संस्कृत वाङ्मय हो ।

**ख) हिन्दी, उर्दू र फारसी आदि भाषाबाट अनुवाद गरिएको लोककथाहरू**

हिन्दी, उर्दू र फारसी भाषामा लोकप्रिय रहेका लोकाख्यानहरूको बनारसमा पढ्न बसेका विद्यार्थीहरू प्रकाशनहरू र विद्वानहरूलाई आकर्षित गरे यस्ता लोकाख्यानहरूमा सुवर्णकेशरी रानीको कथा, चार दरवेश, सिराजेडको कथा, हातीमताइको कथा पर्दछन् ।

**३) नेपाली लोककथाको सङ्कलन परम्परा (१९९६ आज सम्म)**

नेपाली साहित्यको गद्य विद्यामा आधुनिकताको प्रवेश सँग नेपाली लोककथाको सङ्कलन परम्परा प्रारम्भ हुन्छ । माध्यमिक कालीन लोकाख्यानमा प्रवृत्ति र विशेषताहरूलाई शुद्ध एवम् स्तरीय नपाली भाषामा लोकजीवनका प्रचलित मौखिक लोककथाहरूलाई सङ्कलन गर्ने र प्रकाशन गर्ने कार्यको थालनी यसै समयमा हुन्छ । बोघविक्रम अधिकारीको 'नेपाली दन्त्यककथा' (१९९६) पहिलो कृति हो । हुन त यस कथासङ्ग्रहमा परेका केही लोककथाहरू संस्कृतबाट सोझै राखिएका छन् तापनि धेरै लोककथाहरू नेपाली जनजीवनमा भिजेका, शुद्ध नेपाली भाषामा प्रस्तुत गरिएको तथा नेपाली वातावरण र लोककथा कथनात्मक शैलीमा प्रस्तुत गरिएका छन् । यस समयमा सङ्कलन तथा कृतिहरूको रुची यसप्रकार भेटिन्छ । नेपाली दन्त्यकथा

| सङ्कलन | कृतिको नाम | प्रकाशन मिति |
|---|---|---|
| बोधविक्रम अधिकारी | नेपाली दन्त्यकथा | १९९६ |
| ललितजङ सिजापति | दन्त्य कथामाला | २००३ |
| सुवर्ण शमशेर | दन्त्य कथा | २००५ |
| ललितजङ् सिजापति | नेपाली ऐतिहासिक कथासङ्ग्रह | २००८ |
| सुवर्ण शमशेर | दन्त्यकथा | २००५ |
| काजीमान कन्दङ्वा | आठ कथा | २०१० |
| जजुराम कुशले | सुनौला कथा | २०१६ |
| इमानसिंह चेमजोम | किराती दन्त्यकथा | २०२१ |
| करुणाकर वैद्य | नेपाली दन्त्यकथा सङ्ग्रह | २०२२ |
| पासाङ् गोपर्मा | बुहारी | २०२४ |

(पराजुली, २००७: ९२)

**४) नेपाली लोककथाको अध्ययन विश्लेषण र अनुसन्धान २०२५ देखि आजसम**

लोककथाका तत्त्वहरूलाई केलाएर कथात्मक मूल्य औल्याई सैद्धान्तिक रूपमा नेपाली लोककथाको अध्ययन विश्लेषण गर्ने कार्य भर्खरमात्र प्रारम्भ भएको छ । वासुदेव त्रिपाठीको 'लोककथाका मूल्यलाई औल्याउन खोज्दा' शीर्षकको लेख (हाम्रो संस्कृति २०२५) लोककथालाई

साहित्यिक कसीका विवेचना गर्ने पहिलो प्रयास हो । यहीबाट नेपाली लोककथाको सैद्धान्तिक अध्ययन विश्लेषण प्रारम्भ हुन्छ । यसपछिका रचनाहरूका लोककथाको परिभाषा, वर्गीकरण र विभिन्न कोणबाट लोककथाको विश्लेषण गरिएको पाइन्छ ।

यस समयका कृतिहरूमा

१. वासुदेव त्रिपाठी, 'लोककथामा मूल्यलाई औल्याउन खोज्दा' (लेख) - हाम्रो संस्कृति-२०२५ ।
२. भैरव अर्याल, 'लोककथा : एककथन; (लेख) - हाम्रो संस्कृति - २०२८ ।
३. तुलसी दिवस - 'नेपाली लोककथा' - नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान - २०३२ ।
४. वासुदेव त्रिपाठी 'आदिम मनोबिम्बतिर' (लेख) लोकसंस्कृति सङ्गोष्ठी - २०३२ ।
५. तुलसी दिवस - 'नेपाली लोककथा' केही अध्ययन - नेपाली राजकीय प्रज्ञाप्रतिष्ठान
६. कर्ण शाक्य र लिण्डा ग्रिपथ, 'टेल्स आफ काठमाडौं - काठमाडौं - ई १९८० ।
७. राजेन्द्र सुवेदी र धरणी गौतम, मेची अञ्चलका लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेृषण, इलाम : अनुसन्धान - अप्रकाशित २०३८ ।
८. धर्मराज थापा र हंपुरे सुवेदी - 'नेपाली लोकसाहित्यको विवेचना' (लेख) - अन्नपूर्णा-२०४६ ।
९. रमेश विकल, 'नेपाली लोककथामा बाल नारी पात्र (लेख) - प्रलेस - २०४७ ।
१०. शरचन्द्र शर्मा, 'माध्यमिक नेपाली गद्याख्यान' - नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान - २०५० ।
११. मोतीलाल पराजुली, 'नेपाली लोककथाा अभिप्रायहरूको अध्ययन (त्रि.वि. विद्यावारिधि शोध प्रबन्ध) - अप्रकाशित २०५४ । (पराजुली २०७०: ९५)
१२. दिवाकर जैसी, 'मोदिविनी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण' (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा २०५५ ।
१३. चूडामणि बन्धु, 'नेपाली लोकसाहित्य' - एकता प्रकाशन - २०५८ ।
१४. दधिराम पन्थी, 'गुल्मेली नेपाली लोककथाको अध्ययन' स्नातकोत्तर शोधपत्र ( अप्रकाशित) २०६० ।
१५. अनितादेवी भट्टराई, 'पाँचथर जिल्लामा प्रचलित लोककथारूपको सङ्कलन, वर्गीकरण र विश्लेषण, स्नातकोत्तर शोधपत्र (अप्रकाशित) २०६१ ।

१६. कमलप्रसाद देवकोटा, 'रुकुम जिल्लामा प्रचलित खसाली लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण', स्नातकोत्तर शोधपत्र (अप्रकाशित) २०६३) ।

१७. मोतीलाल पराजुली, 'संरचनावदाी पद्धतिका आधारमा नेपाली लोककथाको विश्लेषण' (लेख) लोकसंस्कृति, २०६४ ।

१८. शशीकला प्रसाई, 'कथातत्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथारूपको अध्ययन, स्नातकोत्तर शोधपत्र (अप्रकाशित) २०६५) ।

१९. मोतीलाल पराजुली, 'कथनको जातितत्त्व पद्धतिका आधारमा मैते लामा र कुन्टा बोक्सी लोककथाको विश्लेषण' (लेख) लोकसंस्कृति, २०६६) ।

यसरी नेपाली लोककथाको विकास क्रममा विभिन्न भाषा, धर्म संस्कृति र परम्परा एवम् विभिन्न जातीय अनुरूपका कथा लोकजगतमा हस्तान्तरित हुँदै सुनाउने र सुन्ने क्रममा छन् । यिनै लोक परम्परागत रूपमा सञ्चालित हुँदै आएको मौखिक लोककथा रूपलाई ग्रहण गरी संकलन गर्न थालिएको १९९६ देखि नै हो ।

# तेस्रो परिच्छेद

# सामाजिक एवम् नीति उपदेश लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण

## ३.१ गरिब कथा

### ३.१.१ गरिब कथाको मूलपाठ

एकादेशमा एउटा गरिब रहिच । तो गरिबको आर्जनको बाटो केही रहिनच । तो गरिब छोराछोरी पाल्नका लागि एकादिन थैलो काँधमा राखेर बेसाहा खोज्न अर्के गाम्मा जान थाल्यो । त्यो गरिब जङ्गलको बाटो जाँदा जाँदै वनमा त ठूलो अजिङ्गरका फेला परेच । उँ अजिङ्गरका फेला पर्दा चारै दिशामा आगो लागेको रहिच । त्यो गरिब मलाई के आपत लागो भनेर चिच्याउन थालेच । त्यो अजिङ्गरले गरिबलाई 'ए मनुख्ये । मलाई यो खोला पार गरदे दुई मणि दिन्छु भनेच त्यो गरिबले मैले तँला कसरी यत्रो खोला पार गरदिन सक्चुर म ताँ सक्दिन म गरिब छोराछोरी पाल्न अर्को ठाउँमा जान लाछु भनेच । त्यो सुनेर अजिङ्गरले मला खोला पार गरेपार तला मसित दुइटा मणि छन् ती दिम्ला भनेच । गरिबले भनेच म तँला कसरी लैजाम्त तलाई बोकन्म भने लत्रन्छौ, काँधा हालन नि हुँदैन, काखा लिन नि मिल्दैन, म कसरी लैजाम ? म तेरो थैलामा पस्चु तैले बोकेर खोला तरा भन्यो ।

त्याट त्यो गरिबले थैलामा राखेर मुख बाँधेर त्याट थैलो बोकेर नाम्लो लाआर बोकेर खोला पार गराएच त्याट अजिङ्गर भएको थैलो फुकाएच मुख फुकाएसी "गुनले गुन खा तलाई म खान्छु" भनीकन त्यो अजिङ्गर गरिबको पछि लागेच ।

अब कसो गरु कसो गरु भएच त्यो गरिबले त्यहीबेला एउटो पीपलको बुटो देखेच । "म त्यो विष्णुलाई सोदछु त्याट खान परे खालास" भनेच प्याट पीपलको बोटलाई सोधेछ "ए विष्णु यो अजिङ्गरलाई खोला तारे त्याट अझै मलाइ खान्चु भन्च भनी पीपलका बुटालाई सोध्दा पीपलका बुटाले अँ खाए नि हन्च किनकी उसका जिजुबाजेले चौतारी चिने अ अहिले वरपीपल सारे, अहिले उसका छोरा नाती आर मेरा हाँगा काट्चन दुङ्गाले हान्चन म बसेको छहारीका ढुङ्गा फालिदिन्चन भनेर भनेच

पीपलका बुटाले त्यसो भनेसी त्यो गरिबले पर्खि पर्खि म आर्को ठाममा गअर सोदचु भनेच त्याट जाँदा जाँदा एक बुढी गाईलाई देखेच र भनेच ए ! गौमाता यो अजिङ्गरले मलाई खोला तारदे

भनेर भनो र अहिले मला नै खान्चु भन्च के गर्ने होला भनी सोधेच “हैन खाए नि हुन्च” भनिन् गौमाताले । किनभने हेर त्यो बथान मेरो हो । हँ अहिले मुलाई यस्तरी यी छोड्हियो मैले खान पाकी छैन, क्यै छैन्, खाए नि हुन्च भनिन् त्यो सुनेर अजिङ्गर झ्न पछि लायो । जाँदा जाँदै त्यो गरिबले एउटा सेल दुगदै आको देखो ए अजिङ्गरलाई त्यो सेललाई सोद्छु र खान परे नी खालास भनो, अनि सेल सित सोधे “ए स्याल ! अ गुनले गुन खा तलाई म खान्चु भनेर यो पछि लाको छ लौ यो के गर्नि हो त लो बताइदिनोस् भन्यो ।

त्याट हँ सलेले भन्यो तैले ल्याइनस्, तैले के गरेर ल्याइस् ? काँखा हालेनी यतै लत्रनि उतै लत्रनी बोके पनि यतै लत्रनी उतै लत्रनी हुन्च, तेले क्यारेर ल्याइस् ? मैले त पत्याएन भनो । भन्दाखेरि ल्याउन त लाको हो भनो अजिङ्गरले ।

“कसरी ल्यायो ? ल लौ ।” भन्यो, अनि थैलाभित्र पसो । म थैलाभित्र पसे प्याट तेले मुख बानो र लाएको हो भनी ल त त्यहाँ थैलामा कसरी पसिच बता भन्दा त्यो अजिङ्गरले बसेर देखाउँदा त्यही बेला थैलाको मुख बानेर राखो प्याट सेलले आँसी दिएर लौरो काटन लगाई लौरोले हानेर मारेच

त्यो अजिङ्गरसित भएका दुई मणि एक मणि गरिबले लियो र अर्को मणि सेलले लिएर आफ्ना आफ्ना बाटो लाग्ने भए ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा बैकुण्ठमा जाला भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.१.२ गरिब लोककथाको तत्त्वगत विश्लेषण

#### क) प्रस्तुत

लोककथा पाल्ला जिल्लाको छहरा गा.वि.स. वडा नं. ६ म्यालढापमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यस लोककथामा आएको समाज एक ग्रामीण समाज हो । यस कथालाई बल बहादुर खत्रीले वि.सं. २०७२ साल वैशाख ३ गते आफ्नै मुखारविन्दुबाट उच्चारण गरी मैले लिपिवद्ध गरेकी हुँ ।

## ख) कथानक

प्रस्तुत कथामा एउटा गरिब परिवार पाल्न नसकेपछि अर्को गाउँमा बेसाह खोज्न हिँड्छ जाँदाजाँदै बाटामा आगो लागेर अलपत्र परेको अजिङ्गरसँग भेट हुन्छ । अजिङ्गरले मलाई आगोबाट पारि तारिदेऊ तिमीलाई मणि दिउँला भनेर भन्छ, यस घटनाबाट कथाको प्रारम्भ भएको छ ।

अजिङ्गरले मलाई आगोबाट पारि तारिदेऊ म तिमीलाई दुई मणि दिउँला भनेर भन्छ "गरिबले कसरी लैजाऊँ" भन्दा "तिम्रो बोराभित्र पस्छु अनि लैजाऊ" भन्छ गरिबले अजिङ्गरले भने अनुसार आगो कटाइदिन्छ, त्यसपछि मणि दिनुका सट्टा गुणले गुनण खायो तँलाई म खान्छु भन्दै गरिबलाई नै खान खोज्छ । गरिबले अहिले मलाई नखा, खानै परे पनि म पीपलका बुटालाई सोधेर आउँछु भन्दै पीपलका बुटालाई, गाईलाई सोध्दा दुवैले खाए हुन्छ । मलाई यी मुनष्यका छोराछोरी आएर ढुङ्गाले हान्ने गर्छन् त्यसैले खाए पनि केही फरक पर्दैन भन्छ यो कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

गरिबले सुहयोग मागेर स्यालले आँसी दिएर लौरी काटेर अजिङ्गरलाई बोरामा पस्न लगाएर त्यही बेलामा बोराको मुख थुनदिएर लौरीले चुटीचुटी मारी दुई मणि स्याल र गरिबले एक/एक बाँडी आ-आफ्नो बाटो लागेको कुरा कथाको अन्त्य भागमा उल्लेख गरिएको छ । यसरी पो कथा आदि, मध्य र अन्त्यका श्रृङ्खलामा आबद्ध भएको देखिन्छ । यिनै घटनाहरूको श्रङ्खलाद्वारा प्रस्तुत कथा निर्माण भएको छ ।

## ग) पात्र/चरित्र

प्रस्तुत 'गरिब' कथाको प्रमुख पात्र गरिब हो । आफ्नो पारिवारिक जिम्मेवारी पूरा गर्न अर्को गाउँ हिँडेको यो पात्र परोपकारी छ । अनेकौं समस्यासँग नडराई अगाडि बढेको यो पात्र धैर्यशील एवम् अनुकूल पात्र हो । अन्य गौण पात्रहरूसँग अजिङ्गर, पीपल, गाई, स्याल आदि पर्दछन् । स्याल सहयोगी पात्र भएकाले सहायक मानवेत्तर पात्र हो । यो सहयोगी भावनाको कदर गर्ने बौद्धिक चतुर पात्र हो । विविध पात्र प्रयोगले कथा रोचक एवम् कौतुहलपूर्ण बनेको छ ।

## घ) परिवेश

प्रस्तुत कथामा आएका स्थानहरूमा घर, जङ्गल, चौतारो पर्दछन् । गरिबले घरमा परिवार पाल्न नसकेर अर्को गाउँमा जानेसम्मका घटना छन् । जङ्गलमा आगोको चपेटामा परेका

अजिङ्गरसँग भेट एवम् सहयोगका घटनाहरू छन् भने चौतारीमा पीपलसँगका कुराकानी छन् । वनजङ्गलमा गाई, स्याल र गरिबबीच घटेका घटनाहरू छन् । यी घटना दिउँसोको समयमा घटेका छन् । जङ्गल अनि चौतारीमा घटित घटनाले स्वच्छ प्राकृतिक वातावरणको चित्रण भएको छ । यसरी विविध स्थान, समय र वातावरणको चित्रणले कथा रोचक बनेको छ ।

### ङ) द्वन्द्व

प्रस्तुत 'गरिब' लोककथामा गरिब र अजिङ्गरका बीचमा द्वन्द्व परेको छ । गरिबीका कारण बेसाहा खोज्न हिँडेको गरिब र चारैतिर आगो लागेर छट्पटाइरहेको अजिङ्गर बीच भेट हुन्छ र अजिङ्गले गरिबलाई पुल तारिदिएमा म तिमीलाई दुई मणि दिन्छु भन्छ र गरिबले अजिङ्गरलाई पुल तारिदिन्छ तर पुल तरिसकेपछि "गुनले गुन खा तँलाई म खान्छु" भनी पछि लागेको छ । अन्त्यमा गरिबले स्यालको सहयोगमा अजिङ्गरलाई मार्न सफल भई दुई मणि एक एक गरी बाँडेको र गरिबको जित भएको छ ।

### च) कथोपकथन

प्रस्तुत 'गरिब' लोककथामा अजिङ्गरले गरिबलाई मलाई पुल तारिदेऊ भनेको छ तिमी यत्तै पनि लत्रने उत्तै पनि लत्रले म कसरी तारु भन्दा म तिम्रो थैलीमा पस्छु तिमीले मलाई बोकेर पुल तारिदिन भनेको छ । पुल तरिसके पछि अजिङ्गरले गुनले गुन खा मैले तँलाई खान्छु भनेकोबाट कथाले मुख्य रूप लिएको छ । त्यसपछि गरिबले अहिले नखा म पीपलका बुटालाई सोधेपछि खालास भनेको र पीपलले पनि खाए हुन्छ भनेको छ । अन्त्यमा स्यालको सहयोगबाट गरिबले समाधान पाएको छ । मानिस र पुशपंक्षी, वृक्षवनस्पति तथा सरीसृपहरूले मानवले जस्तै कुराकानी गर्छन् भन्ने आत्मशीलतावादी भावना यहाँ प्रस्तुत गरिएको छ ।

### छ) उद्‌देश्य

यस कथाको मुख्य उद्‌देश्य भनेको सहयोगी भावना हुनुपर्छ, कसैलाई दुःख पर्दा त्यसलाई सहयोग गर्नुपर्छ । सहयोग गरेकालाई सम्मान पनि गर्न जान्नुपर्छ भन्नु नै यस कथाको मुख्य उद्‌देश्य हो । अजिङ्गर खलपात्रका रूपमा देखा परेको र कुकर्मको फल भोग्न परेको यथार्थ प्रस्तुत गरेको छ ।

### ज) भाषा

प्रस्तुत लोककथाको भाषा सामान्य बोलचालको रहेको छ । मनुष्य, मणि, गौमाता जस्ता तत्सम शब्द प्रयोग भएका छन् । त्यस्तै वन आगो, मान्छे, छोरा, टाउको जस्ता तद्भव शब्द प्रयोग भएका छन् । “गुनले गुन खा म तँलाई खान्छु” जस्ता उखानले कथा रोचक बनेको छ । यस्ता विविध शब्द उखान र स्थानीय भाषाको प्रयोगले कथा कौतुहलमय बनेको छ ।

### झ) शैली

प्रस्तुत कथामा पात्रहरूको वर्णन कथावाचकका माध्यमबाट भएकाले वर्णनात्मक शैलीको प्रयोग भएको छ । पात्रका बीच संवाद पर्याप्त भएकाले संवादात्मक शैली पनि प्रयोग भएको छ । सबै पात्र तृतीय पुरुष शैलीमा रहेका छन् ।

### ञ) निष्कर्ष

प्रस्तुत लोककथाले आफूलाई समस्या पर्दा सहयोग माग्ने र पछि त्यसैलाई जालमा पार्ने काम गर्नुहुँदैन । आफ्नो समस्या समाधान गरिदिए पछि उसलाई पनि सम्मान गर्नुपर्छ । यस कथामा अजिङ्गरले गरिबलाई प्रलोभन देखाई पछि उसैलाई खान्छु भनी पछि लाग्दा अन्तिममा आफैले ज्यान गुमाएको छ । त्यसैले आफ्नो समस्या समाधान गरिदिनेलाई सम्मान पनि गर्न जान्नुपर्छ भन्नु यस कथाको निचोड रहेको छ ।

## ३.२ जनैको साँचो कथा

### ३.२.१ जनैको साँचो कथाको मूलपाठ

एकादेशमा एउटा बुढा रहिचन् । बुढाका दुईटा छोराहरू रहिचन । बुढाको दुलही मरेको धेरै वर्ष भइसकेको रहिच् । बुढीको मरणपछि बुढाको स्यार सम्भार गर्ने कोही भएनचन् । भएका छोराले पनि यो बुढो सँधै यस्तै गर्च भनी बुढाका कुरा सन्ने रहिन्चन् । बिचरो बुढासित धेरै धन सम्पत्ति रहिन्च त्यसैले बुढाका छोराहरूले हेला गरेका रहिचन् । आफ्नो दाईलाई छोराहरूले हेला गरेको देखेर भाइको मन दुखेछ । भाइले एउटा जुक्ति निकालेच हेर ! दाई तलाई यी छोराले धेरै दुःख दे तैले एउटा कुरा मान त्यो के कुरा भन्छस भनी चाइने जो तैले तेरा धोक्रा धोक्री लुगा फाटा हालेर

सन्दुषमा साँचो लगा साँचो तेरो जनैमा झुण्डा तेरा छोराले तलाई भोलिबाट तेरो चाकरी गर्न थाल्छन् ।

तेती सिकाएर भाई आफ्नो घर गएच त्याट ! ओ तेले मलाई साँच्यै राम्रो कुरा सिकाएको त जे पर्च पर्च तेले भनेझै गर्न परो । अब यी मेरा लुगा सुन्दषमा राख्छु र ठूलो ताल्चा लगाउँछु यी छोरालाई मेरो सुन चाँदी यो सन्दुषमा राखेको छु । तिमुरले नचलायो भनी लोभ देखाउचु त्याट यी छोराले पत्याउचन र मलाई स्याहार सम्मार गरचन दुइटा छोराहरूलाई मेरो भएको सुन चाँदी यही सन्दुषमा राखेको छु भनेच ।

त्याट भोलीबाट छोराहरूको मनमा लोभ जागेच । अब यी बाले यिनको सुसार नगरे यो सम्पत्ति दिननन् अब यिनको चाकरी गरेझै गर्न पऱ्यो त्याट यिनी मरेपछि यो सुन चाँदी हाम्रो हुन्च भनी बुढाको बडो स्यार सुसार गर्न लागेचन् । बुढो पनि खुब दङ्ग परेचन् हो । यस्तो आइडिया नलाको भए तिमुरले मेरो सुसार गरथ्यौ भनी मनमन बढो खुब खुसी भएच । बिचरा ती लोभीका भाडा छोराहरूलाई के थाहा बाबुले यस्तो जाली खेल खेलेको छ भनेर दुवै छोराहरूले बुढाको खुब सुसार गरेचन् । अझ बुढाले मेरो सुसार गरेनौ भने यो सन्दुषको साँचो भाइलाई दिन्छु भनी खुब थरकाउदो रच् । त्यस पछाडि छोराले झन् झन सुसार गरेचन् । सुसार गर्दा गर्दै एकदिन बुढो मरेच । बुढो मरेसी बुढाको काजक्रिया सकी अब सन्दुष खोली भएको सम्पत्ति सुनचाँदी दुवै भाईले बराबरी बाड्न पऱ्यो भनी सन्दुष खोल्न लागेचन् । त्याट सन्दुष खोलेचन् सन्दुष खोल्दा जम्मै थोत्रा थात्री लुगा मात्रै पाएछन् । लोभले बुढाको सुसार गरेका दुवै भाइ दङ्ग परेचन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जाला भन्ने बेला
खुरुक्क मुखमा आइजाला

### ३.२.२ जनैको साँचो लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत 'जनैको साँचो' लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । हाम्रो समाजमा छोराले बाबुलाई गर्ने व्यवहार र त्यसबाट

उत्पन्न समस्या र समाधानका लागि गरिएको प्रयास यस कथामा उल्लेख गरिएको छ । यस कथालाई तुलसा खत्रीले वि.सं. २०७२/६/१ गते छहरामा प्रस्तुत गर्नु भएको हो ।

**ख) कथानक**

प्रस्तुत 'जनैको साँचो' लोककथामा एउटा बुढाको बुढी मरिसकेपछि बुढाको स्यार सुसारमा कमी आएको र छोराहरूले बाबुको पैतृक सम्पत्ति नभएकाले हेर विचार नगरेको समस्या सँगै यस कथाको प्रारम्भ भएको छ ।

दाजुको यस्तो अवस्था देखेपछि बुढाको भाइले टुलुटुलु हेरेर बस्न नसकेको र दाजुलाई एक अर्ती उपदेश सिकाएका छन् । दाजुलाई तपाईका थोत्रा थात्री कपडा सन्दषमा राखेर साँचो लगाई साँचो जनैमा भ्fुण्डाउनुहोस् र त्यो देखेपछि त्यही सम्पत्तिको लोभले तपाईका छोराहरूले तपाईको हेरविचारमा ध्यान पुऱ्याउँछन् भनी भाइले अर्ती लगाइदिएछन् । फलस्वरूप बुढाले पनि सन्दुषमा साचो लगाएर साँचो जनैमा भ्fुण्डाएछन् । नभन्दै भोलि देखि बुढाको खुब स्यार गरेको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

उमेर पनि ढल्किदै गएको र रोगले पनि समातेको हुनाले बुढाको एकदिन मृत्यु हुन्छ । मृत्यु भएको १३ दिनको कार्यक्रम सकेर सन्दुष खोली सम्पत्ति हेरेका छोराहरूले सबै पुराना कपडा देखेर छक्क परेको कुरा कथाको अन्य भागमा उल्लेख गरिएको छ ।

## ग) पात्र/चरित्र

यस लोककथाको प्रमुख पात्र बुढा पुरुष पात्र हुन् । आफ्नो स्यारसुसारमा कमी आएपछि भाइले लगाएको तरिका अपनाउँदा उनको जीवन सहज बनेको छ छलकपट नजानेको सोझो पात्र हो । बुढाको भाइ यस ककथाको सहायक पात्र हो दाजुको हेरविचारमा कमी आएको देख्न नसक्ने एक चलाख र मायालु पुरुष पात्र हो । अन्य सहायक पात्रमा छोरा रहेका छन् सम्पत्तिको लोभले बाउको हेरविचार गरेका कर्तव्य बोध नभएका स्वार्थी पात्र हुन् ।

## घ) परिवेश

प्रस्तुत लोककथाको मुख्य स्थान ग्रामीण समाज हो । यस कथामा गाउँको एक घरमा बुढाको हेरविचारमा कमी आएको र त्यस समस्यालाई बुढाका भाइले समाधान गराएका छन् । यसमा एक घरको पारिवारिक कुरालाई उठाइएको छ । बाबु उमेरले काम गर्न नसक्ने अवस्थामा पुगेको र घरमा भएका छोराहरूले बाउलाई वास्था नगर्दा आएको समस्यालाई कथाको मुख्य विषयवस्तु बनाएको छ । पछि धन सम्पत्तिको लोभ देखाइ यस समस्यालाई समाधान गरिएको छ ।

## ङ) द्वन्द्व

प्रस्तुत लोककथामा बुढाको प्रशस्त धन सम्पत्ति नभएको र छोराहरूले पनि सम्पत्ति नदेखेपछि हेरविचार नगरेको कुरा प्रष्ट पारिएको छ । अर्का बुढाको भाइले यो द्वन्द्वलाई निभाउने काम गरेका छन् । सन्दुषमा साँचो लगाउनाले सम्पत्तिको लोभ देखाएर बुढाको हेर विचार गर्न छोराहरूलाई तम्तयार गराएर बुढाको हेरविचारमा सहयोग पुऱ्याई बुढाको जित गराएका छन् ।

## च) कथोपकथन

यस लोककथामा बुढाको बुढी मरेपछि बुढाको हेरविचारमा छोराहरूले विचार नपुऱ्याएसँगै कथाले मुख्य रूप लिएको छ ।

बुढाको भाइले “हेर दाइ तपाँईले तपाईको फाटेको लुगा भएपनि सन्दुषमा राखेर साँचो जनैमा झुण्डाउनुस तपाईको हेरविचार गर्छन” भनेछ । बुढाले पनि त्यसै गरेर उसको हेरविचारमा छोराहरूले ध्यान पुऱ्याएका रहिछन् । छोराहरूले पनि हामीहरूले बुवाको हेरविचार नगरे यो सम्पत्ति

अर्केले खान्छ भनी स्यार गरेका छोराहरू बुढाको मृत्यु पछि हात्ती आयो हात्ती आयो फुस्सा जस्तै भएका छन् ।

**छ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य उपदेश दिनु रहेको छ । सम्पत्तिको लोभमा कुनै पनि कार्य गर्नुहुँदैन । आफ्नो कर्तव्यको आफुले बोध गर्न सक्नुपर्छ । सम्पत्ति मात्रै जीवनमा सर्वगुण होइन आफ्नो बाबु आमालाई सम्मान जनक व्यवहार गर्न जान्नुपर्छ ।

**ज) भाषा**

यस लोककथामा स्थानीय लोकशब्दहरूको प्रयोग भएको पाइन्छ । बुढा, दुई, भोली चाकरी जस्त तदुभव शब्दको प्रयोग भएको पाइन्छ । दुःख, सुन, चाँदी जस्ता आगन्तुक शब्द र "थोत्रा थात्री कपडा हालेर सन्दुषमा साँचो लगा तेरा छोराले तला सेवा गर्चछन्" जस्ता अर्ती उपदेशका भाषाले कथा रोचक एवम् कौतुहलपूर्ण बनेको छ । यस्ता विविध भाषाको संयोजनले कथाले पूर्णता पाएको छ ।

**झ) शैली**

प्रस्तुत लोककथाको शैली संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । विभिन्न पात्रहरूको संवाद भएको भाषाको प्रयोगले गर्दा कथा रोचक र कौतुहलमय बनेको छ ।

**ञ) निष्कर्ष**

कुनै पनि धन सम्पत्तिको लोभ लालचमा नफसी आफूलाई जन्म दिने बाबु आमालाई अशक्त भएको बेलामा सेवा गुर्नपर्छ । बुढाबुढीको सेवा नै धर्म हो भन्ने संस्कारलाई छोराछोरी ठूला भएर बिसर्नु हुँदैन भन्नु र बाउआमाको सेवा गर्नुपर्छ भन्नु यस कथाको निष्कर्ष हो ।

## ३.३ सुनकेसरा मैंयाको कथा

### ३.३.१ सुनकेसरा मैंया कथाको मूलपाठ

एकादेशमा एउटा राजा रइचन् । ती राजाका तीन भाइ छोराहरू र एउटी छोरी रहिचिन् । राजाकी छोरीको कपालमा चाहिँ सुनको लट्टा रहिच । ती राजाकी छोरी सुनकेसरा र साथी भएर एकदिन नुहाउन भनी खोलामा गएचन् । नुहाएर घर आउँदा सुनकेसराको सुनको लट्टा चाहि हराएच त्यो कुरा चाहि सुनकेसरा मैयालाई थाहा भएनच । थाहा नभईसकेसी घर आएकी रानीले थाहा पाइचन् ।

त्याट सुनकेसराको सुनको लट्टा खोज्न सबै गएचन कसैले पनि भेटाउन सकेनचन नभटाएसी अब के गर्ने होला त  भनी रानीले खुब विचार गरिचन् । त्याट रानीले के वाचा गरिचन भने जसले मेरो छोरीको सुनको लट्टा भेटाइदिन्च । त्यसैसित मेरी छोरीको बिहे गरिदिन्चु भनिच । त्याट छोरीको लट्टा खोज्न सबैगएचन् लट्टा खोज्दा खोज्दै त सुनको लट्टा त उनको माइलो दाईले भेटाएचन् । अब खुब ठूलो समस्या आयो रानीले गरेको वाचा अनुसार अब छोराको बिहे छोरीसँग गरिदिन परो सुनकेसरा पनि दाइसित कसरी बेहे गर्ने भनी रोइरहेकी रहिचन् । सुनकेसरा रोएको देखेर कागले सोधेछ केन यसरी रोएकी छउ त भन्दा सुनकेसराले सबै कुरा बताइचिन् । त्याट कागले भनेच 'तिमी कसैले नदेख्ने कदमको टुप्पामा गएर बस्नु' भनेच त्याट सुनकेसरा पनि रुखको टुप्पोमा गएर बसिछिन ।

सुनकेसरा रुखको टुप्पामो गएको देखेर राजाले यसरी भनेचन "झरन झर सुनकेसरा छोरी बिहेको लगन टरिमा सक्यो" भनेचन रुखको टुप्पाबाट छोरीले हिजोमा थियौ बाबुमा मेरा बाबुलाई मैले कसरी ससुरा भनीमा जाम भनिछन् त्याट बाबुले म जस्तो बाबु बाच्न घिकार्छ भन्दै त्यही रुखको फेदमा आत्महत्या गरेछ । त्याट रानीको पालो आएच रानीले यसरी भनिचन् "झरन झर सुनकेसरा छोरी बेहेको लगन टरिमा सको" भन्दा छोरीले यसरी उत्तर दिइचन हिजोमा थियौ आमा मेरी आमालाई म कसरी सासु भनीमा जाम भन्दा रानीले पनि म जस्तो आमा बाच्नु भन्दा मरन ठीक भनी त्यही आत्महत्या गरिचन् ।

अब पालो दाईको आएच दाईले पनि बहिनीलाई यसरी भनेचन् "झरन झर सुनकेसरा बहिनी बेहेको लगन टरिमा सको" भनेच हिजोमा थियौ दाजु मेरा दाजुलाई म कसरी जेठाजु भनीमा जाम भनिचन त्याट दाजुले पनि म जस्तो दाजु बाच्न धिकार्छ भनी मरेचन् । अब पालो चाहि

माइलो दाईको आएच माइलो दाई पनि रुखको फेदमुनि गएर “झरन झर सुनकेसरा बहिनी बिहेको लगन टरिमा सको” हिजोमा थियो दाजुमा मेरो आजमा मैले कसरी स्वामी भनिमा जाम भनिछन । त्याट दाजुलाई आत्मग्लानी भई त्यही मरेच ।

आफ्ना परिवारका सबै जना मरिसकेपछि उनको कान्छो चाहि भाइले अँ दिदी म पनि त्यही आउछु म कोसित बसम नाई मत्न कराउन थालेच भाइले ढिपि गरेसी अब के गर्ने त भनी सोचिचन् । ल्याट सुनकेसराले आफूसँग भएको धागो भईमा खसालिचन् । अँ भाइ चाहिँ त्यही धागोमा समोतर दिदी भाको ठाउँमा गएच । भोलिपल्ट भाइले दिदीलाई भोक लागो भनेच दिदीले आफूसँग भएको तिलचालम अँ भाइ यो तिलचामल नखसालिकन् खा है भनी दिइचन भाइले खाँदाखादै तिलचामल त भुइमा खसेच । अँ त्यो तिलचामलबाट त तिनटा भैसीहरू र चालमबाट गोरुको पो उत्पत्ति भएच । भाइले ती गाईभैसीलाई देखेर दिदी ती कसका गाई भैसीहरू हुन् भनी सोधेच अ हेर ती त हाम्रै गाईभैसीहरू हुन भनी दिदीले उत्तर दिइचन् । त्याट भाइले हेर दिदी अब यसरी याँ नबसम ती गाई भैसी लएर पालेर बसम भनेचन । अँ त्याट दिदीलेपनि हुन्च भनिन् । दुईटै रुखबाट झरेरे घरतिर लागेचन् ।

दिदी भाइले जब घरजीवन बिताउन लागेचन् । भाइले गाईभैसी चराउने र दिदीले घरधन्दा गर्ने रहिचन् । एकदिन भाइले गाईभैसी चराउन वन लगेच त्यही बेला अर्के देशको राजकुमार आएर दिदीलाई लगेच । अँ भाइ गाईभैसी चराएर फर्कदा दिदीलाई घरमा देखेनच । दिदीलाई घरमा नदेखेसी वलतिर पलतिर सबैलाई सोधेच कसैले पनि देखेनम भनेचन् । भाई रोइरहेको रहेच गोठबाट कैलो गाई आइ मेरो पिठ्युमा बस म तिम्रो दिदीसिम पुऱ्याई दिन्चु भनेच । भाइ दङ्ग परेच हैन यसलाई मेरो दिदी कहाँ गईन यसलाई कसरी थाहा भऱ्यो यसले त पुऱ्याई दिन्चु पो भन्च हैन हो जान परो भनी गाईको पिठ्युमा बसेच । गाईले लगेर एउटा महलको पेटमिा छोडेच । भाइले यत्ताउत्ता हेरेच त्यहा त दिदीलाई देखेनच नदेखेसी भाइ झोक्राएर बसिरहेच ।

दिदीले महलको झ्यालमा बसेर श्रृङ्गार गर्दै गरेकी रहिचिन त्यही बेला त दिदीको काइयो खेसेच । दिदीले पनि अ मेरो भाइ हुदो हो त टप्प टिपेर दिन्तो कहाँ छौं मेरो भाइ भनी विलौन गरिचिन त्यो कुरा पेटीमा बसिरहेको भाइले सुनेच ह यो त मेरो दिदीको बोली जस्तो भनी जुरुक्क उठेर कागियो टिपेर दिदीलाई देच । नभन्दै भाइलाई झवाप्पै अगाडि देख्दा खुसीले गद्गद भइचिन । त्याट दिदिभाईसँगै बस्ने भएचन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जाला, भन्ने बेलामा
खुरुक्क मुखमा आइजाला

### ३.३.२ सुनकेसरा मैया लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा गा.वि.स. को वडा नं. ३ मा प्रचलित सामाजिक विषयवस्तुमा रचित एक महत्त्वपूर्ण कथा हो । यस कथाले मानिसको आफ्नो कर्मका लेखेको कुरालाई कसै गरे पनि मेटन सकिदैन् । त्यसलाई कुनै न कुनै रूपमा भोग गर्नुपर्छ भन्ने कुरालाई देखाउन खोजेको छ । यस कथालाई सरिता कुँवरले पालुङ्ग मैनादीमा प्रस्तुत गर्नु भएको हो ।

**ख) कथानक**

प्रस्तुत लोककथामा 'सुनकेसरा मैया' सुनको लट्टा खोलामा नुहाएर फर्कदा हराएपछि रानीले जसले सुनको लट्टा भेटाउँछ त्यसैसँग छोरीको विवाह गरिदिने निर्णयसँगै कथाको प्रारम्भ भएको छ ।

दाजु बहिनी बीच विवाह हुने स्थिति आउनु, विरोध स्वरूप सुनकेसरा रुखमा गएर बस्छिन् । उनका बाबु, आमा, दाजुहरूले पालै पालो सुनकेसरालाई भुइँमा ओर्लन आग्रह गर्छन तर सुनकेसराले दाजुसँग विवाह गर्न नमानेर सबैले ज्यान गुमाएका छन् । घरपरिवारका सदस्यले झर्न भन्दा नमानेर अब भाइले दिदी म पनि त्यही आउँछु भनी जिद्दी गरेको र आफूसँग भएको रसी भुइँमा खसालिदिइन । त्यही रसीको सहायताले दिदैसँगै बसेको छ । भोक लागेर चामल र तिल खाएको त्यहीबाट गाई भैसीहरू उब्जिएको र भाईले दिदी यो गाई भैसीहरू घरमा लएर पालेर आनन्दका दिन बिताउ भनेका कुरा कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

भाई गाई भैंसी चराउन जङ्गल गएका बेलामा अर्को गाउँका राजकुमार आएर दिदीलाई लएको र घरमा आई सोध्दा खोज्दा दिदीलाई नभेटाएर भाई दिदीको घरमा गई दिदी भाइले आनन्दसँग जीवन बिताएको कुरा कथाको अन्त्य भागमा पाइन्छ ।

## ग) पात्र/चरित्र

प्रस्तुत लोककथाको प्रमुख पात्र सुनकेसरा नारी पात्र हुन् । हिन्दू संस्कार अनुसार दाजु बहिनीको बिहे गर्न नमानी रुखमा गई बसेकी एक महिला नेतृत्व हुन् । अन्य सहायक पात्रमा दाजु, आमा, बुबा, भाइ र राजकुमार रहेका छन् । दाजु, आमा, बुबाको सुनकेसरालाई ओर्लन आग्रह गर्दा त्यही मरेका छन् । भाइ परिवारका सबै सदस्य गुमाएर दिदीसँगै बसेको पात्र हो । राजकुमार सुनकेसरासँग वैवाहिक जीवन बिताउने पुरुष पात्र हो । यसरी विविध पात्रको सहयोगले कथा रोचक बनेको छ ।

## घ) परिवेश

प्रस्तुत लोककथा लैकिक र अलौकिक परिवेशसँग मिल्न गएको छ । लौकिक अन्तर्गत ग्रामीण भौगोलिक परिवेश आएको छ । खोलामा नुहाउन जानुले ग्रामीण परिवेश आएको छ । गाई भैसी चराउन जङ्गल जानुले पशुपालन गरिने समाजको झल्को दिएको छ । यस कथामा श्रापको प्रसङ्गले अलौकिक परिवेशको चित्रण भएको छ ।

## ङ) द्वन्द्व

प्रस्तुत लोककथामा सुनकेसराको सुनको लट्टा हराएपछि रानीले भेटाउनेसँग छोरीको बिहे गरिदिने निर्णय गरेकी छन् । फलस्वरूप सुनको लट्टा आफ्नै दाजुले भेटाएपछि दाजु र बहिनीको बिहे हुने कुरालाई अस्वीकार गरी सुनकेसरा रुखको टुप्पामा गएर बसेबाट द्वन्द्व सुरु भएको छ । यस लोककथामा हिन्दू संस्कार अनुसार दाजु बहिनीको बिहे गर्न नहुने यो विरोधक रचना आएको छ । यही द्वन्द्वले कथा आकर्षण बनेको छ ।

## च) कथोपकथन

प्रस्तुत लोककथामा सुनकेसराको सुनको लट्टा हराएपछि कथाले मुख्य रूप लिएको छ । सनुकेसराको सुनको लट्टा हराएपछि सुनको लट्टा भेटाउनेसँग छोरीको बिहे गरिदिने घोषणा गर्छिन अपशोच सुनको लट्टा दाजुले भेटाएपछि सुनकेसरा विरोध स्वरूप रुखको टुप्पामो बस्छिन् । यस लोककथामा गीति कथोपकथनको प्रयोग भएको पाइन्छ ।

बाबु - झर न झर सुनकेसरा छोरी !

बिहेको लगन टल्यो नि है ॥

छोरी : झरन त झरथे हे मेरा बाबा !

बाबालाई म कसरी ससुरा भनिमा जाम ?

तिमी त मरे नि हुन्छ पुक्लुक्क ।

यस्ता गीति कथोपकथलले कथा धेरै आकर्षण बनेको छ ।

**छ) उद्‌देश्य**

प्रस्तुत कथाको प्रमुख उद्‌देश्य नीति शिक्षा दिनु रहेको छ । मानिसले कुनै पनि कुराको निर्णय तुरुन्तै गर्नु हुदैन । सुनकेसराकी आमाले छोरीको सुनको लट्टा भेटाउनेसँग छोरीको विहे गरिदिने निर्णय गरेपछि आफ्नै छोराले भेटाउँछ यहाँ दाजु बहिनीको विवाह हुने स्थिति आएको छ । तुरुन्त निर्णय गर्दा पछुताउनुपर्छ निर्णय गर्नुअघि सबै कुराको सोच विचार पुऱ्याउनु पर्छ भन्ने नैतिक शिक्षा दिनु यस कथाको प्रमुख उद्‌देश्य हो ।

**ज) भाषा**

यस लोककथामा स्थानीय लोकभाषाको प्रयोग भएको पाइन्छ । यस लोककथामा एकादेशमा जस्तो शब्दका थालनी र सुन्नेलाई सुनको माला जस्तो टुङ्ग्याउनी पनि रहेको पाइन्छ । सामान्य बोलीचालीको भाषाले कथा सरल, सहज र प्रभावकारी भएको छ । रुख, लगन, घर जस्ता तद्‌भव र जङ्गल, डम्फू, पटुका जस्ता आगन्तुक शब्द र सरल वाक्यहरूको प्रयोग भएको छ ।

### झ) शैली

प्रस्तुत लोककथाको शैली वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । विभिन्न पात्रहरूको गीति लयले कथा सुन्न र सुनाउन निकै रोचक बनेको छ ।

### ञ) निष्कर्ष

कुनै पनि कुराको निर्णय तुरुन्तै गर्नुहुँदैन हतारमा निर्णय गर्नाले फुर्सदमा पछुताउने बाहेक अरु विकल्प हुँदैन । त्यसैले आफूले गरेको निर्णयले आफू, परिवार र समाजलाई कस्तो असर पर्छ त्यसको विचार पुऱ्याएर मात्र निर्णय गर्नुपर्छ त्यस्तो निर्णले मात्र आफ्नो र परिवारको हित हुन्छ । त्यसैले कुनै पनि समस्या आइपर्दा आँखा चिम्लेर त्यसको निर्णय गर्नुहँदैन । त्यस्तो निर्णय जीवनको ठूलो अभिषाप पनि हुन सक्छ । त्यसैले विचार पुऱ्याएर काम गरे फुर्सदमा पछुताउनु पर्दैन ।

## ३.४ दाउरे बुढाबुढीको कथा

### ३.४.१ दाउरे बुढाबुढी कथाको मूलपाठ

एकादेशमा दुईटा बुढाबुढी बस्दा रहिचन् बुढाबुढीले दिनभरि काम गरेर साँझको छाक जुटाउने गर्दा रहिचन् । उनीहरूसित सम्पत्ति केही रहिनच उनीहरूले दाउरा खोज्ने र बेच्ने काम गर्ने रहिचन् उनीहरूका छोराछोरी कोही पनि रहिनच एकदिनको कुरा हो बुढाबुढी दाउरा खोज्न वन जाँदा मास भेटाएचन् । मासलाई घरमा ल्याएर सुकाएर पिधेचन । दुवै बुढाबुढी लोभी रहिचन् । उनीहरूले मासको रोटी पकाएर खाने विचार गरेचन् ।

अँ बुढाले भनेच बुढी तैले रोटी पका म रोटी पकाउन चाइने दाउरा पानी जुटाउचु भनेच । त्याट बुढाले सबै ह्याएसी हुन्च बुढा म रोटी पकाउचु त्याट बराबरी बाडेर खाउला भनिच । बढ्ुाले नी ल ! ल पका छिटो छिटो खाएर सुत्न पर्च भनेच त्याट बुढीलाई खाएर सुत्न पर्च भनेच त्याट बुढीले रोटी पकाउन थालिच रोटी पकाउँदा पकाउँदै पाँचवटा भएचन् । दुवै बराबरी भाग लाउन गाह्रो भएच । दुवै लोभीका पिण्ड थिए । त्याट बुढाले भनेच “हरे बुढी तीनवटा रोटी म खान्चु तैले दुईटा खाँ त्यसपछि कुरा खत्तम हुन्छ” भनेच बुढीनी लोभी थी “के हो हुन्थो बुढा तिमी दुईटा खाऊ म तीनवटा खान्चु भनिच” बुढाले मानेनच तिनीहरूले त्यो रोटी बराबर बाड्न सकेनचन । बुढाले तीनटा खान्चु भन्दा बुढीले नमान्ने बुढीले तीनटा खान्चुभन्दा बुढाले नमान्ने यो कुरोले ठुलो विवादको रूप लिएच ।

त्याट बुढाले हेर ! बुढी तैले पनि नमान्ने मैले नी नमानने त्यसो भए चाइने जो भोली बिहान जो चाँडै उठछ तेले दुईटा रोटी खाने जो ढिलो उठ्च तेले तीनटा रोटी खाने हुन्च की हुँदैन भन्दा बुढीले हुन्च बुढा त्यसै गरम अहिले सुतम भनिच । त्याट बुढाबुढी सुतेचन बिहान भएच चरा चुरुङ्गी कराएचन नत बुढो उठच न बुढी दुईटै उ उठेसी उठ्चु भनी हानथाप गरी सुतेको सुतै गरेचन् । बुढो त सधै ढिलो उठतो् उ सुतिरहेको रहिच हैन यो बुढी त सधै छिटो उठने पीर पो मैले यस्तो वाजी गरेको हुम यो केलाई उठदिन भन्दै टाउको उठाउँदै सुत्दै गरेच बुढी पनि के कम छिटो उठेत त्यही दुईटा रोटी खाने हो ढिलो उठेत तीनटा खान पाइनच भनी बुढी त  मजाले सुतिरहिच । हानथाप गरेर सुतेका बुढाबुढी त एकदिनभर नै सुतेचन छिमेकीले हैन । हो यिनुरुको लरा के भयो सदा चहपल हुन्थ्यो आज केन सुन्य छ भनी गाउँले जम्मा भएर ढोका खोली हरेचन । ढोका खोलेर हेदा् बुढो नी सुतेको छ बुढी नी सुतेकी छ । हैन हो तिमुर बुढाबुढीलाई के भयो केन चामछुम आएर सुतेका ह विसञ्चो भओ कि के हो भनी सोध्दा त के को विसञ्चो हुन्तो । वनबाट मास भेटाएर लाको ल्याएर पिधेर रोटी पकाउँदा रोटी ५ वटा भए बुढाले तीनटा खान्चु भनचन् मैले दुइटा खाने भन्दा बुढीले मानिने मैले दुईटा खाने बुढीले तीनटा खान भन्दा बुढाले मानेनन् ।

त्याट कुरो मिलेन कुरो नमिलेसी भोलि बिहान जो चाडै उठ्छ तेले दुईटा रोटी खाने जो चाहि ढिलो उठ्च उसले तीनटा रोटी खाने भनी सुतेको हो । नत बुढी उठी न म बुढो उठे हजुर हो यो हाम्रो कुरा हो भनी बुढाले भनेच गाउँका सबै गलगली हासेचन् । त्याट तिमुरको रोटी हामले बराबर भाग लाइदिनचम भनी भनेचन तिमुरले रोटी राखेको भाडो हेर्न जाँदा रोटी त बिरालाले खाइसकेको भाडौं त रित्तै । त्यसरी आफुहरूले घमण्ड गर्दा एक टुक्रा रोटी खान नपाएका बुढाबुढी अब कहिल्यै पनि घमण्ड नगर्ने भनी आफ्ना आफ्ना काममा जाने भए ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जालो भन्ने बेला
खुरुक्क मुखमा आइजाला

### ३.४.२ दाउरे बुढाबुढी लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा गा.वि.स. वडा नं. २ मा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसलो एक ग्रामीण समाजको झझल्को दिएको छ । यसले

सामान्य परिवारको के कस्ता समस्या हुन्छन् र ती समस्याहरू कसरी बलजिन्छन् भन्ने कुरा देखाउन खोजिएको छ ।

**ख) कथानक**

प्रस्तुत लोककथामा बुढाबुढीको आर्थिक स्थिति कमजोर भएका कारण दिनभरि दाउरा खोज्ने र बेच्ने काम गर्थे । यही दाउरा बेचेर आएको पैसाले साँझ विहानको छाक जुटाउने काम गर्थे । यहीबाट कथाको आरम्भ भएको छ ।

एकदिन दाउरा खोज्न जाँदा मास भेटाएको र त्यस मासलाई घरमा ल्याएर पिधेर रोटी खाने निर्णय गर्छन । बुढाले बाहिरको जादोपादो मिलाउने काम गर्छ भने बुढीले रोटी पकाउने काम गर्छि । रोटी पकाउँदा पकाउँदै पाँचवटा हुन्छन् । बुढाले म ३ वटा खान्छु भन्दा बुढीले नमान्ने र बुढीले ३ वटा खान्छु भन्दा बुढा नमान्ने गर्छन यसरी ती दुई बीच कुरा नमिल्दा भोली जो चाडै उठ्छ त्यसले २ र ढिलो उठनेले ३ वटा रोटी खाने भनी सुतेका बुढाबुढी अबेर सम्म नी सुतेको कुरा कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

बुढाबुढीको चहलपहल नदेखेर जम्मा भएका गाउँले रोटी बराबर भाग लगाइदिन्छौ भनी रोटीको भाँडो हेर्दा भाडो रित्तो भएको छ । यसरी आदि, मध्य र अन्त्यको श्रृङ्खलामा कथाले पूर्णता पाएको छ ।

**ग) पात्र/चरित्र**

यस कथाका प्रमुख पात्र बुढाबुढी हुन् । आर्थिक स्थिति कमजोर भएका यी बुढाबुढी दुवै लोभी पात्र हुन् । वनमा मास भेटाएर रोटी पकाएका र रोटी पाँचवटा हुँदा बराबर भाग लगाउन नसकी सुतेका बुढा बुढीको रोटी बिरालोले खाएको छ ।

## घ) परिवेश

प्रस्तुत लोककथामा ग्रामीण समाज, वनजङ्गल गरिबीको दिनचर्याको परिवेश समावेश गरिएको छ । एउटा गाउँ गाउँमा बुढाबुढी छन् उसको साँझ बिहानको छाक जुटाउन दाउरा खोज्न वनजङ्गल गएका छन त्यसैबाट आएको पैसाले खानेकुरा किनी खाने गर्दछन् ।

## ङ) द्वन्द्व

प्रस्तुत लोककथामा बुढाले ३ वटा रोटी खान्छु भन्दा बुढीले नमान्नु र बुढीले ३ वटा रोटी खान्छु भन्दा बुढाले नमान्नु एउटा विपरित वैचारिक द्वन्द्व रहेको छ ।

## च) कथोपकथन

प्रस्तुत लोककथामा कथोपकथनको प्रयोग भएको पाइन्छ । बुढाले "ए बुढी ५ वटा रोटी भए ३ वटा खान्छु त चाहि २ वटा रोटी खा" अ का हुन्थ्यो बुढी तिमीले २ वटा खाउँ मैले ३ वटा खान्छु यसरी यस कथामा थुप्रै कथनहरूको प्रयोग भएको पाइन्छ ।

## छ) उद्देश्य

यस लोककथाको प्रमुख उद्देश्य कुनै पनि कुरालाई बराबर गरी भाग लगाउन नसक्दा अर्को पक्षले फाइदा लिने गर्छ त्यसैले दुवैको समझदारीमा कुनै पनि समस्याको सवाधान गर्नुपर्छ भन्ने रहेको छ ।

## ज) भाषा

प्रस्तुत लोककथामा स्थानीय बोलचालको भाषा प्रयोग गरिएकाले कथा सरल सहज र रहस्यमय बनेको छ । कथामा दाउरा, मास दुईटा जस्ता तद्भव शब्दको प्रयोग भएको छ । रहिचन, भेटाएचन, सुतेचन, उठेचन, जस्ता स्थानीय भेदहरूको प्रयोग भएको छ । चोक्टा खान गईकी बुढी झोलमा डुबेर भरी जस्ता उखान - टुक्काको प्रयोगले कथा रोचक बनेको छ ।

### झ) शैली

यस लोककथामा पात्रहरूबीच पर्याप्त संवाद भएकाले यसमा संवादात्मक शैलकिो प्रयोग गरिएको छ । तृतीय पुरुष शैलीका पात्र भएको यस कथामा लोभ गर्नु हुँदेन भन्ने शिक्षा दिइएको छ ।

### ञ) निष्कर्ष

कुनै पनि कुरामा सानो चित्त गराउनु हुँदैन । एक आपसमा समझदारी बन्न जान्नुपर्छ मेरो गोरुको नौ टक्का गर्नुहुँदैन । मेरो भागमा बढी अरुले थोरै खाएपनि हुन्छ भन्ने डाढे स्वभाव प्रस्तुत गर्दा बुढाबुढीले  नै रोटी खान पाएका छैनन त्यसैले सम्झदारी बन्न सिकाएको छ ।

## ३.५ बलभन्दा बुद्धि ठूलो

### ३.५.१ बलभन्दा बुद्धि ठूलो कथाको मूल पाठ

एकादेशमा एउटी बुढी रहिचिन् । बुढीको एकमात्र छोरी रहिचिन् । बुढीले छोरीको बिहे चाहि टाढा गरदेकी रहिचि । छोरीलाई बिहे गरेर टाढा देको हुनाले आमाछोरीको भेट धेरै समयपछि हुने गर्ने रहिच । आमाछोरीको भेट लामो समय सम्म भएको रहिनच । त्याट एकदिन बुढीले छोरीको घर जान परो भेट नभएको पनि धेरै भओ सञ्चो छ की विसञ्चो छ तेलाई भनी छोरीको घर जाने विचार गरिच् । छोरीको घर जाँदा, ठूलो जङ्गल र खोलानामा तर्नु पर्ने भएकाले बाघ, भालु, जस्ता जङ्गली जनावरको पनि उत्तिकै डर थियो तर छोरीको न्यास्रोले सताएको हुनाले जे पर्ला त्यही टर्ला जान्चु भनी बुढी छोरीको घरजान हिडिचन् ।

बुढी जङ्गलको बाटोमा डराउँदै छिटो-छिटो हिडेकी थिइन् त्यही बेला धेरै बोकाएका स्यालहरू जो यो बाटोमा आउच तेला खाने भन्दै खरिएर बसेका रहिचन् । बुढीलाई देख्ने वित्तिकै सबै स्यालले घेरेचन बल्ल पो खाने आहा् भेट्यो अब साथी यो बुढीलाई खान पर्च भनी कस्सेचन् त्यसी बुढीले भनिचन् । "ए स्याल हो, म बुढी पनि भकी छु दुवली नी छु म छोरीलाई भेटेर न्यास्रो नी भेटाउछु र म पनि मिठो मिठो खार मोटाएर आउचु मेरो अरु कोही नी छैनन त्याट तिमूरु सबैले मिलेर खाउला आज मला जान देऊ ।" भनी भनिच यति बुढीले भनेपछि स्यालहरूले आजको एक महिनामा यही बाटो आउनै पर्ने त्यो दिन बुढीलाई खाने भनी वाचा गराएर पठाएचन् ।

बुढी त्यहाँबाट उम्किएर अल्लि पर जाँदा त बादरहरू बसेका रहिचन् आज के खाउ के खाऊ भैराको बेला बुढी आइच, अब खान परो भन्दै रमाउन थालेचन् । बुढीले बाँदरहरूलाई पनि स्यालहरूलाई जस्तै "म दुवली पातली छु मलाई छारीको न्यास्रोले सताको छ एक महिनापछि छोरीका बसेर मोटासी यही बाटो फर्कन्छु त्यति नै बेला खाउला आज मलाइ जान देऊ ।" यति भनेपछि स्यालहरूले आजको एक महिनापछि बुढी यही बाटो आउनुपर्छ अहिलेलाई जाऊ भनी बाटो छोडदिएचन् ।

बुढी त्यहाँबाट छुटकारा पाएसी अलि उत्ता गएपछि झ्न बाटाभरि बाघ बसेको देखिच त्याट बुढीले सातो पुत्लो उडेच । बादर र स्याललाई त छक्काएर आए अब यी बाघलाई कसरी छक्काउने त भनी बुढीले सोचिच । अँ यिनलाई पनि स्याल बादरर्ला भने जसै भन्चु माने बाटो छोड्देलान नछोडे मलाई खालान् जे परे पर्च भनी बुढी गइच् ।

अँ के खाउँ के खाउ भको बेला बुढी त आइच 'ए बाघ हो आओ यो बुढीलाई खान परो भनेर भनेचन् । बुढीले "ए बाघ हो अहिले मला नखाऔ म दुवली पातली छु तिमुरलाई आहारा नी पुग्देन म छोरीका १ महिना बसेर मोटार यही बाटो आउचु त्यही बेला खाउला" यति बुढीले भनेसी बाघलाई नी अ हो यो मोटाउची त्याट खान पर्ला ल जा एक महिनापछि यही बाटो भर आउन पर्च भनी बाटो छोडदेचन् । बल्लतल्ल फुस्केर अल्लि पर जाँदा भालु पो बसेका बुढीले अब मलाई खाने भए छोरीसित नी भेट हुने भएन भनी लगलगी काम्दै भालु भको ठाउँमा पुगीच । यही बेला भालुले आहार नभएको बेला दुब्ली हड्डी बुढीलाई भनी खाम साथी हो भनी भालु कस्सिएचन् बुढीले भनिचे ए भालु हो के त्यस्तो गरचौ. म एक महिना छोरीका बसेर मोटार आउचु त्याट तिमुरले नै खाउला मेरो अरु कोही छैन छोरीको न्यास्रो मेटाउचु अहिलेलाई बाटो छोड्देओ भनिच अ भालुलानी अ यो दुब्लीलाई खान भन्दा त मोटार मासु खान ठकि तर एक महिनापछि यही बाटो आउन पर्च भनी भनेचन् बुढी पनि खुसी भई ल ल आउचु भनी आफूलाई भालुबाट बचाइच

अ धेरै जङ्गली जनावलाई झुक्काउँदै बुढी छोरीको घरमा पुगिच् । ए छोरी आज आउँदा स्याल, बादर, बाघ, भालुलाई यस्तो यस्तो भने र झुक्काएर बल्ल बल्ल आइछु भनी सबै विस्तार बताइच् । छोरीले नी अँ धन्न आइथो आमा कस्सोत जङ्गली जनावरले मेरी आमालाई खाएनचन् भनी पिर मानिचे । छोरीका बस्दा बस्दै एक महिना नी बितेच । अँ छोरी भोलि घर जानु छ बाटामा आँउँदा सबै जङ्गली जनावरलाई आएको एक महिनामा बाटामा बसिराख अनि मलाई खाउला भनेकी छु क्यारे अब छोरी यत्ति नै होला हाम्रो भेट अब तेरी आमालाई बाघ, भालु, स्याल, बादर

आदि मिलेर खानेछन् भनी छोरीसित् गुनासो पोखिच । आमाके कुरा सुनी छोरीले आमालाई आमा म छँदै छु नी भनी सम्झाइच । भोलिपल्ट बिहान घर जान भनी बुढी निस्किच र छोरा पनि आमाला पुऱ्याउन भनी सँगै आइच नभन्दै बाटामा स्याल, बादर, बाघ, भालु सबैले बुढीलाई कुरेर बसेका रचन् । ती सबैले अ अब बुढीलाई खाउँ भनी तम्तयार भएचन् । त्याट बुढीकी छोरीले भनिच तिमुरुले मेरी आमालाई खाने् नै हो भनिच् जङ्गली जनावरहरूले हो भनी उत्तवर देचन् ।

त्यसो भए हाम्री आमा बुढी भाकी छन् । छाला मासु चाम्रो भएको छ । तिमुरलाई खान पनि गाह्रो हुन्च तिमुरले दाउरा खोजेर लाऊ आगो बाल अनि हामी आमालाई त्या राख, आमा पाक्छिन अनि मिठो मानेर खाउला भनी सल्लाह दिइच । त्याट ती जङ्गली जनावरलाई पनि सल्लाह राम्रो लाएच । त्याट कोही दाउरा खोज्न जाने कोहीले बुढीलाई कुरेर बसेचन् । एकछिन पछि सबै जम्मा भएचन् । दाउरा ल्याएचन् आगो बालेचन्  आगो दनदनी बलेच र बुढीलाई आगोमा बस्न भनेचन् । त्याट बुढीले यस्तो आगोमा त डढिहाल्छ नी अनि तिमुरले के खान्यौ । एकछिन पछि खरानी हुन्च त्यो खरानीमा म रापले पाक्छु अनि तिमुरले खाउला भनी जवाफ दिइच जनावरहरू पनि हुन्च भनी मुख मिठ्यादै बसेचन् ।

केही बेर पछि खरानी भएच खरानी पनि सेलाउन लागेच त्यसी बुढी खरानीमा बसिचन् । बढीकी छोरीले आमाला राम्रोसँग पकाउन पर्च म आमालाई छोपिढदिन्चु भनी उनीहरूलाई माथि बसेर हेर्न लगाइच ती स्याल, बादर, बाल र भालु नी लाइन लाएर बसेचन् त्यही बेला आमा र छोरीले एक एक अञ्जुली खरानी उठाएर जङ्गली जनावरको आँखामा छरि देचन सबै जङ्गली जनावर आँमा मिचिमिच रत्न थालेचन बुढीका आमाछोरी पच्याचोटले दौडेर भागेचन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.५.२ बल भन्दा बुद्धि ठूलो लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा गा.वि.स. को वडा नं. ७ मा प्रचलित सामाजिक विषयवस्तुमा आधकारित लोककथा हो । यस कथालाई सरस्वती तिवारले २०७०/४/३ मा पाल्पा जिल्लाको छहरा स्थानमा प्रस्तुत गरेकी हुन् ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एउटी बुढीको एकमात्र छोरी हुन्छिन् । भेटबाट नभएको पनि धेरै भएको र छोरीको न्यास्रोले सताएकी बुढी छोरीलाई भेटन भनी घरबाट निस्केपछि कथाको प्रारम्भ भएको छ ।

छोरीको घरसम्म पुग्ने बाटो धेरै कठिन र घनाघोर जङ्गल पार गर्दै छोरीको घर जानुपर्ने थियो । बुढी जङ्लमा पुग्दा बादर, स्याल, बाघ, भालुले केही खान नपाएको बेलामा यही बुढीलाई भएपनि खान पाइयो भन्दै रमाएका थिए त्यो बुढीले अहिले म दुवली पातली छु छोरीको घरमा गएर आउँदा खाउँला भनी आग्रह गरेकी छ । जङ्गली जनावरहरूलाई बाटो छाडदिएर बुढी छोरीको घरमा गएर एक महिना बसेर फर्कदा बाटोमा फेरि लाइन लाएर जङ्गली जनावर बसेको कुरा कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

बुढी सँगै छोरी पनि आएकी र छोरीले अहिले त्यसै खायौ भने आमा बुढी भाकी छन् छाला चाम्रो छ त्यसैले दाउरा खोजेर ल्याएर आमालाई पकाएर खाऊ भनी भनेको र जङ्गली जनावरले दाउरा खोजी ल्याउँछन् दाउरा बोलेको खरानी आमाछोरी मिलेर जङ्गली जनावरका आँखामा छरिदिन्छन् र आफु दुईजना भाग्न सफल भएको प्रसङ्ग कथाकोमध्य भागमा उल्लेख गरिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाका पात्रहरू बुढी, बुढीकी छोरी, स्याल, बादर, बाघ, भालु आदि रहेका छन् । बुढी कथाकी प्रमुख पात्र हुन् । छोरीको न्यास्रो भेटाउन घरबाट हिडेकी विभिन्न जङ्गली जनावरलाई छक्काएर बाँच्न सफल बौद्धिक पात्र हुन् । बुढीकी छोरी सहायक नारी पात्र हुन् । आमालाई जङ्गली जनावरले खाने भए भनी सँगै आएकी यी पात्र चतुर पात्र हुन् । स्याल, बादर बाघ,

भालु अन्य मानवेत्तर पात्र हुन जसले बुढीलाई खान भनी एक महिना अघिबाट मुख मिठाएका आफैले आँखामा उल्टै धुलो खाएका छन् ।

**घ) परिवेश**

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । लौकिक अन्तर्गत वनजङ्गलमा बुढीलाई बाघ, भालु, स्यालले खान्छु भन्दा ग्रामीण परिवेशको झल्को दिएको छ । छोरीलाई विवाह गरेर दिएको र छोरीको न्यास्रोले सताएर छोरी भेट्न माइतबाट आमा गएको सामाजिक रितिरिवाजको परिवेश उल्लेख गरिएको छ ।

**ङ) द्वन्द्व**

प्रस्तुत लोककथामा बुढी छोरीको घरमा जाँदा बाटोमा जङ्गली जनावरले खान्छु भन्दा अहिले मलाई नखाऊ छोरीको न्यास्रो भेटाएर आउँदा खाउँला भनी ती जङ्गली जनावरलाई छक्काउन सफल भएकी छन् र एक महिनापछि फर्कदा पनि बाटो छेक्दा उल्टै जनावरलाई आँखामा छारो हालेर भाग्न सफल भएकी छन् । यस लोककथामा आन्तरिक द्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

**च) कथोपकथन**

प्रस्तुत लोककथामा बुढी र जङ्गली जनावरहरू बीच कुराकानी भएको छ । बुढीलाई जङ्गलमा विभिनन जनावरले अहिले नै तिमीलाई खान्छौ भनेका र बुढीले अहिले नखाउ म छोरीको न्यास्रो भेटाएर फर्किदा खाउँला भनेका प्रसङ्गहरू पनि छन् । छोरीको घरबाट फर्कदा बाटोमा लाइन लागेर बसेका जङ्गली जनावरलाई विभिन्न वाहाना बनाइ उल्टै खरानी खनाइदिएका छन् । पशुपक्षी र जनावरले मावनले जस्तै कुराकानी गर्छन् भने आत्मशीलतावादी भावना यहाँ प्रस्तुत गरिएको छ ।

**छ) उद्देश्य**

यस कथाको प्रमुख उद्देश्य जस्तो सुकै विषम परिस्थिति आउँदा पनि दृढताका साथ समाधान गर्न सक्नुपर्छ भन्नु नै यस कथाको प्रमुख उद्देश्य हो । विभिन्न वौद्धिक विचारले गर्दा बुढी जङ्गली जनावरको सिकार बन्नबाट बचेकी छन् । त्यसैले कुनै पनि समस्या आइपर्दा समस्यासँग सङ्घर्ष गर्न नसक्नुपर्छ भनी नैतिक शिक्षा सिकाउनु यस कथाको उद्देश्य हो ।

ज)    भाषा

प्रस्तुत लोककथामा सामान्य बोलीचालीको भाषा प्रयोग गरिएको छ । बुढी, आमा, छोरी, जनावर जस्ता तरसम शब्द र 'के खाउ, के खाउ भाको बेलामा बुढी त आइच' जस्ता लयात्मक वाक्यले कथा उत्कृष्ट राम्रो बनेको छ । स्थानीय लोकभाषाको प्रयोगले कथालाई थप उत्कृष्ट बनाएको छ ।

झ)    शैली

प्रस्तुत लोककथामा पात्रहरूको दोहोरो संवाद भएकाले संवादात्मक शैलीको प्रयोग भएको छ । तृतीय पुरुष शैलमिा भूतकालीन क्रियापदको प्रयोग गरी लेखिएको छ । यस लोककथामा एकादेशमा जस्तो शब्दको थालनी र सुन्नेलाई सुनको माला जस्तो टुङ्ग्याउनीले कथा रोचक बनेको छ ।

ञ)    निष्कर्ष

प्रस्तुत लोककथामा कुनै पनि समस्यालाई समाधान गर्न खोजियो भने आवश्य पनि त्यस समस्याको समाधान गर्न सकिन्छ भन्नु नै यस लोककथाको निष्कर्ष हो ।

## ३.६    बुद्धि परीक्षण

### ३.६.१  बुद्धि परीक्षण कथाको मूलपाठ

धेरै पहिल्यैको कुरा हो । बाउ र छोरा रहिचन् । एकदिन बाउले यो मेरो छोरो काँसम्मको वृद्धिमानी रहिच यसको वृद्धि जाच्न परो भनेच । बाउले छोरालाई ए बाबु ! या आइज त भनेच छोरा पनि हजुर बुबा भन्दै वाउ भएको ठाममा पुगचे "लौ यो भेडो लर, यै भेडोलाई बेच र यसैलाई नुन बोकार ल्याइज" भनेर भनेच छोरोले वाउको कुरा कहिल्यै नकाट्ने रच र हुन्च भनेच ।

छोरो भेडो डोरार गरच । बाटामा सोच्दै सोच्दै गएच "बाले यो भेडो बेचेर फेरि यही भेडोलाई बोकार नुन ल्याउन भनेचन कसरी ल्याउने होला भन्दै सोच्दै सोच्दै गच । जाँदा जाँदा बाटामा ए ! बाबु भेडो डोऱ्याएका जान लाछौ भन्दा रहिचन छोराले मलाई बाले यो भेडो बेचेर नुन किनेर यसैलाई बोकार ल्याउन भनेका छन् भनेच । सोध्ने मान्छेहरू गलल हासेचन कस्तो बाउरहिच

छोरो नी उस्तै यही भेडो बेचेर फेरी त्यही भेडालाई नुन बोकाउन मिल्च भन्दै केटालाई उल्लु भनाएचन् ।

फेरि भेडो डोऱ्याएर गएच । जाँदा जाँदै फेरि एउटो चौपारीमा पुगेच त्यहँ पुगेर केही बेर बसेच । भरियाले "का जाने हो बाबु भेडो डोऱ्यार भनेर सोधेच के भन्ने के भन्ने भनी अलिको कुरो भनम भने हास्ने पो हुन की भनी "अल्लि पर" भनी जवाफ देच ।

फेरि छोरो त्यहाँबाट नी हिडेच जाँदा जादै एउटा बुढोलाई भेटाच बुढाले "ए बाबु का जान लाका छौ भनेच बा मलाई मेरो बुबाले यो भेडो बेचेर नुन किनेर यसैलाई बोकार ल्याअ भनेका छन् भनेच" यो कुरो सुनेसी बुढाले उसलाई अर्ती सिकाइदेचन त्यो के अर्ती भने हेर बाबु यो भेडो मुड त्यसको उन बेच, पैसा आउच, त्याट त्यो पैसाले नुन किन, अनि त्यै भेडालाई बोकार लिएर जाऊ तिम्रा बा खुसी हुनुन्च" भनेचन् ।

"लौ बा हुन्च तपाइँले मलाई आइडिया दिनु भओ म त्यही गर्चु" भनेच र भेडो मुडेथ र उनको पैसाले नुन किनेच नुन फेरि त्यै भेडालाई बोकार घर लच छोराले नुन किनेर त्यसैलाई बोकार ल्याको देखेर बाउ पनि खुसी भई धन्यवात ! छोरो वृद्धिमानी रच । एले सही काम गरो भनेर बाउ खुसी भचन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.६.२ बुद्धि परीक्षण लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत 'बुद्धि परीक्षण' लोककथा पाल्ला जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा प्रयोग भएको परिवेश सामाजिक छ र यो समाज एक ग्रामीण समाज हो । यस कथालाई लक्ष्मी रायमाभ्कीले २०७२/५/३ गते गोलड्सामा भन्नुभएको हो ।

**ख)　　कथानक**

प्रस्तुत कथामा बाबुले छोरो कहाँसम्मको बुद्धिमान छ भनी छोरालाई बोलाएर यही भेडो बेचेर नुन किनेर यसैलाई बोकाएर ल्याउन अह्राउनु कथाको आदि भाग हो ।

छोराले अब कसरी यही भेडोलाई बेचेर यसैलाई नुन बोकाएर ल्याउने भनी सोच्दै सोच्दै बाटोमा जाँदै गर्दा एक जना बुढाले ए ! बाबु के भयो ? किन झोक्राएर चौतारामा बसेका छौ भनी सोध्दा समस्या बताउँछन भेडाको “उनलाई वेच, त्यसैले नुन किनेर भेडोलाई बोकाएर लैजाऊ” भनी अती सिकाउछन् यो कथाको मध्य भाग हो ।

भेडो मुडेर नुन किनेर उसैलाई बोकाएर घर लैजान सफल भएको र आफ्नो बाबुलाई खुसी बनाई स्याबासी पाएको कथाको अन्त्य भाग हो ।

**ग)　　पात्र/चरित्र**

प्रस्तुत लोककथामा पात्ररूपमा बाबु, छोरा, भेडो र बुढा रहेका हुन् । छारा यस कथाको प्रमुख पात्र हो आफ्नो बाबुले बुद्धि परीक्षण गर्न समस्या प्रदान गरेकोमा उचित समाधान गराएकाले ऊ कथाको नायक पात्र हो । त्यस्तै बुढा कथाका सहायक पात्र हुन् । बुढो छोरो पात्रलाई समस्या समाधान गराउन सफल भएकाले सहायक पात्र हुन् । बाउ र भेडो गौण पात्र हुन् । जसमा भेडो मानवेत्तर पात्र हो । यसरी विविध पात्रको प्रयोगले कथा उत्कृष्ट बनेको छ ।

**घ)　　परिवेश**

यस लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । लौकिक अन्तर्गत घर, सहर र चौतारो आएका छन् घरमा बाउले छोरालाई भेडो बेच्ने कुरा गरेका छन् । सहरमा भेडो बेच्न लएको परिवेश छ भने चातारौमा बुढाले अर्ती दिएको घटना छ । यी घटनाको प्रकृति हेर्दा दिउँसोको समयको अनुमाम गर्न सकिन्छ । यसरी विविध घटना र परिवेशले गर्दा कथा रोचक एवम् कौतुहलपूर्ण बनेको छ ।

**ङ)　　द्वन्द्व**

यस कथामा बाउले छोरालाई यही भेडोलाई बेचेर यसैलाई बोकाएर नुन ल्याउन लगाएपछि छोरालाई आन्तरिक द्वन्द्वले सताएको छ । घरबाट केही समाधान नलिई यत्तिकै भेडो डोऱ्याएर

निस्किएको छोरो चौतारोमा गएर बसिरहेको हुन्छ । छोरो पात्र टोलाएर बसेको देखेर बुढाले समस्याको समाधान गराई दिएका छन् ।

**च)  कथोपकथन**

यस कथामा प्रमुख पात्र छोरो रहेको र छोरालाई बाउले "ए बाबु यो भेडो बेचेर यसैलाई नुन बोकाएर ल्याऊ" भनेको छ र छोरो पात्रले सहस्र स्वीकारी हुन्छ भनेको कुराकानीलाई कथामा प्रस्तुत गरिएको छ । भेडो डोऱ्याएर घरबाट निस्किएको छोरो पात्र चौतारोमा गएर बसेको बेलामा एकजना बुढाले "ए बाबु किन यसरी झोक्काएर बसेका छौ" भनी सोध्दा समस्याको समाधान पाएको छ । यसरी विविध घटना र संवादले गर्दा कथा रोचक बनेको छ ।

**छ)  उद्‌देश्य**

प्रस्तुत लोककथामा बाउले छोराको परीक्षा लिन एउटा समस्या दिन्छन् जसमा बुढाको सहयोगले काम गर्न सफल भएको छ । यसर्थ समस्या आइपर्दा विवेकले काम गर्नुपर्छ साथै बुढा त्यसै बुढा हुँदैनन उनीहरू अनुभवले गर्दा परिपक्क हुन्छन् । त्यसैले उनीहरूका अर्ती जीवन्त बन्दछन् भन्ने नै यस कथाको उद्‌देश्य हो ।

**ज)  भाषा**

प्रस्तुत लोककथामा स्थानीय बोलचालको भाषाका साथै भेडो, नुन, घर जस्ता तद्‌भव शब्दहरू प्रयोग भएका छन् । पैसा लगायतका आगन्तुक शब्दको पनि प्रयोग भएको छ "यही भेडो बेचेर यसैलाई नुन बोकार लेरा" जस्त स्थानीय लोकभाषाको बहुल प्रयोगले कथा सरल सहज एवम् बोध गम्य बन्न पुगेको छ ।

झ)   **शैली**

प्रस्तुत लोककथामा संवादात्मक शैलकिो प्रयोग भएको छ । बुढाले “बाबु तिमी के कामले झोक्राएर बसेका हौ” भनी सोध्दा छोरो पात्रले “बाले मला यही भेडो बेचेर यसैलाई बोकार ल्याउन भनेकाले त्यसैले समस्या परेर बसेको हुम” जसमा संवादले गर्दा कथामा संवादात्मक शैलीको प्रयोग भएको छ । यसमा तृतीय पुरुष शैलीका पात्रहरूको प्रयोग भएको छ । बुढापाकाका अर्ती, उपदेश दीर्घ हुन्छन् भन्ने भाव रहेको यो कथा श्रृङ्खलावद्ध शैलीमा अगाडि बढेको छ ।

ञ)   **निष्कर्ष**

प्रस्तुत लोककथामा कुनै पनि समस्या आइपर्दा छोरो पात्रले अरुको अर्ती उपदेश अनुसार समाधान गर्दा स्यावासीको पात्र बन्न पुगेको छ । त्यसैले बुढा त्यसै बुढा हुँदैनन विभिन्न अनुभवले गर्दा बुढा भएका हुन्छन् त्यसैले उनीहरूको उपदेश सुन्नु पर्छ भन्नु नै यस कथाको निष्कर्ष रहेको छ ।

## ३.७ अल्छी

### ३.७.१ अल्छी कथाको मूलपाठ

एकदेशमा एउटा बुढाका तीनभाई छोरा रचन् गरे । ती छोराहरू असाध्यै अल्छी रहिचन गरे । ती छोराहरूले कामकाग केही नी नजर्नि विहान बेलुका वाउ आमालाई सताउनी, खाली खाने सुत्ने अनि बुढाबुढीलाई दिग्दार बनाउने रचन गरे ।

बुढाबुढीले ठूलो छोरो २२ वर्षको भओ माइलो बीसको भयो कान्छो सत्रको भओ यिनको वृद्धि आएन कसो गरी यिनला तर लाउने त बुढी भनी पिर मानेच । दिनभरि उत्ततना जरा ल्तार सुत्ने साँझ खाने बेलामा उठ्ने गर्ने रचन् । बेलुका ती बुढाबुढीले जो पारेर ल्याको पकाएर सबै तिन भाइ छोराहरूले सक्ने रहिचन् । बा आमाले खाए नखाएको केही नी वास्ता गर्ने रहिचन् । यस्तो अवस्था देखेर बुढाबुढीलाई पिरले सताको रच । एकदिन बुढाले मेरा यी छोरा ज्यादै माते सन्के यिनलाई कसरी तह लाउने होला भनी बुढा पाका सिम गई सोध्चे ती बुढाले “तेरा छोराहरू अल्छी हुन अब तैले आज पाकेको केरा लअर चौतारमा झुँडाइदे राति जो चाँडै उठ्छ तेले खान्च भनेर अर्ती सिकाइदेचन ।

"ल हुन्च" भनर बिचरा त्यो बाउले केरा किनेर ल्याएर चौतारमा झुण्डाइदेच र घरमा आर तिमुर जो चाँडै उठ्छ तेले चौतारामा झुण्डाएको पाकेको केरा खान्च भन्दा पइला माइलो चाइ छोराले भन्यो "ओ जेडदाई" हेर पाकेको केरा खान उठछौ भनी सोध्दा "को भरिमरि उठोस" भन्यो जेठो छोराले त्याट कान्छो छोराले के भन्यो "को रातमा  आजोस बरु नखाने" भन्यो । ती झुण्डाइदिएका केरा पनि तीनवटा छोराले उठेर खाएनन् ।

आजपनि खानन् भोलि पनि खाएनन् पर्सि पनि खाएनन् । हुँदा फेरि त्यो बाउले बुढासित गअर त्यो केरा झुण्डइदिदा पनि मेरा छोराले खाएनन् अब कसो गरम भनी सोधेचन बुढाले भनेचन् तिम्रा छोरा अल्छी भअर हो । गएर त्यसो हो भने तेरा छोरारूपलाई औंठी लअर देखा अनि बेल्का बसेको बेलामा आज कति दुख्यो बुढी यो औलो, औठी सानो भो भन् । त्याट छोराहरूले काट ल्याको हो बा" भनेर सोद्चन । मैले बाँझो खन्न गको थे "छोरा त्यै बाझो खन्दा पाको हुम" भनेर भन अनि भोलिपल्ट तिम्रा छोराहोरले "का हो बा ? हामी पनि जान्चम भन्चन् । त्यसो भन्दा दैला अगाडिको त्यत्रो बाँजो गरो देखाइदेऊ भनी वृद्धि सिकाइदेच ।

बाउले पनि त्यसै गरी बेलका सबै सबेको बेलायमा यो औंठीले औला दुखायो भनी भनेच छोराहरूले पनि काट ल्याको हो बा भनी सोधेचन् । बुढाले "हेर यो गरो खन बाबु हो । मैले नि यो त्यै बाँभो खनेर औठी पाको हुम तिमोरले नि पाउँचौ" भनो बाउले भनेच छोराहरूले पनि हुन्च भनी गरो खन्न गए गरो खनेर भ्याउँदा पनि औठी फेला पारेनचन त्याट बा खै हामीले त औठी पाएनमे भनेचन् "ओहो ! बाबु हो तिमीरूपले डल्ला फोरेनौ, डल्लाभित्र हुन्च नि" भन्यो बाउले, त्याट छोराहरूले डल्ला फोर्न थाले धुलिमण्डल बनाएर धुलैधुलो बनाए, तर पाएनन् औठी

"बा हाम्लेत धुल्याको पनि पाइन्म भने बाउसित । बाउले "हत्तेरी ! बाबु हो डल्लाबाट धुलो खस्यो, धुलाबाट माटामुनि गओ, अ फेरि खन त बाबु दोयारएर औठी पाइन्च भनेच बाउले भनेच

भोलिपल्ट गएर फेरि दिनभरि ती तीन्टा दाजुभाइले धुल्याएर खनेर सबै जिलाएचन तर औठी पाएनचन फेरि बाउलाई औठी त पाएनम भनेचन् बाउले" ए नपाए बाबु अब त्यहा उम्रिदै होला" भन्यो बाउले र गहुँ लएर छर्दियो भनेच छोराहरूले गहुँ लएर छरेचन गहुँ उम्रियो, पसायो, पाक्यो, काटे र चुटे । तीन्टा थैलामा बाउले गहुँ भरो त्याट बाउले "ल हिन बाबु हो, अब यो गहुँ बेच्न जाम" भनेर तीन्टा छोरालाई लिएर बाउले गयो । गएर त्यो गहुँ बेचेर सुन किनेर औठी बनार आयो ।

त्याट बाउले भनो "हो बाबु हो काँ रच ? ल भन त" भन्दा छोराहरूले "बा औठी ता धर्तीमा रच" बाउले भनेच धर्तीमाता आमा पनि यिनै हुन् पाल्नी पनि यिनै हुन वाल्नी पनि यिनै हुन् यै पृथिवीमा पाइन्च बाबु हो । सुन यै छ हिरो यै छ, सबै पाखुरामा छ बाबु हो" भनेर बाउले भनेसि ।

"ओहो ! ठीक रच ठूलदाइ ! ठीक रच भाइ । आगो ताप्नु मुडाको, कुरा सुन्नु बुढाको भनेर सबै छोराले खेती गरेर खाते गरे ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.७.२ अल्छी लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत 'अल्छी' लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुका आधारित लोककथा हो । मानिस अल्छी भयो भने उसलाई कसरी जागरिलो बनाउन सकिन्छ । त्यस कुरालाई कथामा प्रस्तुत गरिएको छ । यस लोकककथामा अल्छी छोराहरूलाई बाउले विभिन्न उपाय अपनाएर काम लगाउँदा त्यसको मेहेनतको फल राम्रो पाएका छन् । यस कथालाई कमल रायमाझीले २०७२/५/५ गते गोलङ्सामा प्रस्तुत गरेका हुन् ।

#### ख) कथानक

प्रस्तुत लोककथामा एकजना बुढाका तीन छोराहरू रहेका हुन्छन् । ती छोराहरू ज्यादै अल्छी काम गर्न केही पनि नखोज्ने बाउ आमाले दिनभरि काम गरेर ल्याएको खानेकुरा अघि सरेर खाने र सुत्ने मात्र गर्ने रहिछन् यसबाट कथाको आरम्भ भएको छ ।

छोराहरू यसरी दिनप्रतिदिन ठूला हुँदै गएको र उनको काम भनेपछि ढलेको सिन्को पनि ठाँडो पार्ने नगरेको देखेका छोराका बा आमालाई निकै चिन्ता परेको र बुढाले छोरारूप सुधार्न एकजना बुढाको सहयोग लिन्छन् । पाकेको केरा चौतारोमा लएर झुन्डाउँदा पनि ती छोराहरूले खाएनन् र दोस्रो उपायमा बाउले सुनको औठी लाएको देखेर बेलुका बुढी यो औठीले कति बिजायो

खोलिदे भन्दा छोराहरूले "ब कति राम्रो यो औठी हामीलाई दिनुस" भनेर भन्दा यो मैले बारी खन्दा भेटाएको भन्छ र तीनै दाजु भाइ बारी खन्न खन्न मन्जुर भएको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

बारी खनेर सक्दा औठी नभेटाएपछि बाउले फेरि धुल्याउँदा औठी भेटाउछौ भनी फेरि धुल्याउन लगाएको र फेरि औठी त भेटाएनौ भन्दा गहुँ लएर बारीमा छरिदेऊ त्यसपछि बल्ल भेटिन्छ भनी गहुँ फलेर चुटेर बजारमा लएर बेचेर पैसा ल्याएर त्यही पैसाले औठी किनेपछि मेनेहत गरे सुन फल्दो रहिछ भनि बुझ्नु कथाको अन्त्य भाग हो ।

### ग) पात्र/चरित्र

प्रस्तुत कथाका पात्रहरू बुढाबुढी, तीनओटा छोरा र अनभवी बुढा रहेका छन् । बुढा कथाका प्रमुख पुरुष पात्र हुन् । आफ्नो छोराहरूको भविष्य बिग्रने ठानी गाउँका बुढासँग राय सल्लाह मागेरै भए पनि भविष्य सुनिश्चित गर्न सफल भएकाले चेतनशील पुरुष पात्र हुन् । अनुभवी बुढा यस कथाका सहायक पात्र हुन् । आफ्ना अनुभवका आधारमा उचित राय सल्लाह दिएर मार्गदर्शन गरेकाले उनी सहायक पात्र हुन् । त्यस्तै तीन छोराहरू बाउको दोस्रो उपाय अनुसार सुध्रिएका गौदा पात्रहरू हुन् ।

### घ) परिवेश

प्रस्तुत कथामा लौकि कपरिवेशको चित्रण गरिएको छ । यस कथामा आएका प्रमुख स्थानकरूप घर, चौतारो, छिमेकी बुढाको घर, बारी, बजार रहेका छन् । घरमा बुढाबुढी छोराका विषयमा चिन्तित भएका घटना छन् । चौतारोमा केरा झुण्ड्याएर राखिएका घटना छन् खेतमा औठी पाइन्छ भनेर खन्न लगाइएको , गहुँ छरेका, काटेका चुटेका परिवेश उल्लेख गरिएको छ । घर, गाउँ, बारीका घटना चित्रणले स्वच्छ वातावरणको चित्रण आएको छ भने विविध घटना पात्र, समय र स्थान अनुकुल घटेका घटनाले कथा कौतुहलमय बनेको छ ।

### ङ) द्वन्द्व

प्रस्तुत कथामा बुढाका तीन छोराहरू अल्छी भएका र तिनलाई सुधार्न बाउलाई मानसिक द्वन्द्वले सताएको छ । छोराहरूलाई सुधार्न कहिले चौतारोमा केरा झुण्डाउने त कहिले सुनको औठी लगाएर औला दुखेको नाटकीय रूपले भएपछि बाउ छोरालाई सुधार्न सफल भएको छ । छोराहरूले

बसेर खाने बाहेक अरु काम नगरेकाले बाउले विभिन्न सल्लाह लिएर भएपनि सुधार्न सफल भएको छ । यस कथामा छोरा काम नगर्ने पक्षमा र बाउ सुधार्ने पक्षमा रहँदा द्वन्द्व सुरु भई बाउ नै सफल भएको छ ।

**च)    कथोपकथन**

प्रस्तुत कथामा बाउले छोराहरूलाई सुधार्न चौतारेमा केरा झुण्डाएर घर फर्केपछि भोलि बिहान जो जाडै उठ्छ त्यसले केरा खान्छ भनी भन्दा माइलो छोराले “जेठ दाई जेठ दाई यो जाडोमा को उठेर केरा खायोस” भनी भनेका कथन छन् भने बाउले छिमेकी बुढाको सल्लाह अनुसार सुनको औठी लगाएको देखाएर छोरारूपले “बा ! बा यो औठी का पाइन्छ हामीरूपलाई नि भनिदिनुस भनी भनेका सवादले कथालाई रोचक बनाएको छ ।

**छ)    उद्देश्य**

प्रस्तुत कथामा विग्रदै गरेका छोराहरूको भविष्यप्रति चिनिन्त बुढाले अेनकौ प्रयास पश्चात् सही मागदर्शन गरेकाले यसको उद्देश्य छोराछोरीप्रति बाबुआमा सदैव उत्तरदायी हुन्छन् र हुनुपर्छ भन्नु रहेको छ । त्यस्तै छोराछोरीले आफ्नो कर्तव्य के हो ? जिम्मेवारी कस्तो हुन्छ र के गर्नुपर्छ भनी दायित्व बोध गराउनु यस भन्नु पनि कथाको उद्देश्य हो । यस्ता विविध घटना संयोजनले नैतिक शिक्षा दिनु अनि मनोरञ्जन गराउनु अर्को उद्देश्य हो ।

**ज)    भाषा**

प्रस्तुत लोककथामा विविध स्रोतका शब्दहरू प्रयोग भग्का छन् । पृथ्वी, धर्तीमाता जस्ता संस्कृत तत्सम शब्द र माटो, छोरा बुढा, बाउ जस्ता तद्भव शब्द पर्याप्त मात्रामा स्थानीय लोकशब्दको प्रयोगले कथा सरल, सहज र रोचक बनेको छ ।

**झ)    शैली**

प्रस्तुत लोककथामा पात्रहरूको बीच पर्याप्त संवाद भएकाले यसमा संवादात्मक शैली प्रयोग भएको छ । कथाका पात्ररूपको वर्णन गरिएकाले वर्णनात्मक शैली पनि पाइन्छ । तृतीय पुरुष शैलकि पात्र भएको यस कथामा आफूभन्दा ठूलाका अर्ती उपदेश महत्त्वपूर्ण हुन्छन् भन्ने भाव रहेको छ ।

## ज) निष्कर्ष

प्रस्तुत कथाको बुढा त्यसै बुढा हुँदैन उमेर सँगसँगै जीवन भोगाइका अनुभवसँगै बुढा भएका हुन्छन् त्यसैले ठूलाका अर्ती उपदेश मान्नुपर्छ भन्नु नै यस कथाको निचोड रहेको छ ।

# ३.८ टोपी

## ३.८.१ टोपी कथाको मूलपाठ

धेरै पहिल्यैको कुरा हो । एउटा युवकको बिहे भएच गरे । बिहे गरेसी उसको कमाइ केही रहिनच गरे । घरको आर्थिक स्थिति पनि कमजोर रहिच गरे । साँझ बिहान पनि खान धौ धौ भएसी । त्यो विदेश गच गरे । विदेश गर पैसा कमाएर त्यो घर फर्केच गरे । घर फर्केसी उसले कमाएको पैसाले हासी खुसी भई रमाउन थालेचन गरे ।

घर आको पाँच सात दिन पिछाडि त्यो केटो साथी लेर ससुराली घर जाने विचार गरेचन गरे । ससुराली जाँदा जादै बाटोमा उसलाई टोपीको याद आएच टोपी लाको छैन । मलाई टोपी नलाको जुवाई भन्ने भए भनेर पिर मानेच । त्याट सँगै गको साथीले भनेच "के पिर मान्चौ यो मेरो टोपी लाउ न त" भनेर भेनच । अ हो त नी ससुली घर लाउचु त्याट फर्केसी तैले लाउलास भनी साथीको टोपी लाच साथीको टोपी लाएर ससुराली घर गच ।

ससुराली पुगेर पिढिमा बसेचन पाँच सात वर्ष पछि देख्दा काम्लो दसाएर ससुराले सोधेछन् तपाई को हो ? घर का परो ? चिन्न सकिएन भन्दा सँगै गको साथीले भनेच "जुवाई त उहाँ हुनुहुन्च टोपी चाहि मेरो हो" टोपीको कुरा नगर भन्दा भन्दै सासु, आइपुगिचन् गको सगीले भनेच जुवाईलाई चिन्नभएन जुवाई उहाँ हुनुनच टोपी पनि उहाँकै हो ।" जुवाईलाई रिस उठेच खाली टोपीकै कुरा गरचस टोपीका कुरा नगर भनेको होइन । मलाई खाली टोपी टोपी भन्छन् भनी नदेखेको बेलामा गाली गरेच ल ल अब मैले टोपीका कुरै गर्दिन भै गो भनेच ।

गएर चिया खाई उरी आराम गरेचन् केही बेर पछि दुःख सुख बाडेर कुराकानी गरेचन गरे । त्यति नै बेला जेठान आइपुगेचन जेठानले जुवाई चाहि को पर्नुभयो भन्दा गएको संगीले भनेच "जुवाई त उहाँ नै हुनुनच तर टोपीका भने कुरे नगरौ" भनेर सगीले भनेच । जो आउदा टोपीका ज कुरा गच भनी त्यो रिसाच तलाई अरु कुरा आउन जथेर पनि तेरै टोपीका कुरा गरचस भन्दै

रिसाएच । मेरो तैले बेइजत गरिस् भन्दै खानको खार सुतेचन् । भोलिपल्ट विदावारी भएर बाटामा जाँदा हिज मेरो तेत्रो बेइजत गरदिस् भन्दै गाली गर्दे घर फर्केथन्

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.८.२ टोपी लोककथाको विश्लेषण

**क) परिचय**

प्रस्तुत 'टोपी' लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा पारिवारिक सम्बन्धको बारेमा उल्लेख गरिएको छ । यस कथामा टोपीका महत्त्व के कति छ र कस्तो अवस्थामा यो नभई हुँदैन् यसको महत्त्व दर्शाइएको छ ।

**ख) कथानक**

प्रस्तुत कथामा एकजना युवकको बिहे भएको र बिहे पश्चात् घरको आर्थिक स्थिति कमजोर भएका कारण विदेश गएको प्रसङ्ग कथाको आदि भागमा उल्लेख गरिएको छ ।

युवकले विदेश गई धन कमाई फर्केपछि पाँच सात दिन पछाडि एकजना साथी सँगै ससुराली जाने निर्णय गरेछ र ससुराली जान भनी हिँडेछ । बाटोमा जाँदा टोपीको सम्झना आई टाउको छाम्दा टोपी नलाएको रहिछ । सँगै गएको साथीको टोपी मागी ससुराली घर पुगेको युवक बाउ, आमा दाजुले धेरै वर्षपछि भेट भएको र नचिन्दा सँगै गएको साथीले "ज्वाई त उहाँ हुनुहुन्छ तर टोपी मेरो हो" भन्ने गरेको र जत्ति सम्झाए पनि त्यसले चिनाउने क्रममा टोपी मेरो हो भन्न नछोडेको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

गएको साथीसँगै टोपी मेरो हो भनी बेइज्जत गरेको भन्दा रिसएको र भोलि बिहान विदावारी भएर घर फर्केको प्रसङ्ग कथाको अन्त्य भागमा गरिएको छ ।

### ग) पात्र/चरित्र

प्रस्तुत लोककथाको प्रमुख पात्र युवक रहेका छ । आर्थिक स्थिति कमजोर भएको युवक पात्र बिहे पश्चात विदेश गई ससुराली जाँदा टोपी छुट्टाएको र सँगै गएको साथीको टोपी लगाई साथीले मेरो हो भनी भनेकोमा लल्जास्पद भोग्नु परेको पात्र हो । युवकको साथी कथाको सहायक पात्र हो । युवकको ससुराली जाँदा टोपी दिएको सहयोगी पात्रले मान्छे पिच्छे मेरो हो भनी मुख छोड्ने मुखालो पात्र हो ।

### घ) परिवेश

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । यस कथामा आएका प्रमुख स्थानहरू युवक पात्रको घर, विदेश ससुराली गाउँ रहेका छन् । घरमा युवकको आर्थिक स्थिति कमजोर भएका कुरा आएका छन् । विदेशमा युवक धन कमाउन गएको प्रसङ्ग उल्लेख गरिएको छ । ससुरालीमा सञ्चो विसञ्चोका प्रसङ्गसँगै टोपी छुट्टाएको प्रसङ्ग उल्लेख गरिएको छ ।

### ङ) द्वन्द्व

प्रस्तुत लोककथामा ससुराली जान हिडेको युवकले टोपी बिर्सेको र सँगै गएको साथीले दिई लगाएको छ । अपशोच सँगै गएको साथीले टोपी त मेरो भनी परिवारका सबै सदस्यसँग भन्दा युवक पात्र रिसले चुर भएको छ । मान्छे नदेखेको बेलामा "अब तलाई भनिस भने टोपीका कुरा गर्दै नगर" भन्दा पनि गर्न नछोडेकाले युववलाई आन्तरिक द्वन्द्वले सताएको छ ।

### च) कथोकथन

प्रस्तुत कथामा ससुराली घर पुगेको युवकलाई बाले नचिन्दा "तपाईको हुनुहुन्छ कुन गाउँबाट पाल्नु भयो बसौ" भनी काम्लो डसाइदिदा "ज्वाई त उहाँ हुनुहुन्छ तर टोपी चाहि मेरो हो" भनेका संवादहरू युवक पात्रले "टोपीका कुरै नगर भनी" सम्झाएको र परिवारका अन्य सदस्यलाई चिनाउँदा "ज्वाई त उहाँ हुनुहुन्छ तर टोपी चाई मेरो हो" भनेको संवादले कथा थप रोचक र कौतुहलमय बनेको छ ।

छ) उद्‌देश्य

प्रस्तुत लोककथाको प्रमुख उद्‌देश्य कसैको सामान प्रयोग गर्दा त्यसको प्रतिफल आफैले भोग्नुपर्छ त्यसैले कही कतै हिड्‌दा आफ्नो सामान आफैले लैजान विर्सनु हुँदैन भन्नु रहेको छ ।

ज) भाषा

प्रस्तुत लोककथामा स्थानीय बोलचालको भाषा प्रयोगले गर्दा कथा सरल, सहज र रोचक बनेको छ । एउटा टोपीलाई नै विषयवस्तु बनाएर त्यसैको सेरोफेरोमा रहेर कथा बनेको छ । एउटा मान, प्रतिष्ठा र इज्जको रूपमा टोपीलाई लिइएको छ ।

झ) शैली

प्रस्तुत लोककथामा पात्रहरूको बीच पर्याप्त संवाद भएकाले संवादात्मक शैलीको प्रयोग भएको छ । तृतीय पुरुष शैलीका पात्र भएको यस कथामा कही कतै जाँदा आफ्नो सामान छुट्याउनु हुँदैन भन्ने भाव रहेको छ ।

ञ) निष्कर्ष

प्रस्तुत लोककथाको युवक पात्रले आफूले टोपी बिर्सदा सबैको सामु लज्जास्पद हुन परेकाले कुनै ठाउँ जाँदा हतार नगरी आफ्नो सामानको व्यवस्था आफैले गर्नुपर्छ र कसैलाई सामान दिदैमा त्यो मेरो हो भनी बारम्बार भनी राख्नु पर्दैन जसले गर्दा सँगैको साथीलाई लाज नहोस् ।

## ३.९ कालीको कथा

### ३.९.१ काली कथाको मूलपाठ

धेरै वर्ष अलिको कुरा हो । एउटी काली नाम गरेकी केटी रहिचिन् । तिनका बा आमा उनी सानो हुँदा परलोक भका रहिचन् । कालीका सात दाजुलाई रहिचन् । सात ओटा भाउजु रहिचन् । उनका दाजु पैसा कमाउन परदेश लागेचन् । घरमाा काली सातोटी भाउजुका साथ बसिच घरका सातोटी भाउजुहरूमा छ ओटी दुष्ट रहिचन् । कान्छी भाउजुले चाहिँ कालीला अल्लि माया गर्ने रहिचे । कान्छी भाउजुले चाीह आफूला खान देको खाने कुरा नङ्मा लुकार नन्दला दिने रहिचे ।

एकदिन कालीकी जेठी भाउजुले सात गेडा धान दिदै भनीचे "जा धान कुटेर लेरा" काली भन्दै सात गेडा धान दिइचे कालीसित नत ढिकी नत नाङ्लो नत कुचो केही पनि रहिनच गरे । त्यही पनि काली घराट रुदै रुदै निस्कीच जाँदा जाँदै भगरोलाई देखिच र गुनासो सुनाइच "मेरा दाजु परदेश गए मेरी भाउजुले मला सात गेडा धान दिई कुटेर ल्याउन भनिन्छन् । म कसरी कुटम" कालीको दुःखेसो सुनेसी भगेराले ले म कुटदिन्चु भनेच र एक गेडा आफू राखी छ गेडा दिई पठाच घर लर भाउजुलाई दिदा खोइ ता एक गेडा का हालीस खाइस भनी गाली गरिच । त्याट फेरि काली रुदै रुदै भगेरासिम गइच र मेरी भाउजुले छ गेडा ल्याइस एक गेडा खाइस भनी कराइन भनिच र भगेराले राखेको एक गेडा चामल दिई पठाएच ।

फेरि अर्को चोटी चाल्नो देर पानी लेर आउन भनी अह्रासचन् काली धारोमा पुगेर विलौला गरिचे विलौना सुनेर चिप्ले किरा आर चाल्लोको दुला ग्रालले टाल्देचर र कालीले चाल्लोमा पानी लेर घर गइच । भाउजुहरू कालीले कसरी पानी लेर आई भनी भाउजुहरू छक्क परेचन् जति ठूलो काम अह्राए पनि यसले ल्याउन सक्छे भनी फेरि कालीला बघिनिसित लदुध मागेर ल्याउन लाचन । अँ कालीले मैले जति विलौना गरेर ल्याए । नी मला झन ठूला काम अह्राउने भनी रुदै रुदै गुफामा पुगिचे । गुफामा पुग्दा डमरुहरू खेलिरहेको रहिचन् । अँ डमरुहरूमध्ये एउटा डमरुले आर सोध्यो । तिमी या केन आको हो भनी सोधेच कालीले मला भाउजुले बहिनीको दुध ल्यार आउन भनेकी छन् भनिच ।

डमरुले भनेच "तिमी या नबस हाम्रा बा आमा सिकार खेल्न गाका छन् अहिले देखे भनी खान्चन तिमी झाडीमा गर बस म तिमला दूध दिन्चु" भनेच । बहिनी आएर डमरुले कालीलाई दूध देच र काली दूध लेर भाउजुका पुगिच ।

बाघको मुखबाट पनि बचेर आकी कालीला खुब पिटपाट पारेचन खान केही नी देनचन र सिमलको फुल लेर आँ भनी पठाचन । काली खुब रोइचे अँ तर कालीला माया गर्ने कोही नी भएनचन् । काली रुदै रुदै जङ्गलमा पुगिच । सिमलका ठूला ठूला रुखहरू थे काली चढ्न सकिनच । चढ्न खोज्दा खोज्दै बल्ल तल्ल काली एउटा रुखा चढ्न सकिचे तर झर्न सकिनचे झर्न नसकेकी काली रुखमै बसिरहेको रची ।

प्रदेश गका उसका दाई आचन बाटा आउँदा त्यही सिमलको रुखमुनी भात पकाउन थालेचन भात भी पाकेच भाग लाएचन भाग लाउदा आठ भाग भएच जेठो दाईको घुडामा आसुको

थोपा परेच त्याट यो शीत हो की आँशु भनि माथि फर्की हेरेचन माथि हेर्दा त आफ्नी बहिनी पो रुखमा बसेको देखेचन । दाई रुख चढेचन् कालीला ओरालेचन किन, कसरी याँ बसेकी भनी सोधेचन । कालीले नी सबै कुरा बताइच । सबै कुरा बतासी बहिनीलाई सन्दुषका हालेर घर गचन् ।

घर गर सबै कुरा सोधेसी खोइ बहिनी बहिनी ला त देखेनौ भनी सोधेचन छ वटी भाउजुले खै यत्तै हुनुन्तो कता जानु भएच भनी भनेचन कान्छी भाउजु चाहिँ चुप लागिचन । झुटो कुरा गरेको भनी छ वही भाउजुलाई नाक कान चुत्टो काटी कुटपिट गरी धराट निकालेर त्याट काली दाजुहरू र कान्छी भाउजु भई दुर्गा माताको सेवा गरी बसिरहिन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ३.९.२ कालीको कथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा आएको समाज एक अशिक्षित वर्गको प्रतिनिधित्व गर्ने समाज हो । यस कथालाई सरिता कुँवरले छहरामा प्रस्तुत गरेकी हुन् ।

**ख) कथानक**

प्रस्तुत लोककथामा कालीका आमा सानो छदै परलोक भएको रहिछन् । काली सात दाजु र भाउजूका साथमा बस्दि रहिछन् । कालकिा दाजुहरू धन कमाउन परदेश गएका र सबै भाउजु मध्ये कान्छी भाउजु कालीलाई माया गर्ने र खानेकुरा नङ्मा लुकाएर दिने गर्ने रहिछिन् यसरी कथाको प्रारम्भ भएको छ ।

कालीलाई भाउजुहरूले कहिले सात गेडा धान दिई ढिकी न जातो सित त्यसै कुटेर लेरा भन्ने भाउजुहरूले काली रुदै भगेरासँग विलौना गरी धान कुटेर जान्थी । जसो गरे पनि कालीलाई अप्ठ्यारोमा पार्ने भाउजुहरूको नीति भएकोले कहिले चाल्नो दिएर पानी लिएर आउन लगाउँथे काली दुर्गाको भक्त भएर कुनै न कुनै रूपमा समस्याको समाधान हुन्थ्यो । एकदिन भाउजु कालीलाई बलिनीको दूध लिएर आउन भनेको र काली बलिनीको दूध लिएर आउन सफल भएको प्रसङ्ग पनि कथामा उल्लेख गरिएको छ । जे गरे पनि काली सफल भएर आएको देखेर छक्क परेका भाउजुले एकदिन त सिमलको भूवा टिप्न जङ्गलमा पठाएछन् । काली रुदै रुदै जङ्गमा पुगेको र सिमलका ठूला ठूला रुख भएकाले काली चढ्न नसकेको र एउटा मिसलको रुखमा बल्ल बल्ल चढेकी काली झर्न भने नसकी रुखमा बसिरहेकी छिन् । कालीका दाजुहरू परदेशबाट फर्केर बाटोमा त्यही जङ्गलमा खाना पकाएर खान भनी लागेका दाजुको भागमा आशुको थोपा पऱ्यो र के हो भनी हेर्दा आफ्नो बहिनीको त्यो अवस्था देखेर बहिनीलाई रुखबाट झरालेको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

बहिनीलाई सन्दुषमा बोकेर घर गएका दाजुहरूले आफ्नी श्रीमतीलाई “खोइ बहिनी कता गई खोइ हामीले त देखेनौ भन्दा” भाउजुहरूले “खोइ यही हुनुहुन्थ्यो कता जानुभयो” भनी झुटो

कुरा गरेका छन् । कान्छी भाउजु बाहेक सबैलाई पिटेर घरबाट निकाली दाजुहरू कान्छी भाउजु र काली सँगै बसेको प्रसङ्ग कथाको अन्त्य भागमा उल्लेख गरिएको छ ।

### ग) पात्र/चरित्र

यस कथाका पात्रहरूमा काली, कालीका सात दाजुहरू, सात भाउजुरूप भगेरा, बहिनी इत्यादि रहेका छन् । काली यस कथाकी प्रमुख महिला पात्र हुन् । सानैमा बाउ आमा गुमाएकी काली भाउजुहरूको दुष्ट व्यवहारले विभिन्न अप्ठ्यारा कठिनाइहरू भोग्दै सङ्घर्ष गरेकी सङ्घर्षशील पात्र हो । कालीका सात दाजुहरू पैसा कमाउन परदेश गएका बहिनीलाई अत्यधिक माया गर्ने उदारवादी चरित्रका पुरुष पात्र हुन् । सात भाउजुहरूमा ६ वटा भाउजुले कालीलाई कुनै न कुनै बाहानामा कालीलाई सताउने दुष्टचरित्रका पात्र हुन् कान्छी भाउजु आफूलाई खान दिएको खाने कुरा पनि नङ्मा लुकाएर नन्दलाई दिने चेतनशील पात्र हो । भगेरा, बलिनी यस कथाका मानवेत्तर सहयोगी पात्र हुन् ।

### घ) परिवेश

प्रस्तुत लोककथा लौकिक र अलौकिक परिवेशमा चित्रण गरिएको छ । यस लौकिक परिवेश अन्तर्गत आएका स्थानहरू घर, परदेश, जङ्गल, गुफा, फेरि जङ्गल घर रहेका छन् । घरमा कालीका बा आमा गुमाएका कुरा छन् । आर्थिक स्थिति कमजोर भएका कारण दाजुहरू परदेश गएको परिवेशको चित्रण गरिएको छ । जङ्गलमा काली धान कुटन गएको  परिवेश र गुफामा भाउजुहरूले बलिनीको दूध लिएर आउन भनेको प्रसङ्ग छ र अन्त्यमा सिमलको भूँवा टिप्न गएको जङ्गल परिवेशको चित्रण गरिएको छ । अलौकिक परिवेशमा काली दुर्गामाताको भक्ति हुनाले धान कुट्दा चरले सहयोग गरेको पानी ल्याउँदा माछाले सहयोग गरेको दूध ल्याउँदा डमरुले सहयोग गरेको परिवेश आएको छ ।

### ङ) द्वन्द्व

प्रस्तुत लोककथामा कालीका दाजुहरू परदेश गएपछि कालीलाई मानसिक चिन्ता परेको छ । अनेकौ बाहानामा कालीलाई भाउजुहरूले गुफा जङ्गलमा पठाएर घर नआए हुन्थ्यो भन्ने गर्थे तर काली जसरी पनि सफल हुन्थी । कालीलाई नै घरबाट हटाउने विचार गरेका भाउजुहरूले अन्तिममा आफैले घर छोड्नुपरेको छ ।

### च) कथोपकथन

प्रस्तुत लोककथामा पात्रहरू बीचमा दोहोरो संवाद प्रस्तुत गरिएको छ । भाउजुहरूले “जा धान कुटेर लेरा” भन्दा काली केही नबोली सहस्र स्वीकारेका कुरा छन् । धान कुटेर ल्याएपछि “चाल्नोमा पानी भरेर लेरा” भनेका संवाद छन् । चाल्नोमा पानी ल्याइकी कालीलाई “जा बहिनीको दूध लेरा” भनेका कुरा छन् भाउजुहरूले सिमलको भुँवा टिपेर ल्याउन लगाएका र काली भुँवा टिप्न जङ्गलमा जाँदा दाजु बहिनीको भेट भएको र दाजु बहिनी सँगै बसेको र कालीका ६ भाउजुहरूलाई घरबाट निकालिएको प्रसङ्गसँग कथा टुङ्गिएको छ ।

### छ) उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य जसलाई गर्‍यो हेला उसैको पयो फेला जस्तै भएको छ । कालीलाई घरबाट निकाल्न विभिन्न वाहाना खेलेका कालीका ६ वटी भाउजुहरू आफै घरबाट निस्किनु परेको छ । विभिन्न बाहानामा जङ्गल पठाएका जसरी भएपनि घर आउन सफल भएकी छ । त्यसैले कसैलाई पनि हेला गर्नु हुँदैन त्यही हेला गरेको मानिसको फेला पर्न सकिन्छ ।

### ज) भाषा

यस लोककथाको भाषा सामान्य लेखपद गर्न जानेको व्यक्तिले पनि पढेर बुझ्न सक्ने सरल भाषाको प्रयोग गरी लेखिएको छ । कथा कालीलाई जति पनि गर्न नसक्ने र अप्ठ्रा कामहरू छन् ती सबै भाउजुहरूले गर्न लगाउँथे र ती काम कसरी गरेको भनी कथा पढ्दा आङ्ग नै सिरिङ्ग हुने गर्छ ।

### झ) शैली

प्रस्तुत कथामा प्रशस्त मात्रामा संवाद भएकाले संवादात्मक शैलीमा कथाको रचना गरिएको छ र पात्रहरूको वर्णन गरिएकाले वर्णनात्मक शैलीको पनि प्रयोग भएको पाइनछ । तृतीय पुरुष शैलीका पात्रहरूको प्रयोग भएको यस कथामा धेरै वर्ष अघिको कुराबाट सुरु र सुन्नेलाई सुनको माला ………… जस्ता शब्दबाट टुङ्ग्याउनेले कथा रोचक बनेको छ ।

ञ)	**निष्कर्ष**

प्रस्तुत लोककथा सबै मानिस एक हुन कसैलाई पनि नराम्रो व्यवहार गर्नुहुँदैन । कसै माथि नराम्रो व्यवहार गरिऱ्यो भने त्यो आफू माथि आइलाग्छ भन्नु नै यस कथाको निष्कर्ष हो ।

## ३.१० छट्टु भान्जो

### ३.१०.१ छट्टु भान्जो कथाको मूलपाठ

एकादेशमा दुईटा मामा र भान्जा थिए मामा धेरै धनी र भान्जो निकै गरिब रहिच् । मामा धनी भइकन नी मूर्ख र छुच्यो स्वभावको थेयो भने भानिज भने बाठो चङ्खे र दानी थेयो । एकदिनको कुरो हो भान्जाको घर छोरा विराइ भएच र पैसा नभएर मामाका पैसा माग्न गच तर मामाले पैसा दिनुको साटो जडीबुटी खोवाएर सन्चो गराउनु भनी घर पठाएच भान्जो घरमा आई जडीबुटी बनाइ दवाई खोवाएच तर उसको छारला सन्चो भएनच र फेरि मामाका गर पैसा माग्दा उसलाई दुवाई राम्रोसँग खुवाएनौ होला ? राम्रो सँग समय हेरी खुवाउनु भनी पठाएचन् घर फर्की समय मिलाई खेवाउँदा पनि निको भएनच् । एक महिनासम्म खोवाउदा पनि २० को उन्नाइस भएनच छोरा झन गम्भीर र कमजोर हुँदै गएच मामालाई डाक्टरका लैजाने पर्न भओ बरु जति ब्याज लाग्च पैसा दिन भनेच । मला एक हजार दिन परो भन्दा हजुरबाको श्राद्धमा अलि धेरै दान दिम्ला बरु अहिले अन्तै खोजेर काम चलाउ भनो । भान्जो सारा गाममा डुलेच तर पैसा पाएनच दुई महिना पछि छोरो थलिएर मरेच । भान्जोले मामा छुचो भएकाले मेरो छोरो अकालमै मरो भनी रोएच र मामाको धन जसो गरेर भएनी हात पार्ने जुवित निकालेच ।

भान्जोले एकदिन गोठालो जाँदा एउटा अति सुन्दर लौरी बनाएच र घरा बेलुकी आई आफ्नी श्रीमतीलाई भनेच “भोलि बिहान तिमी मरे जस्तो गर्नु, म तिमलाई बाधेर मामाका गई मामा ला बोलाएर ल्याउचु त्यसी त्यो लौरोले तिमलाई छोएसी तिमी जाग्नु है” भनी उपाय रचेचन् । त्यस राति सुती भोली बिहानै श्रीमतीला बाँधबुध गरी मामाला लिन गच र सबै कुरा भनेचा ए भान्जी बुहारी पनि मरिन भनेर फाल्न दुवै आएचन । जब लास उठाउन लाग्दा भान्जाले भनेच “ए मामा ए म त भुसुवकै बिर्सेको त्यो छानामा भको लौरी ल्याउनुस न मैले जानेको छु” भनी भनेसी मामाले दगुदै गई त्यो लौरी ल्याएच लौरी मामाको हाता दिने बित्तिकै उसले श्रीमतीलाई छोएच पहिला भनेझै मरे जस्तो गरेकी श्रीमती विउतिहालिच । यो देखेर मामाले “यस्तो मरेको मान्छे जगाउने

लौरी काट ल्यायौ यो लौरी त म जति पैसा परे पनि किन्चु मलाई ल्याऊ” भन्दा भान्जाले नाई यो लौरो त म मरेपनि दिन्न भनेच लाख विन्ती गरेसी त्यो लौरो मामालाई दुई हजारमा देच ।

त्यसी मामा घर गच । घर गई श्रीमतीलाई बाँधबुध गरी पिटेर मारेच श्रीमती मरेसी भान्जालाई बोलाउन गच ए भान्जा ! तिम्री माइजु ता मरिन आउ त भनी बोलाएच भान्जो नी गएच । आगनमा बाँधबुध गरेर मरेकी श्रीमतीलाई लौरीले छुन भान्जालाई अह्राएच । भान्जाले छानोमा घुसारेको लौरी लेच मामाले त्यो लौरीले श्रीमतीलाई छुदा नी आफ्नी श्रीमती विउतिनछिन र फेरि लोचेच त पनि जागिन्चे । त्याट मामाले तिमले मला घोका दियौ ढाटयौ, छल्यौ भनी भान्जाकै हरको लुगा खोलेर समातेर बोराभित्र राखेर बाहिराट डोरीले कसेर मारौ भनी भान्जो पाप लाग्छ भनी चल्यो भनी खस्ने मूल बाटोको नजिकै भको तल नदी बगिरको छङ्गाछुरे भिरको टाकुरामा राखदिन्चु भनी बरबराउँदै बोकेर लएर राखेच । भान्जोले नी सुनिरहेच । आफू चल्यो भनी भीरबाट गुल्टीने भन्ने कुरा थाहा पायो । मामाले भिरको टाकुरोमा अलिकति हल्लेपनि खस्ने गरी बोराभित्र भको भान्जोलाई छोडेर घर आयो । आफ्नो श्रीमतीको शोकमा भ्क्रोक्राएर बसेच ।

उत्ता घोडाको ट्कट्क आवाज सुनेर भान्जो कराएच घोडामा सवार भको धनी मान्छेले पनि त्यही आई एक दुक्क भएर घण्टौ सम्म हेरेच हैन के रहिच भनी घोडाबाट ओलेर सोधेच हैन के हो केन कराको ? भनेपछि वाराभित्रको भान्जाले भनेच हल्ला नगर्नुस दाउ चलिरहेछ अब एक लाखको पालो भनी चिच्याउँदै मार्‍यो ....... भनेच । त्यो धनी मान्छे लोभिएच र भनेच “ए बाबु त्यहाँ हमी पनि हेर्न सकिन्च ?” भन्दा उसले तपाई एकपटक मात्र हेर्न सक्नुन्च भनेर धनी मान्छेलाई बोरा बाधेको डोरो समातेर फुकाउनुहोस भनेच र धनी मान्छेले त्यसै गरी फुकाएच । बाहिर निस्केसी उसलाई मामाले देको दुई हजार रूपैया देखाउँदै अन्तिम दाउ तपाईले बिगारिदिनुभयो भनेच । मामाले पनि उसलाई भिरमा बाधेर राखिदिएको थियो । धनी मान्छेलाई पनि मामाले राखे जस्तै गरेर सबै खोलेर बोराभित्र राखदेच धनी मान्छे खोइ त केही पनि छैन भन्दै थेयो । त्यही बेलामा धनी मान्छेको लुगा औठी लगाउँदै थेयो । एकछिन पछि ऊ घोडामा चढो त्यही बेला घोडाले लगाएको घण्टीमा आवाज सुनेपछि धनी मान्छे रिसले चुर भई तला, के भन्दै थेयो । त्यही बेलामा धनी मान्छे भिराट गुल्टियो र घोडा लर भान्जाले आफ्ना मामाघर लगेर टक्क आँगनमा अड्यायो र मामालाई ढोग नमस्कार गरो मामा तपाईले मला स्वर्ग पुर्‍याइ दिनुभएकोमा धेरै धेरै धन्यवाद भनो । मामा पनि अचम्मा परो अहो । भान्जा तिमी कसरी कसरी बाँच्यो ? त्यस्तो भिरमा राख्दा पनि तिमी यसरी आयौ । यो घोडा औठी कपडा कसरी पायौ मामाले सोधो र मान्जोले भन्यो “तपाईले मलाई भलो

गर्नुभयो । म स्वर्ग पुगे ।स्वर्गमा मैले हजुरबा हजुरआमा सबैलाई भेटे" भनी भन्यो । मामाले "माइजुलाई नी भेटायौ भान्जा भनी सोधो "अ माइजुले त दिनुभको यो औठी भनी भन्दा" अहो ! माइजुलाई भेटयौ ? उसो भए मलाई पनि माइजु भको ठाउँमा लगि देऊ, भनेर भन्यो भान्जाले मामालाई बोरामा राखी त्यही छड्गाछुरे भिरमा राखिदिओ र मामा आफ्नी श्रीमती भेट्न भनी गए । भान्जो घर गई आफ्नी श्रीमती ल्याएर मामाको सारा सम्पत्तिमा रजाई गरी बस्यो ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला
यो कथा सरासर वैकुण्ठमा जाला,
भन्नेबेला खुरुक्क मुखमा आईजाला

### ३.१०.२ छट्टु भान्जो लोककथाको विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यस लोककथालाई माया रायमाझीले २०७२/५/१० गते गोलङसमा प्रस्तुत गर्नुभएको हो ।

**ख) कथानक**

प्रस्तुत लोककथामा मामा भान्जा भएको र मामा धेरै धनी छुच्चो र मुर्ख थियो भने भान्जो बाठो भएको प्रसङ्गबाट कथाको प्रारम्भ भएको छ ।

एकदिन भान्जाले छोरो बिरामी परेकाले औषधी गर्नको लागि पैसा माग्न मामाको घरमा पुग्छ तर मामाले पैसा दिनुको सट्टा जडीबुटी औषधी बनाएर खुवाउने सल्लाह दिन्छ र भान्जोले जडीबुटी बनाएर खुवाउँदा पनि छोरालाई सञ्चो लाग्दैन र फेरि ब्याजमा भएपनि पैसा दिनुस मामा भन्दा हजुबुबाको श्राद आएको छ त्यसै बेलामा दान दिम्ला भन्छ । सारा गाउँमा डुलेछ तर कसैले पनि पैसा दिएनछ । छोरो दुई महिना थलिएर मरेछ भान्जालाई मामाले पैसा नदिएर छोरो मयो मामाको पैसा जसरी भएपनि हात पार्नु पऱ्यो भनी जुक्ति निकालेछ । भान्जोले गोठालो जाँदा एउटा लौरो काटेर ल्याएछ र आफ्नी बुढीलाई मरे जस्तो गरेर सुत्नु मामालाई बोलाएर ल्याउँछु यो लौरीले छुन्ने बित्तिकै त जाग्नु भनी सिकाएछ र भोली बिहान त्यस्तै नाटक गरेछन् । मामाले यो मेरेको मान्छे जगाउने लौरो त म जत्ति पैसा परे पनि लैजान्छु भनी विन्ती गर्दा दुई हजारमा लौरो बेचेछ ।

मामाले पनि आफ्नी श्रीमतीलाई लौरीले पिटेर मारेर बोरामा हालेर भान्जालाई बोलाएर लौरीले छुन लगाएछ तर ब्युझिनछ श्रीमती नब्युझिएपछि मलाई धोका दियो भन्दै भन्जाले लगाएका कपडा खोलिदिए बाध बुध गरेर बोरामा हालेर भिरको टुप्पा माथि राखिदिएछ । अलिकति चल्यो भने मरिन्छ भन्ने कुरा थाहा पाएछ । उत्ताबाट ट्कटक गर्दै घोडामा एउटा मान्छे सवार भएपछि अब एक लाखको दाउ भनेको घोडामा सवार मान्छेले सुनेर टक्क उभिई बाबु हामी पनि त्यहाँ आउन पाइन्छ भनी सोध्दा पाइन्छ डोरी समातेर फुकाउन लगाएछ । दुई हजार देखाउँदै तपाईले दाउ बिगार्नुभयो भनी आफूलाई जस्तै बोरामा राखेर बाँधेर छोडिदिएछ । त्यही बेलामा धनी मान्छेको औठी कपडा लगाई घोडामा चढेछ धनी मान्छे भीरबाट गुल्टिएछ । घोडा लएर मामाको अगाडि रोकी ढोग नमस्कार गरी धन्यवाद मामा मलाई स्वर्गमा पुऱ्याइदिनु भएकोमा मैले हजुरबा, हजुरआमालाई भेटे भनी भन्यो र मामाले माइजुलाई पनि भेट्यो भनी सोध्दा अ यो त सबै भाइजुले त दिनुभएको हो भनी भनेको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

मामाले मलाई पनि माइजुसँग भेट गराइदेऊ भान्जा भन्यो र बोरामा हालेर छङ्गाछुरे भीरमा राखिदियो र मामा आफ्नी श्रीमती भेटन गए र भान्जो आफ्नी श्रीमतीलाई लिएर मामाको सम्पत्तिमा रजाई गरी बसेको प्रसङ्ग कथाको अन्त्यमा भागमा उल्लेख गरिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाका पात्रहरू भान्जो, मामा मााइजु, भान्जोको बुढी, धनी मान्छे र घोडा रहेका छन् । भान्जो यस कथाको प्रमुख पात्र हो । आर्थिक अभावका कारण छोरालाई गुमाएको भान्जो पात्रले विभिन्न उपाय अपनाएर मामाको अथाह सम्पत्ति हात पार्न सफल एक चतुर, बाठो पात्र हो । मामा औषधी, उपचारका लागि पनि ऋण नदिएकाले भान्जाको छलकपटले आफ्नी श्रीमती समेत गुमाएर आफू पनि मर्ने यस कथाको सहायक पात्र हो । माइजु आफ्नै श्रीमानको चुटाइबाट ज्यान गुमाएकी एक गौण पात्र हुन् । भान्जोको बुढी आफ्नो बुढाको विभिन्न नाटकीय रूप गरेर भान्जो पात्रलाई सघाउने सहयोगी पात्र हो । धनी मान्छे धुमधाम गर्दै जाँदा छङ्गाछुरे भिरमा बोराभित्र एक मान्छे छटपटाउँदै जुँवा खेलेको ठानी आफू पनि खेल्न भनी गएको र ज्यानै गुमाएको पात्र हो । घोडा मानवेत्तर पात्र हो। विविध घटना, पात्र एवम परिवेशको चित्रणले कथा रोचक बन्न पुगेको छ ।

## घ) परिवेश

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । लौकिक परिवेश अन्तर्गत आएका स्थानहरू भान्जोको घर, वनजङ्गल, घर, मामाको घर, छड्गाछुरे भिर, मामाको घर रहेका छन् । भान्जोको घरमा छोरो बिरामी भएर थलिएको औषधी उपचार गर्न नसकी ऋण खोज्न हिडेको र ऋण समेत नपाएँदा ज्यानै गुमाएका प्रसङ्गहरू रहेका छन् । एउटा सुन्दर लौरी काटेर ल्याएको वनजङ्गको कुरा छन् । श्रीमतीलाई मरेर त्यही लौरीले ब्युझाँएको प्रसङ्ग उल्लेख गरिएको छ । माइजुलाई साँच्यै नै चुटेर मारेको र लौरीले ब्युझाँउन नसक्दा मामाले भान्जोलाई झुक्काएको भन्दै भिरमा लएर राखिदिएको प्रसङ्ग उल्लेख गरिएको छ । घोडामा एक मानिस सवार गरी आएको र भान्जो पात्र बोराभित्र तास खेले झै मानी बाबु म पनि आउँछु भनी त्यही ज्यान गुमाएको प्रसङ्ग उल्लेख गरिएको छ । मामा पनि माइजुलाई भेटन भनी गएको र भान्जो र उनको श्रीमतीले मामाको अथाह सम्पत्तिमा रजाई गरी बसेको परिवेश चित्रण गरिएको छ ।

## ङ) द्वन्द्व

प्रस्तुत लोककथामा भान्जो पात्रको छोरा बिरामी भई औषधी उपचार गर्न मामासँग पैसा माग्दा नदिएकाले मामा र भान्जाको बीचमा आर्थिक द्वन्द्व सुरु भएको छ । मामासँग प्रशस्त धन सम्पत्ति हुँदाहुँदै पनि भान्जोको छोरो बिरामी पर्दा औषधी खर्च पनि नदिएकाले छोरोले ज्यान गुमाउन परेकाले मामाको सम्पत्ति जसरी भएपनि हात पार्ने निर्णय गर्छ । जङ्गल जाँदा सुन्दर लौरी काटी ल्याएको भान्जोले आफ्नै श्रीमतीलाई मरेको नाटक गर्न पठाई मामालाई बोलाउँछ र लौरीले छुन लगाई श्रीमती जागेको भ्रम मामालाई पार्छ र छुच्चो मामाले त्यो लौरी देख्नासाथ आफूलाई दिन भनी आफ्नी बुढीलाई त्यही लौरीले चुटेर मार्छ र भान्जालाई लौरीले छुन लगाउँछ तर भान्जोले जाल खेलेको मामालाई थाहा हुँदैन र आफ्नी श्रीमतीले गुमाउन पुग्छ । रिसले चुर भएको मामाले भान्जालाई बाँधेर बोरामा हालेर छाड्गाछुरे भिरमा छोड्छ त्यहाँ पनि विभिन्न वाहान बनाई घोडा लिएर मामाघर झुटो कुरा बोल्छ र मामालाई पनि त्यही भिरमा राखी माइजु भेटन गुल्टाउँछ र आफूले मामाको धन सम्पत्तिको रजाई गरी बस्छ । अन्त्यमा भान्जोले विजय प्राप्त गर्छ ।

## च) कथोपकथन

प्रस्तुत लोककथामा मामा र भान्जा बीचमा भएका संवादहरू प्रस्तुत गरिएको छ । भान्जोले “मामा मलाई मेरो छोरो बिरामी भएको छ त्यसैले औषधी उपचार गर्नको लागि पैसा दिनुपयो”

भनी भन्दा मामाले “अहिले पैसा छैन जडीबुटी समय समयमा बनाएर खुवाउनु निकै भइहाल्छ” भनी भनेको छ । घरमा आई समय समयमा औषधी खुवाउँदा पनि छोरो निकै नभई दुई महिना पछि मर्छ । छोरो मरेपछि भान्जोलाई मामाले पैसा नदिएर मेरो छोरोले ज्यान गुमानुपऱ्यो भनी ईर्ष्या लिन्छ र वनमा गएको बेलामा मान्छे व्युताउँने लौरो काटी ल्याएँछ र “मामा मैले मान्छे व्युताउने लौरो काटी ल्याएको छु भनी लोभी मामालाई सुनाउँछ लोभ मामा लोभिन्छ र आफूले त्यही लौरीले चटेर श्रीमतीलाई मार्छ । यसरी मुर्ख र छुच्चो मामाले आफू र श्रीमती दुवैलाई गुमाउँछ बाठो र चङ्खे भान्जाले मामाको सम्पत्तिमा रजाई गरेर बस्छ ।

**छ) उद्देश्य**

प्रस्तुत लोककथाको उद्देश्य भनेको सहयोगी भावनाको हुनुपर्छ । अरुलाई आपत पर्दा सहयोग गरेमा आफूले पनि सम्मान पाइन्छ । अरुको प्रलोभनमा तुरुन्तै विश्वास गर्नुहुँदैन । यसको वास्तविकता के हो भनी जान्नु आवश्यक हुन्छ । धन भएर मात्रै हुँदैन खुल्ला हृदय पनि हुनुपर्छ भन्नु रहेको छ । मामा पात्रले भान्जो पात्रलाई आर्थिक सहयोग नगर्दा छोरो मरेको भ्रम हुन्छ र मामाको सम्पत्तिको विभिन्न षड्यन्त्र खेली अन्तिममा मोज मस्ती गर्छ ।

### ज)　भाषा

प्रस्तुत लोककथाको भाषा सामान्य बोलचालको रहेको छ । स्थानीय बोलचालको भाषा प्रयोगले गर्दा कथा सरल, सहज र प्रभावकारी बनेको छ । अथाह, सुन्दर, छुच्चो जस्ता तद्भव शब्दको प्रयोग भएको छ । बाठो, चङ्खे, औषधी जस्ता तत्सम शब्दको प्रयोग भएको छ । यसरी विविध स्रोतका शब्द प्रयोगले कथा रोचक बनेको छ । बोराभित्रबाट दाउ खुल्यो दाउ अब मेरो पालो जस्ता भ्रमजन्य वाक्यले कथालाई थप उचाइमा पुऱ्याउन सहयोग गरेको छ ।

### झ)　शैली

प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । पात्रका बीचमा प्रशस्त संवाद भएकाले संवादात्मक शैलीको पनि प्रयोग भएको छ । सबै पात्र तृतीय पुरुष शैलीमा रहेका छन् ।

### ञ)　निष्कर्ष

प्रस्तुत लोककथामा एउटालाई समस्या पर्दा अर्काले सहयोग नगर्दा बदलाको भावना राख्दा सबैले ज्यान गुमान पुगेकाले यसरी एउटालाई समस्या पर्दा अर्कोले समाधान गर्नुपर्छ । सहयोगी मित्रले गर्दा समस्या समाधान हुने भएकाले ईर्ष्या होइन सहयोगी भावना राख्नुपर्छ भन्नु रहेको छ ।

## ३.११ छोराबुहारी

### ३.११.१ छारोबुहारी लोककथाको मूलपाठ

एका देशमा छोराबुहारी आमा रचन् । नमान्नि जहिले पनि बुहारीले सासूला निकै नमान्नि रहिच । अँ ! खान पनि नदिनी, केई पनि नमान्नि । “आज पनि तेरी आमा लअर मार भोलि पनि तेरी आमा मार” भनेर ता रातदिन कराउँदी रचे ।

छोराले डोकामा बोकेर गङ्गाआ तीर आ लअच । लान त लच, चाँइ आगो लको रइन्छ । “ओहो ! अब आमालाई पोल्नै पर्ने भओ जसरी भए नि म ता आगो ल्याउँचु” भनेर माथि नै रचन तिनका घर । त्याँ आगो लिन जाँदा बुढीले जस्ताआ तस्तै डोको राखेर चाँइ ठाटीयाँ गअर बसिचे ।

छोराले आगो लर आगो लाच औ आमा चाई मोरिन भनेर चाइ घर आच "खोइ ! तेरी आमालाई मारिस ?" भन्दा ता "मैले ता मारे" । "ओहो ! अब ता बल्ल हाम्रो भने जस्तो हुने भओ" भनिच । उनुरुका बुढाबुढी मिलेर बसेचन् ।

ठाटीमा चाइँ गअर बुढी बसिराखिचे तीन जाना चोर आचन । तीन जाना चोर आएचन पैसा बाँड्न थालेचन । बाड्दा चाइ एउटालाई चाइ एक रुपिया पुगेन्च र रुपियाँ नपुग्दा तिनको खलबल भएच ।

"ए म होइन, मैले ता घर फोरेको हुम्" मैले भिकेको हुम भन्च त्यस्तो हुँदाहुँदै बुढीले 'गुहार देओ, गुहार देओ ह्या ता चोर आए", भन्दाखेरी ती चोर ता भोगचन, । बुढीले पैसा लिएर चाइँ राति खुरुखुरु घर गइचे अनि झ्याम्म पैसा पिठीयाँ बर्जादा

"ओहो ! अ अनि आमा मारेको भनेको होइनस् ? भन्दा ता "मारेको हुम" झ्र्याम्म पैसा खस्दाखेरी ता लौ आमा ता पैसा लिएर आइचिन जानु जानु बाहिर भनेर चाइँ आउदाखेरि

"इ बाबु ! कति थिए, कति थे पैसा म त बुढी मान्छे बोक्न सकिन । तेरी बुढी हुन्ती भने ता कति बोक्ती कति ल्याउती भनेर भनिचिन् । "हो त्यसो भए ता अब म बुढीलाई पनि लेर जानपरो" भनेर चाई स्वास्नी डोका बोकेर लेर गच र उतिखेर ता आगो पनि लिएर गच र बुढीलाई डडाइदिएच" ।

आज आउली पनि छैन बुहारी भोलि भन्दा पनि छैन बुहारी, पर्सिपल्ट ए आमा बुहारी ता किन आइन ?" ए ! "मलाई ता आगो लथिनस र पो भागेर पैसा लिएर आकिम । तैले ता आगो तेरी स्वास्नी मारिस ? तेरो ता ढङ्ग नभर हो नि बाबु ! ल त जा र अँ बाआमा पाम बाआमा पाम भनेर चाइँ "जा बजार जा" भनेर चाइँ बीस रूपये दिइच ।

त्याट "लौ बा आमा पाम बाआमा पाप भन्दा सप्पैले कल्ले बाआमा किनेर पाउच भनी बेस्सरी पिटेचन् । "ए आमा ! मलाई ता पिटे, मैले ता बाआमा ता पाइन" भन्यो ।

त्यसो भा तैले चाइ मैले स्वास्नी पाम, स्वास्नी पाम" भन्दै जा भनेर पचास रुपियाँ दाम देर गएच र "लौ स्वानी पाम, स्वास्नी पाम्" भन्दाखेरीमा चाइ अनि ता स्वास्नी लेर आच र जे भए नि घरजम भो बा आमा भन्नी कुरा यस्तो हुने इच किनेर किन्न नपाइने रच ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जाला, भन्ने
बेला तात्ततातै मुखमा आइजाला ।

### ३.११.२ छोराबुहारी लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत 'छोराबुहारी' लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यस कथामा वर्णित घटना एउटा गाउँको रहेको छ ।

**ख) कथानक**

प्रस्तुत लोककथामा छोरा, बुहारी र आमा भएको र बुहारी सासुलाई देखी नसक्ने आज पनि मार भोलि पनि मार भनी छोरासँग गरेको कचकच सँगै कथाको प्रारम्भ भएको छ ।

बुढीको दिनदिनैको कचकचले गर्दा एकदिन छोराले आमालाई डोकामा बोकेर गङ्गाको तिरमा पोल्न भनी लएको र गएर हेर्दा आगो लैजान बिर्सिएकाले आमालाई त्यही छोडेर आगो लिन घर आएको बेलामा बुढी डोकाबाट चौतारोमा बसेको प्रसङ्ग छ । छोराले रित्तो डोको जलाएर आमा, भागेको थाहा नपाई घर आई "आमालाई जलाए" भनी बुढाबुढी खुसी भई बसेका थिए । ठाटीमा चोर आएर पैसा बाड्न लाग्दा आमा चिचाँइ र ती चोरहरू भागे र चोरले छोडेका पैसा लिएर आमा घर गइछ । घर गई पैसा बर्जादै तेरी आमालाई मारेको होइन्स कति थिए बाबु पैसा त ल्याउनै सकिन भन्दै बुढीले पैसा खसालिन तेरी बुढी भए त कति बोक्दी हो । छोराले नी बुढीलाई डोकोमा हालेर गङ्गाको तिरमा लएर जलाएछ । बुढी जलिछे छोराले पैसा लिएर आज आउली पनि आउन्नी भोलि पनि आउन्नी आमालाई भनेछ आमा बुहारी त आइन भनी भन्दा मलाई त आगो लैजान बिर्सिएका बेलामा म भागे तेरी बुढीलाई त तैले आगो लगाइस होला मोरी भनेको प्रसङ्ग उल्लेख गरिएको छ । आमाले बजारमा गएर बा आमा पाउँ भन्दै किन्न पाइन्छ भनीपैसा दिएर पठाएको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

पछि श्रीमती पाउँ भन्दै बजारमा हाक हाँल्दै हिडेको र श्रीमती भने पाउँछ र आमाको अर्थ र मर्म बुझी आमा पालेर बस्नु कथाको अन्त्य भाग हो ।

## ग)    पात्र/चरित्र

प्रस्तुत लोककथाका पात्रहरू आमा, छोराबुहारी चोरहरू र सहरका मानिसहरू रहेका छन् । छोरा यस कथाको प्रमुख पुरुष पात्र हो । श्रीमतीका कचकचले गङ्गाका तिरमा लएर आमालाई मार्न खोज्ने एक सोझो पात्र हो । अन्तिममा आमाबाबु किन्न पाइदैन भन्ने आत्मालोचना गर्ने पात्र हो । बुहारी र आमा यस कथाका सहायक नारी पात्र हुन् । बुहारी सासुलाई देखि नसकी मार्न पठाएकी तर आफू नै त्यो जालमा परेकी पात्र हो । आमा छोरालाई बाबुआमा किनेर पाइदैन भन्ने चेतना दिने एक वृद्धिजीवि र चलाख पात्र हो । अन्य पात्र चोर, बजारका मानिसहरू यस कथाका गौण पात्र हुन । विविध घटना, पात्र एवम् परिवेशको चित्रणले कथा रोचक बन्न पुगेको छ ।

## घ)    परिवेश

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । लौकिक परिवेश अन्तर्गत आएका स्थानहरू घर, घाट, ठाँटी र सहर रहेका छन् । घरमा सासु बुहारीको कचकच परिरहेका प्रसङ्गहरू उल्लेख गरिएको छ । घाँटमा छोराले आमालाई मार्न भनी लएको तर आगो लिन फर्कदा बुढी भागेको परिवेश उल्लेख गरिएको छ । ठाँटीमा बुढी भागेर आई बसेको र चोरका पैसा समातेका प्रसङ्गहरू छन् भने सहरमा ब आमा किन्न पाम भन्दै हिडेको छोरो पात्रलाई हाम्रा बा आमा तैले किन्ने भनी पिटेका परिवेशहरू छन् । घटनाको प्रकृति हेर्दा बिहान दिउँसोको समय छ । नदी, घाट ठाँटी जस्ता ठाउँहरू आएकाले प्राकृतिक वातावरणको चित्रण भएको छ ।

**ङ)      द्वन्द्व**

प्रस्तुत लोककथामा बुहारीले सासुलाई कचकच गरेबाट द्वन्द्व सुरु भएको छ । बुहारीले सासुले भनेको नमान्ने आफ्नो लोग्नेलाई गङ्गाको तिरमा लएर जलाउन लगाएकी छ । आमालाई जलाउन डोकोमा बोकेर लएको छोराले आगो बिर्सदा बुढी भाग्न सफल भएकी छ । भागेर ठाँटीमा बसेकी बुढी चोरहरू आएर पैसा बाँडन थालेको बेलामा गुहारा माग्दा चोरहरू भागेको र पैसा लिएर घरमा गएकी बुढीले पैसा बर्जादा छोरा र बुहारीलाई ईर्ष्या भई श्रीमतीलाई जलाएपछि त्यस्तै पैसा पाइने लोभमा छोरो पात्रले श्रीमतीलाई जलाएको छ । यस कथामा बुढी र बुहारीको द्वन्द्वमा बुढीले जितेकी छन् ।

**च)      कथोपकथन**

प्रस्तुत लोककथामा बुढी र बुहारी कचकचबाट कथाले मुख्य रूप लिएको छ । बुहारीले छोरालाई "आज पनि तेरी आमालाई लर मार भोलि पनि तेरि आमालाई लर मार" भन्ने कथनहरू समावेश गरिएको छ । बुढी भागेर ठाँटीमा आउँदा चोरहरूले "ए मता घर फोरेको हुम" जस्ता कथनहरू आएका छन् । यी कथनहरूले कथालाई थप रोचक बनाएको छ ।

**छ)      उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य आमाप्रति सम्मान भाव प्रकट गर्नुपर्छ । बुढेसकालमा बाउ आमालाई दुःख होइन साहारा दिनुपर्छ । बाउआमा पछि पैसाले किनेर पाइदैनन् । त्यसैले यिनीहरूलाई सम्मान जनक वातावरणमा पाल्नुपर्छ भन्नु रहेको छ । विभिन्न घटना, परिवेश र वातावरण वर्णनले पर्याप्त मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको उद्देश्य रहेको छ ।

**ज)      भाषा**

प्रस्तुत लोककथामा सामान्य बोलीचालीको भाषा प्रयोग भएको पाइन्छ । कथालाई रोचक बनाउन विभिन्न स्रोतका शब्दहरू प्रयोग भएका छन् । गङ्गा लगायतका संस्कृत तत्सम भब्द प्रयोग भएका छन् झ्याम्म गुहार देओ, गुहार देओ जस्ता झर्रा नेपाली शब्दका प्रयोगले कथा रोचक बनेको छ । धन्नैले सेकिदिएन जाबा त जस्ता निम्न आदरार्थी शब्दका प्रयोगले ग्राम्यबोलीको प्रभाव देखिन्छ ।

### झ) शैली

यस लोककथामा कथावाचकले स्वतन्त्र वर्णन गरेकाले वर्णनात्मक शैलीको प्रयोग भएको छ । कथाका पात्रहरू तृतीय पुरुष शैलीका रहेका छन् । बाउआमाको स्याहार छोराबुहारीले गर्नुपर्छ, ती किन्न पाइने वस्तुहरू होइनन् भन्ने भाव व्यक्त भएको यस कथा आदि मध्य र अन्त्यका श्रृङ्खलामा श्रृङ्खति छ ।

### ञ) निष्कर्ष

बाउआमाको स्याह सुसार छोराबुहारीले गर्नुपर्ने कर्तव्य हो यिनीहरूलाई पैसाले किन्न पाइदैन त्यसैले बाउ आमाको स्यार सुसार गर्नु प्रत्येक छोराबुहारीको कर्तव्य हो भन्नु रहेको छ ।

## ३.१२ गँजडीको कथा

### ३.१२.१ गँजडीको कथाको मूल पाठ

एकादेशा एउटा गाउँ थेयो । तो गाउँमा एउटा एकदम गाँजा खानी मानिस थिए । ती गाँजा खानीहरू चाँइ एक्लै गाँजा खान मन नपराउने धेरै जाना मिलेर गाँजा खान, गफ गर्ने यस्तो हुंदोरच र त्यो ती जोगीहरू पनि गाँजा खानी गर्दारचन । तिनीहरूले गाँजा खाने को छ ? का छन् ? का गअर गाँजा खान पाइन्छ ?" भनेर गाउँ गाउँमा भिक्षा मानी क्रममा सोद्धारचन् । "फलाना ठाँ बुढाले चाँइ गाजा खान्चन् त्या जानोस त्यो महाराज जी । त्या गाँजा खान पाइन्च" भनेर देखाइदिँदा रचन् । जोगीहोरु आर त्यै बूढाका चाइँ बस्नी, दिनभर बस्नी गाँजा खानी, गाँजा एक चिलिम खाए फेरि पुएन अर्को चिलिम भरे ।

त्यसरी दिनको दश-बाह्र चिलिम खानी, गफ गर्नी गर्दारचन र त्यो घरका बुँढाले बूढीलाई चाइँ "लौ खाना पकाउ अब भोक लागो यो महाराजजोगीहरूलाई नि खाना पकाउन परो भन्दोरैच बूढी खाना पकाउनि कामदेखि अरु कुनै काम पनि गर्न नपाउन रैचिन् एकथरि खाना खाए, भोलिपल्ट बिहान गए फेरि आर्काथरि आए, उस्को त होटेलै जस्तो एकछिन फुर्सत नपाउने भाडा माझि माझिकन हात पानीले खाइसकेच हात हिलाले बर्खा खेतालीहरूको गोडा हात खान्च त्यस्तै भाडा माझि माझिकन त्यो घरको बूढीको चाइ हाता खाला जान थालेचन् र बूढी एकदम चाइ त्यो गाँजा खानी बूढासिंत धेरै रिसाकी रहिचन् ।

“यसरी जति जोगी आउचन त्यतिलाई खाना पकाउन भनेको छ “अब यो कसरी हटाउनी हो” भन्नि उपाय सोचिन बुढीले सोचेर बसेको एकदिन एउटा राम्रो भर्खरको ठिटो जोगी आएच । उसलाई स्वागत सत्कार गरे गाँजा खान थालो रातभरि गफ गरे । भोलिपल्ट बिहान “ल महाराज यही बस्नुस म गोठ गअर गाईभैसी दुएर दुध लिएर आउचु आज दुधको रिवर खानी हो तपाई कही नजानुहोला” भनेर बाल्टी लेर गोठतिर गयो ।

यतापट्टि बूढी आएर त्यो अपूर्व नयाँ युवक ज्योतिषीको अगाडि बसेर चाँइ धुरुधूर रुन थाली र जोगीले भनो केन रुनुभयो आमा ? के भओ ? भनेर सोद्धा बाबु ! तिमी भर्खरका रइचौ, हाम्रा बुढाले ता यहा जति जोगी आउँचन् त्यति जोगीलाई चाइँ मुसलले पिटेर मार्चन तिमी मर्नि भउ बाबु भनेर रोकिम भनेर बुढीले भनिन् । त्याँट अब तो मार्चन भन्नि शब्द सुनेपछि त जोगीलाई ता घरै बस्ने मन लाएन ।

जोगी उठेर आफ्ना झिटी झाम्टो बोकेर हिहेको थियो । केइ पर पुगेसी त्यो घरको बुढो दुध लिएर घर आयो ।

“खोइ जोगी ? काँ गए ? ती जोगी महाराजजी काँ गए” ? भनेर सोद्धा बुढीले यही ढिकीको मुसल मागेया थिए मुसल ता मलाई ढिकी कुटन धान कुटन चाइन्च ढिकीको मुसल ता दिन्न भनेर भने र उनी हिडे उ हो त्यै नजिकै छन् धेरै टाढ गछइनन् भनेर बुढीले भनी र हत्तपत्त तो घरको बुढो ढिटीमा गअर मुसल फुकालेर दाहिने हातमा मुसल चाँवेर पछि हिड्यो ।

“ए जोगी महाराजजी लौनुहोस मुसल लौनुहोस्” भनेर बुढाले भन्यो फर्केर हेर्दा ता दायाँ हातमा मुसल देख्यो । लौ मलाई मार्ने आयो भनेर चाइ तो जोगी झन दौद्यो ऊ पनि दौड्यो लौनोस, लौनोस मुसल लिएर जानोस भनेर भन्च ऊ चाहि मार्ने आयो भनेर चाइ ठूला जङ्गलभित्र पस्यो ह तो बुढाले चाँइ फेला पार्न सकेन बुढा फर्केर आर स्वानीलाई एकदम गाली गरो ।

जोगीले सबै आफ्ना जोगी साथीलाई फलानाठाउँमा म यसरी गको त्या तो बुढाले ता चाइँ मुसलले मार्न आइलाओ र म भागेर ज्यान बचाएँ अब त्या कोइ पनि जान हुँदेन । भन्नि कुरा उसले गाउँमा फिजायो । भोलिपल्ट त्यो घरमा कुनै जोगीहरू महात्माहरू आउन छोडे बुढीले आफ्नो विहान बेल्काको खाद्य समस्या समाधान गरी उनलाई पनि सुविधा भओ ।

त्यसरी मइलाले घरकी मइलाले विचार पुऱ्याएर त्यो घरको बुढालाई पनि गाँजा खानबाट केही घटाउनी काम गरिन अरु जोगीहरूले आर सताउन छोडे ।

सुन्नेलाई सुनको माला सुनको माला भन्नेलाई
फूलको माला यो कथा सरासर बैकुण्ठमा जालो
भन्ने बेला खुरुक्क मुखमा आइजाला ।

**३.१२.२ गँजडीको लोककथाको तत्त्व विश्लेषण**

**क) परिचय**

प्रस्तुत लोककथा पाल्ला जिल्लाको छहरा क्षत्रेमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा प्रयुक्त घटना एउटा गाउँमा घटेको घटना हो ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एउटा बुढा गाँजा खाने थिए । उनीकँहा टाढा टाढाबाट जोगीहरू गाँजा खान आउने प्रसङ्गबाट कथाको आरम्भ भएको छ ।

यसरी आएका गँजडीलाई खानाको व्यवस्था गर्न बूढाले बुढीलाई लगाउँथे । बुढाको व्यवहारबाट बुढी साह्रै दिक्क पर्थिन् । एकदिन नयाँ भर्खरको जोडी आएपछि बुढाले बस्नुहोस् म दूध लिएर आउँछु, खिर खाउँला भनेर आफू गोठ जान्छ । त्यही मौका छोपेर बुढीले रोएको अभिनय गर्छिन युवक जोडीले किन रुनु भो ? आमा भनेपछि बुढीले भन्छिन् - “यहाँ जति जोगी आउँछन् ती सबैलाई बुढाले मुसलले हानेर मार्छन, तिमी पनि मर्ने भयौ” भनेर रोएकी हु भन्छिन बुढीका कुरा सुनेपछि जोगी बस्न नसकी आफ्नो बाटो लाग्छ । गोठबाट फर्केका बुढाले सोध्दा “मुसल मागेका थिए मैले दिइन गए होलान” भनेपछि मुसल लिएर बुढो दौडनछ” बुढो जति “पर्ख्नोस्” भन्दै दौडन्छ जोगी मलाई मार्न आयो भनेर अझै दौडन्छ र ज्यान बचाएको ठान्छ यो कथाको मध्य भाग हो ।

त्यसपछि सबै जोगीलाई अव त्यो गाउँमा नजान आग्रह गर्छ र बुढीले सुखको सास फेरेको घटना कथाको अन्त्य भाग हो ।

### ग) पात्र/चरित्र

प्रस्तुत लोककथामा प्रयोग भएका पात्रहरू बुढो, बुढी, जोगीहरू, युवक जोगी हुन् । बुढो यस कथाको प्रमुख पात्र हो । सम्पूर्ण जोगीहरूलाई गाँजा खुवाउने मात्र नभई उनीहरूको सत्कारमा बुढीलाई समेत दलाउने गरेको छ । अतिथि सम्मानका वाहानामा आफ्नै बुढीप्रति दुःख दिने प्रतिकुल रूपमा यो पात्र प्रस्तुत भएको छ । बुढी कथाकी सहायक पात्र हुन् । बुढाका कारण पिडित बनेकी यो पात्र सोझी र अनुकुल पात्र हो । त्यस्तै अभिनयका प्रभावले गँजडीहरूलाई धपाउन सक्षम पात्र पनि हो । युवक जोगी बुढीको अभिनयले यही नै मर्ने भए ननि दौडेको र बाच्न सफल भए भनी गौरव गरेको यो पात्रले गाँजा खान त्यहाँ आग्रह नजान गरेको पात्र हो । अन्य जोगीहरू यस कथाका गौण पात्रहरू हुन् ।

### घ) परिवेश

प्रस्तुत लोककथा लौकिक परिवेशमा प्रस्तुत भएको छ । यसमा आएका स्थानहरू गाउँ, गँजडी बुढाको घर, गोठ, बाटो रहेका छन् । गाउँमा बुढाको घरको वर्णन छ । जहाँ जोगीहरूले गाँजा खाएका घटना छन् । गोठमा बुढाले दूध लिन गएको घटना छ भने बाटोमा युवक जोगी भागेको घटना छ । यी घटना दिउँसो र बेलुकाको समयका हुन भन्न सकिन्छ । उपयुक्त स्थानमा घटित घटनाको स्वच्छ प्राकृतिक वातावरणको चित्रण भएको छ । बुढाले मुसल लिएर दौडिएको दृश्य हाँस्यास्पद रहेको छ । यस्ता विविध समय, स्थान र वातावरणका चित्रणले कथा रोचक बनेको छ ।

### ङ) द्वन्द्व

प्रस्तुत लोककथामा बुढाले गँजडीहरूलाई बोलाएर गाँजा खुवाउने र उनीरूपको स्वागत सत्कारमा बुढीलाई समेत दलाउने गरेको छ । बुढीलाई दिनरात हैरान पारेको बुढाले दिनदिनै गँजडीलाई भेला गराउने गर्थ्यो । एकदिन युवक जोगी आएको बेलामा बुढीले अभिनय गर्दै रुदै अब बुढाले तपाईलाई समेत नराख्ने भए मुसलले तपाईलाई हान्छन् भनी झुटो कुरा बोली गँजडी जोगी भागेको छ । बुढाले जोगी खोइ भनी सोध्दा उल्टै मुसल दिन्छु भन्दै जोगीको पछि पछि दौडेको बुढालाई देखि यो बुढो मलाई हान्न आयो भनी झन झन दौडेको र त्यो बुढाको घरमा जान नहुने कुरा सबै जोगीलाई भनिदिएको छ । यसरी यस कथामा बुढा र बुढीको द्वन्द्वमा अभिनयात्मक ढङ्गले बुढीले जित हासिल गरेकी छन् ।

## च)	कथोपकथन

प्रस्तुत लोककथामा बुढाले गाँजा खुवाउने र जोगीहरू गाँजा खान आउने क्रममा विभिन्न संवादहरू भएका छन् । जोगीहरू भिक्षा माग्न गाउँमा आई गाँजा खान काँ पाइन्च भनी सोध्दा गाउँलेले “ती बुढाका गाँजा खान पाइन्छ भन्ने गरेका कथन पनि यस कथामा पाइन्छ । जति जोगी आउँछन् सबैलाई बुढाले खाना खुवाउन भनेका छन् । एक युवक जोगी आएको बेलामा बुढाले महाराजजी यही बस्नु म दूध लिएर आएँछु भनी दूध दुन गोठमा गएको बेलामा बुढाकी दुलहीले नाटकीय रूपले मुसलले अब तपाईलाई हान्छन् भनी भन्दा त्यो युवक जोगी दौडी दौडी भागेको र त्यो बुढाका कोही पनि गाँजा खान जानु हुँदैन भन्ने सन्देश दिई बुढीले गँजडीलाई त्यस घरमा गाँजा खुवाउन र खानबाट छुट्ट्याइएको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । यस लोककथामा पात्रहरूको विविध संवादहरूले गर्दा कथा रोचक बनेको छ ।

## छ)	उद्देश्य

प्रस्तुत लोककथामा गँजडी जोगीहरूका समस्याले आजित भएकी बुढीले आफ्नो बुद्धिको प्रयोगले सदाका लागि जोगीहरूको आगमनलाई बन्द गराएकी हुँदा अप्ठ्यारो पर्दा बुद्धिले कार्य गरे समस्याबाट छुट्कारा पाउन सकिन्छ भन्ने उपदेशात्मक शिक्षा दिनु यस कथाको उद्देश्य हो । साथै विविध घटना र सीमित पात्रद्वारा मनोरञ्जन प्रदान गर्नु पनि अर्को उद्देश्य रहेको छ ।

ज)    **भाषा**

प्रस्तुत लोककथामा सामान्य बोलचालको भाषा प्रयोग भएको छ । यसमा शिक्षा, महाराज, ज्योतिषी जस्ता संस्कृत तत्सम शब्दहरू प्रयोग भएका छन् । त्यस्तै हात, घर, दूध, गोठ लगायतका तद्भव शब्दहरू र धुरुधुरु जस्ता झर्रा नेपाली शब्दहरू प्रयोग भएका छन् । यस्ता विविध शब्द प्रयोगले कथा रोचक र आकर्षण बनेको छ ।

झ)    **शैली**

प्रस्तुत कथाका पात्र तृतीय पुरुष ढाँचाका छन् । पात्रको वर्णन गरिएकाले वर्णनातमक शैलीको प्रयोग भएको छ । बुढी र जोगीबीचका कुराले संवादात्मक शैली प्रयोग भएको छ । बेला मौकामा जुक्तिले काम गर्न सके समस्याबाट मुक्त हुन सकिन्छ भन्ने भाव रहेको यो कथा आदि, मध्य र अन्त्यमा श्रृङ्खलित रहेको छ ।

ञ)    **निष्कर्ष**

कुनै पनि समस्या आइपदा झगडा गरेर होइन सकारात्मक ढङ्गले समस्या समाधान गर्न सक्नुपर्छ भन्नु नै यस कथाको निष्कर्ष रहेको छ ।

## ३.१३ शक्ति जाँच

### ३.१३.१ शक्ति जाँच कथाको मूलपाठ

धेरै पहिल्यैको कुरा हो एउटा गाउँमा एकजना धनी मानिसका चार भाई छोराहरू रहिचन् । ती चारभाइको चाँई एउटै केटीसँग प्रेम बसेको रहिच गरे । त्याट त्यो देखेर बुढालाई पिर परेको रहिच गरे । चारवटैले मला त्यही केटी नै चाहिन्च भनी जिद्धी गरेचन । त्याट बुढालाई ठूलो पिर परेच चार/चार भाइला एउटी केटीसँग कसरी बिहे गरदिने भनी समस्या आइलागेच अब के गरी यिनुहरूको समाधान गर्ने भनी बुढाले एक उपाय अपनाएचन गरे ।

एकदिन बाबुले छोराहरूलाई बोलाए भनेचन "तिमीहरू चारै जनाले एक/एक हजार रूपैयाा लेर विदेश जाउ विदेश गर जसले धन धेरै कमाउच बुढधि र शक्ति लेर आउँच त्यसला त्यस केटीसित बेहे गरिदिनचु" भनेचन बाबुको कुरा चारै जना दाजुभाई सहमति भएचन र चारै जना दाजुभाइ एक/एक हजार लेर विदेश तिर लागेचन विदेशमा काम गरी धन कमाएर घर जाने

निश्चित गरेचन र चारैजना दाजुभाई भेट भएचन । धन कमाएर फर्केपछि सबैले त्यही प्रेमिकालाई सम्फेका थे चार दाजुभाई विदेशबाट घर फर्कदा प्रेमिका मरेर मसान घाटतिर लैजादै गरेका रहिचन गरे । त्यस्तो अवस्था देखेसी चार दाजुभाईले आ-आफ्नो शक्ति लाचन गरे । शक्ति प्रदर्शन गर्दा थाल हुनेले भोजन तयार पारेचन भोजन खार कुर्चीमा बसेचन कुर्ची द्वारा उनीहरू तत्क्षणमा मसानघाटमा पुगेछन् गरे त्याट आ-आफ्नो शक्तिले त्यस युवतीलाई बिउताएको हुनाले चारै दाजुभाइले त्यस केटीप्रति दावी गरेचन गरे । सबैले त्यस केटी प्रति दावी गरेपनि अन्त्यमा जेठोलाई त्यस केटीसँग बेहे गरिदेचन । गरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जालो, भन्ने बेला
खुरुक्क मुखमा आइजाला ।

### ३.१३.२ शक्ति जाँच लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत लोककथा पाल्ला जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा आएको समाज एक ग्रामीण समाज हो ।

#### ख) कथानक

प्रस्तुत लोककथा एकजना बुढाका चार भाइ छोराहरू हुनु र चारै भाइको एउटै युवतीसँग प्रेम बसे सँगै कथाको प्रारम्भ भएको छ ।

चारै भाइको एउटै युवतीसँग बिहे हुने सम्भव नभएपछि बुढाले चारै भाइलाई एक/एक हजार रुपियाँ दिएर विदेश पठाएकाछन् । विदेश गई जसले धेरै धन र शक्ति लिएर आउँछ त्यसैसँग त्यस केटीको विहे गरिदिने निर्णय गर्छन् निर्णयमा चारै दाजु भाई सहमति हुन्छन् र विदेश जान्छन् । धन कमाई चारै दाजुभाइ घर फर्कने निर्णय गर्छन् । घर फर्कदा त प्रेमीका मरेर घाटतिर लैजाँदै गरेको देखि चारै दाजुभाईले आ-आफ्ना बुद्धि र तरिका लगाई युवतीलाई ब्युँताएको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

चारै भाइले आफ्नो बुद्धि लगाई केटीलाई ब्युताएकोमा चारै दाजुभाईले केटीमाथि दावी गरेको अन्तिममा जेठोसँग त्यस केटीको बिहे हुने निर्णय गर्नु कथाको अन्त्य भाग हो ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाका पात्रहरू बुढो, बुढाका चार छोराहरू छोराका प्रेमिका रहेका छन् । बुढो यस कथाको प्रमुख पात्र हो । चार छोराहरूको एउटै केटीसँग प्रेम बसेकाले चारै छोराहरूलाई विदेश पठाई जसले धेरै बुद्धि र पैसा कमाउँछ त्यसैलाई त्यस केटीसँग बिहे गरिदिने निर्णय गरी विदेश पठाई धेरै बुद्धि र धन कमाई आएको जेठो छोरासँग त्यस युवतीको बिहे गराइदिन सफल एक विवेकशील पात्र हो । चार दाजुभाइ यस कथाका सहायक पात्र हुन र प्रेमिका यस कथाको गौण पात्र हुन् । यसरी विविध पात्रको संयोजनले कथा रोचक बनेको छ ।

**घ) परिवेश**

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरिएको छ । यस कथामा आएका प्रमुख स्थानहरू ग्रामीण समाजमा अवस्थित घर, विदेश, मसानघाट प्रमुख रहेका छन् । घरमा एक बुढाका चार छोराहरू रहेका र छोराहरूको एउटा प्रेमिकासँग प्रेम बसेको र यसलाई समाधान गर्न सफल भएका कुरा छन् । बाउले छोरालाई धन र बुद्धि प्रशस्त कमाउनेसँग छोराको बिहे गरिदिने भएकाले छोराहरू विदेश गएका छन् । विदेश गई पैसा कमाई फर्केका छोराहरू प्रेमिकालाई मसान घाटमा देखेको र प्रेमिकालाई तत्क्षणमै आ-आफ्नै विवेक लगाई व्युताएका प्रसङ्ग उल्लेख गरिएको छ । यसरी विविध परिवेशले कथालाई पूर्ण बनाएको छ ।

**ङ) द्वन्द्व**

एउटै केटीसँग चार छोरारूपको प्रेम बसेबाट आन्तरिक मनको द्वन्द्व सुरु भएको छ । एउटै केटीसँग चार दाजुभाइको प्रेम बसेबाट बुढोले यसलाई आफ्नो विवेक लगाई एक/एक हजार रुपियाँ दिएर विदेश पठाउँछ र छोराहरूले पनि यस कुरालाई मान्दछन् । प्रशस्त पैसा कमाई घर फर्केदा दाजुभाइले आफ्नी प्रेमिकालाई मसान घाटतिर लैजाँदै गरेको देखि आफ्नो वृद्धिलगाई ब्युँताएर जेठो छोरासँग केटीको बिहे गराई बुढो यस कथामा सफल भएको छ ।

**च) कथोपकथन**

प्रस्तुत लोककथामा बाउ र छोरा बीचमा भएका प्रशस्त कथनहरू व्यक्त भएका छन् । छोराहरूले “बुवा हामी त्यही केटीसँग बिहे गर्छौं” भन्दा हुँदैन चार दाजु भाइको एउटै केटीसँग कसरी बिहे हुन सक्छ त्यसैले “तिमीहरू चारै जना एक/एक हजार रूपैया लेर विदेश जाउ विदेश गएर जसले धन धेरै कमाउढ वुद्धि र शक्ति लिएर आउँछ त्यसैलाई केटीसँग बिहे गरिदिन्छ” भनी भन्दा चारै छोराहरूले “हवस” भनी मानेका कथनहरू यस कथामा प्रस्तुत गरिएको छ ।

**छ) उद्देश्य**

प्रस्तुत लोककथाको उद्देश्य कुनै पनि समस्या आइपर्दा विवेकशील भएर त्यसको समाधान गर्न खोजियो भने अवश्य पनि त्यस समस्याको समाधान हुन्छ । त्यसैले कुनै समस्यालाई समाधान गर्न खोजियो भने त्यसको समाधान अवश्य पनि खुल्छ भन्नु रहेको छ ।

**ज) भाषा**

प्रस्तुत लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । विविध स्रोतका शब्दहरूको प्रयोग भएको पाइन्छ । घर, मानिस, बाटो, घाट जस्ता तप्सन शब्दको प्रयोग र दाजु, भाइ, बाउ, छोरा जस्ता तद्भव शब्दको प्रयोग भएको छ । “नाइ हाम्लाई त्यही केटी मै चाहिन्च” जस्ता स्थानीय कथ्य भाषाको प्रयोगले कथा रोमाञ्चक बनेको छ ।

**झ) शैली**

प्रस्तुत लोककथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । तृतीय पुरुष शैलकिा पात्रहरूको प्रयोग गरिएको यस लोककथामा संवादात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ ।

**ञ) निष्कर्ष**

प्रस्तुत लोककथामा कुनै पनि समस्यालाई विभिन्न चुनौती दिएर समस्या गरिएको छ । त्यस्तै हाम्रो जीवनशैलीमा पनि कुनै समस्यालाई समाधान गर्न खोजियो भने अवश्य पनि सफल भइन्छ भन्ने रहेको छ ।

# चौथो परिच्छेद

# पौराणिक, ऐतिहासिक तथा अतिरञ्जित लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण

## ४.१ लमेनीको सराय

### ४.१.१ लमेनीको सराय कथाको मूलपाठ

छहरा गाउँ पञ्चायतमा लमेनी नाम भएकी बुढी बज्यै थिइन् । ती बुढी बज्यैले आफ्नो दुलाहासित मालिक मालिक्नीको घरमा गएर डफला भोटा सिलाउने काम गर्तिन् । बुढीका बाजे बज्यैले गरेको काम गरने र घर घरमा सिलाउने गर्दा एकदिन म्यालढाप भन्ने ठाउँमा सिलाएर आउँदा बुढीले जङ्गलमा खुकुरी देखिचिन् । ती बुढीलाई लोभ लागेच । त्याट त्यो खुकुरी झोलामा राखेर ल्याइचिन् । त्यो खुकुरी घरमा लएर राखेसी बुढीलाई मुटु दुख्न थालेच । त्याट बुढीले दवाई पानी गर्दा नी दुख्न बिसेक भएनच बिसेक नभएसी बुढीले अब के गर्ने होला म ता मर्ने भए भन्दै हिड्ने गर्तिन । त्यसै बेला एकदिन बुढी धामीलाई हेराउन गइछन् । धामीले बुढीलाई चामल छुन लगाई हेर्दा बुढीले घरमा भेटाएको फलाम राखेको छ छैन भनी सोधेचन फलाम बुढीले खुकुरी राखिछु भनिचिन र त्यही खुकुरीको कारणले गर्दा तिम्रो मुटु दुख्ने व्यथा निस्केको हो । त्यो खुकुरीले बली खान खोजेको छ । त्यसलाई बली देपार तिम्रो मुटु दुख्ने व्यथा सञ्चो हुन्च भनेचन् । त्याट बुढीले के गरेर कसरी वली दिने म गरिब बुढीले कसरी गर्न सक्चुर भनिचन् । तिमीले वली दिन नसकेपार तिम्रो मुटु दुख्न छोड्दैन भनेचन तिमीले चन्दा उठाएर भएनी एउटो जङ्गलमा त्यस खुकुरीलाई वर्षेनी वली चढाउन पर्च भनेचन् । त्याट बुढी घर आइचिन् र जहान परिवारमा यो कुरा राखिचन् । त्याट सबै चन्दा उठाउन हिडेर पैसा जम्मा गरेचन र अब कसरी र कहिले बली चढाउने भनि सोध्दा दशैको पञ्चमीका दिन पाडो बली चढाउन पर्च भनी धामीले भनेच र बुढी बज्यैले दशैको पञ्चमीका दिन घर मुनीको जङ्गलमा ढुङ्गाले बारेर पाडो वली देइचन पाडो वलीदिएको दिनबाट उनको मुटु दुख्न विशेक भएच । त्यहाबाट बुढीले वर्षेनी चन्दा उठाउँदै पाडो वली चढाउन थालिचिन् ।

बुढी बज्यैले यसरी बली चढाउने कुरा जतातते थाहा भएसी यो मेला हेर्नका लागि छहरा गाउँ पञ्चायतका प्रत्येक वडाबाट मानिसहरू आई सक्दो भेटी चढाउन थालेचन त्याट प्रत्येक दशैको पञ्चमीका दिन यसरी वली दिने गरिचन् । बुढी बज्यैले यसरी वली दिने कुरा थाहा पाएसी सबैजना मेला हेर्न जान थालेचन् ।

बुढीको आर्य आर्जन नभएकाले यसको खर्च जो पार्नको लागि चन्दा उठाउने काम गर्तिन् । चन्दाबाट आएको पैसाले पछि बुढीले मन्दिर बनाई पर्खालले घेरेर मान्दिरमा ताल्चा लगाउने गरिन् । यसो गर्दा बुढीको खुकुरीको जतन भएच । मन्दिर बनाउनका लागि स्थानीय बासीले सक्दो सहयोग गरेचन् । दशैंको पूर्णिमाबाट पञ्चमीसम्मका दिन सम्म बुढीले मन्दिर खोलेर पूजा गर्ने मन्दिर सिंगार्ने काम गर्तिन् । पञ्चमीका दिन बुढीले एक हातमा बत्ती र अर्को हातमा जमारा राखी सराय नाचसँगै नाच्ने मन्दिरको वरिपरि घुम्ने गरथिन् । यसरी वली देपछि बुढीको मुटु दुख्ने व्यथा सञ्चो भएच ।

बुढीले आफू बाचुनजली यसरी नै सराय निकाल्ने गर्थिन् । बुढीको निधन भएपछि एक वर्षसम्म कसैलाई केही पनि भएनच । बुढी मरेको एक वर्ष पछि बुढीको जेठी बुहारीलाई मैले गरेको काम तैले गर्न पर्च भनिचन् । त्याट जेठी बुहारीले पनि दशैको पञ्चमीका दिन पाडो वलि दिएपछि देवताले हल्लाउन छोडेचन् । यसरी अहिले पनि छहरावासीका लागि यो सराय लोकप्रिय बनेको छ । दशैको पञ्चमीका दिन लमेनीको सराय हेर्नका लागि टाढा टाढाका मानिसहरू पनि आउने र भेटी चढाउने काम गरचन

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला सरासर मुखमा आइजाला

### ४.१.२ लमेनीको सराय लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत ‘लेमेनीको सराय’ लोककथा पाल्पा जिल्लाको छहरा गाउँ पञ्चायतमा प्रचलित पौराणिक विषयवस्तुमा आधारित लोककथा हो । यस सरायमा दर्शकहरूले हेरेर मनोरञ्जन लिने गर्दछन् । यो सराय यहाँका बासिन्दाहरूले सबैले सरसरी भन्न जान्दछन् । यस सरायलाई यहाँका

बालबालिकाहरूले सानैदेखि आफ्नो मनमुटुमा बसालेका छन् । यस कथालाई नर बहादुर रायमाझीले २०७२/३/३ गते छहरामा भन्नुभएको हो ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एकजना बुढी बज्यैले लुगा सिलाउन जाँदा जङ्गलमा अरूले फालेको खुकुरी टिपेर घरमा लगेपछि बुढीलाई मुटु दुख्ने व्यथा उब्जेकोबाट कथाको प्रारम्भ भएको छ ।

बुढीलाई मुटु दुख्ने व्यथा लागेपछि विभिन्न ठाउँमा गएर औषधी उपचार गर्दा पनि विशेक नलागेको सबैले जाने बुझेको जडीबुटीमा प्रयोग गर्दा पनि मुटु दुख्न नछोडेको र एकदिन बुढी धामीकहाँ पुगिचन र मेरो मुटु दुखेको दुखै गर्छ र सन्चो भएन भनेपछि धामीले नारी समात्दा घरमा भेटाएको फलाम राखेको र त्यसले बलि खान खोजेको कुरा पत्ता लगाएको छ । त्यस फलामलाई दशैंको दिन पारेर बलि दिनु तँपाईको मुटु दुख्ने व्यथा निको हुन्छ भनी धामीले उपाय सिकाएको कुरा कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

अन्त्य भागमा धामीले भने बमोजिम जङ्गलमा ढुङ्गाले बारेर त्यस खुकुरीलाई पाडो बलि दिएको र त्यही बलि दिएको वर्षदेखि नै बुढीको मुटु दुख्ने व्यथा निको भएको कुरा कथाको अन्त्य भागमा उल्लेख गरिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाको प्रमुख पात्र लमेनी नारी पात्र रहेकी छन् । आफ्नो जीवनको दौडानमा एकदिन लुगा सिलाएर घर फर्कदा जङ्लमा खुकुरी भेटाएर समस्यामा परेकी एक गरिब वर्गको प्रतिनिधि पात्र हुन् । धामी, खुकुरी अन्य सहायक पात्र हुन् । खुकुरी मानवेत्तर पात्र भए पनि यसैबाट बुढीको समस्या उत्पन्न भएकाले यो कथाको सहायक पात्रका रूपमा देखा परेको छ ।

**घ) परिवेश**

प्रस्तुत लोककथामा आएका प्रमुख स्थानहरू घर, जङ्गल, मन्दिर प्रमुख रूपमा आएका छन् । घरमा बुढीले आफ्नो जीवन बिताउन विभिन्न प्रकारका डसना कपडा सिलाउन कामनगरेकी छन् । जङ्गलमा बुढीले खुकुरी भेटाएकी छन् र त्यस खुकुरीलाई वर्षेनी बली दिनको लागि मन्दिर बनाइएको छ । यो घटना एउटा गरिबको घरमा घटेको छ । जसलाई साँझ बिहानको छाक टार्न धौ धौ पर्छ

उसैलाई लोभले विलाप गराएको छ यसको समस्या बुढीको उमेरको ५० वर्षमा देखापरेको र अहिले पनि जारी छ । यसरी विविध स्थान र वातावरणले कथा रोचक बनेको छ ।

**ङ) द्वन्द्व**

प्रस्ततु लोककथामा बुढीले जङ्गलमा खुकुरी भेटाएको र त्यसलाई केही काट्ने साधनको रूपमा घरमा ल्याएको तर त्यसो नभएर त्यही खुकुरीले नै समस्या उत्पन्न गराएको छ । बुढीले गरिबी र त्यसबाट त्यस्तो विकराल स्थिति आइपर्छ भन्ने जानकारी नभई घरमा ल्याएको र त्यही झन् समस्याको विऊ बनेको छ । यसरी यस कथामा खुकरीले जसरी केही काममा सहयोग होला र मलाई किन्न नपर्ला भनी सोचेकी बुढीलाई त्यही खुकुरी बुढीको सोचाइभन्दा भिन्न रूपमा आएको छ ।

**च) कथोपकथन**

प्रस्तुत कथामा एउटी बुढी बज्यैले भेट्टाएको खुकुरी र त्यसबाट उत्पन्न समस्याले कथाको रूप लिएको छ । बुढी चेतनशील प्राणी र खुकुरी निर्जिव वस्तुले कथाको पूर्णता पाएको छ । बुढीले जङ्गलमा खुकुरी भेटाएको र त्यही खुकुरी घरमा लएर राख्दा बुढीको मुटु दुख्ने व्यथ उत्पन्न भएको छ । औषधी उपचार गर्दा आजित भएकी बुढीलाई एकजना धामीले समस्याको समाधान गराइदिन सफल हुन्छन् र त्यही धामीले भने बमोजिम गर्दा बुढीको मुटु दुख्ने व्यथा सञ्चो भएको छ । त्यहाँ अहिले एउटा रमाइलो गर्ने र सरायमा रमाउने गर्ने गरेको पाइन्छ ।

**छ) उद्देश्य**

यस लोककथाको प्रमुख उद्देश्य कुनै पनि वस्तुलाई बाटोमा भेटाइयो भन्दैमा ट्याप्प टिपेर लैजानु हुँदैन, त्यो जीवनको अभिशाप पनि बन्न सक्छ भन्नु नै यस लोककथाको मूल उद्देश्य रहेको छ । वर्तमानमा केही भएन भनेर कुनै पनि कुरालाई लिनु हुँदैन त्यो भविष्यको लागि पनि खतरा हुन सक्छ, त्यसैले कुनै पनि काम गर्दा ध्यान दिनुपर्छ ।

**ज) भाषा**

प्रस्तुत लोककथाको भाषा सामान्य बोलचालको भाषा रहेको छ । स्थानीय लोकभाषाको पनि प्रभाव रहेको छ । जस्तै रहिच, गर्तिन, दवाई, विसेक जस्ता स्थानीय भाषाको प्रयोग भएको पाइन्छ ।

डफला, भोटा, खुकुरी, मुटु जस्ता तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । सरल, सहज भाषाको प्रयोगले कथा रोचक बनेको छ ।

### झ) शैली

प्रस्तुत लोककथाको शैली वर्णनात्मक रहेको छ । विभिन्न स्थानहरूको वर्णनले गर्दा कथा रोचक र कौतुहलमय बनेको छ । यसमा तृतीय पुरुष शैलीका पात्रहरूको प्रयोग भएको पाइन्छ । बुढी बज्यैले गरेको कामलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ञ) निष्कर्ष

कुनै पनि वस्तुलाई देख्ने बित्तिकै छुने समात्ने काम गर्नुहुँदैन किनभने यो विषाक्त वस्तु पनि हुन सक्छ जसले गर्दा आफ्नो जीवनमा दुर्घटना हुन सक्छ । त्यसैले कुनै पनि संवेदनशील वस्तु देखेमा सम्बन्धित मानिसहरूलाई खबर गर्नु नै सबैभन्दा उत्तम हुन्छ ।

## ४.२ घर्तीपानीको कथा

### ४.२.१ घर्तीपानीको कथाको मूलपाठ

धेरै पहिल्यैको कुरा हो । एकजना घर्ती मगरको सामान हराउको रचिन । सामान हराएकि घतीमगरपलाई पिर परेच । पिरले घर्तीमगर केही गर्न नसक्ने भएको रहिच दिनदिनै पिरले सताउन थालेसी घर्तीमगले एक उपाय विकालेच यसै पनि यो चार पत्ता लगाउन आँ के गर्ने तो ब भनी सोचेय । सोच्दा सोच्दै तेले धनुवान लगाउने निर्णय गरेच । धनुवान लगाउँदै जाँदा त्यो घर्तीमगर छहरा र म्यालढापको बीचमा रहेको जङ्गलमा पुगचे । त्यो मगरलाई थकाइ र तिर्खा लागेच सल्लेरीको चिसो हावा खाएच । यत्ता उत्ता पानी खोजेच तर उसले कुँवा, धारो केही पनि भेटाएनय ।

त्याट तेले आपनो तिर्खा मेटाउन एक उपाय निकालेच । त्यस घतीले म सत्यको घर्ती मगर हुँदो हुम्दा त पानी आइजाला भनी धनुवाले जमिनमा हान्दा पानी छवाल्ल आएर त्यस मगरले तिर्खा मेटेच । त्यसरी त्यस ठाउँलाई घर्तीले धनुवान हाल्दा पानी निस्केको हुँदा त्यसको नाम घर्तीपानी रहेको किम्बदन्ती छ ।

अहिले पनि त्यस ठाउँमा पानीको पोखरी छ । ताँहा कात्तिकको ठूलो एकादशीका दिन मेला लाग्ने गर्च । त्यहाँ पानी पोखरीका साथमा मन्दिर पनि रहेको छ । त्यो मन्दिरमा मान्छेहरूले

आफूलाई दुःख पिडा पर्दा भाकल गर्ने र आफूले भावक गरेको पुरा भएमा परेवा उडाउने परम्परा छ । यस मन्दिरमा पुजारी घर्ती मगर नै रहेका हुन्छन् । यो मन्दिर चाहि कात्तिकका ठूला एकादशीका दिन खुल्ने गर्च । यो मन्दिर यहाँको स्थानीय बासीका लागि लोकप्रिय मन्दिर हो । यो पोखरीको पानीले नुहाएमा छोरा नभएकालाई छोरा जन्मिने जनविश्वास पनि रहदै आएको छ ।

यो दिनको कालरात्रीका दिन रातैभरि ठूलो नाच नचाउने परम्परारको छ । छहरा गा.वि.स. का नौ वटै वडाबाट ठूला नाच लैजाने र प्रतिस्पर्धा गराउने परम्परा पनि रही आएको छ । घर्तीपानीको राम हेर्न भनेसी याका मान्छेहरू रूपक्कै हुने गर्चन् । यो राम छहरा क्षेत्रका मानिसहरूको लागि एक लोकप्रिय मेला हो । यो रातका दिन टाढा टाढाका आफन्तहरूको भेटघनाट भई दुःख सुख बाड्ने गर्चन् । यस मेलाका दिन यहाँको मुख्य व्यापार भनेको गन्जी हो ।

सन्नेलाई सुनको माला भन्नेलाई फूलको  
माला यो कथा सरासर बैकुण्ठमा जाला  
भन्ने बेला खुरुक्क मुखमा आइजाला

### ४.२.२ घर्तीपानी लोककथाको तत्त्वगत विश्लेषण

#### क) परिचय

प्रस्तुत लोककथाको पाल्ला जिल्लाको छहरा गा.वि.स. बाट करिब २ कि.मि. पश्चिममा अवस्थिति पौराणिक विषयवस्तुसँग सम्बन्धित लोककथा हो । यस कथालार्य सीता रायमाफीले वि.सं. २०७२/७/३ गते भन्नु भएको र मैले लिपिबद्ध गरेकी हुँ ।

## ख)	कथानक

प्रस्तुत लोककथामा एकजना घर्तीमगरको सामान हराएको र खोजतलास गर्दा कही कतै पनि नभेटिएकाले घर्तीमगरले धनुवान लगाउँने निर्णयसँगै कथाको प्रारम्भ भएको छ ।

घर्तीमगरले धनुवान लगाउँदै जाँदा एउटा घना जङ्गलको बीचमा पुगेको र उसलाई निकै तिर्खा लागेको थियो । उसले त्यहाँ वरिपरि पानीको मुहान खोज्दा नभेटिएकाले 'म सत्तको घर्तीमगर हुँदो हुम्ला त पानी आइजाला" भनी धनुवान भुइमा हाल्दा पानी निस्किएर उसले प्यास भेटाएको प्रसङ्ग कथाको मध्य भागमा गरिएको छ ।

कथाको अन्त्यमा यसरी सत्तको आएको पानीलाई पोखरीको रूप दिएर मन्दिर बनाएर कात्तिकको ठूला एकादशीका दिन मेला लाग्ने कुरा कथाको अन्त्य भागमा उल्लेख गरिएको छ ।

## ग)	पात्र/चरित्र

यस कथाको प्रमुख पात्र घर्तीमगर पुरुष पात्र रहेको छ । आफ्नो सामान हराएर धनुवान लगाउँदै हिडेको यो पात्र विवेकशील पात्रको रूपमा देखा परेको छ । मानववेत्तर पात्रको रूपमा धनुवान रहेको छ ।

## घ)	परिवेश

प्रस्तुत लोककथामा लौकिक परिवशेको चित्रण गरिएको छ । घर्तीमगरको सामान हराएर सामान खोज्न घरबाट हिडेको बाटोमा घना जङ्गल आएको त्यहाँ पानीको मुहान नभेटाएको र अन्तिम उपायमा धनुवाले भुइँमा हान्दा पानी छवाल्ल आएर पानीको प्यास भेटाएको ग्रामीण परिवेशको उल्लेख गरिएको छ । घटना दिउसोको छ हिड्दा हिड्दै तिर्खा लागेको घाम लागेको समय छ ।

## ङ)	द्वन्द्व

यस कथामा आफ्नो सामान हराएर धनुवान लगाउँदै हिडेको घर्तीमगरलाई आन्तरिक द्वन्द्वले सताएको छ । आफ्नो सामान खोज्दै हिडेको घर्ती मगरलाई सामान हराएको सत्य भई उसले धनुवान हान्दा पानी निस्किएको छ ।

### च) कथोपकथन

प्रस्तुत लोककथामा दुई पात्रहरूका बीचमा हुने दोहोर संवाद आएको छैन । यस कथामा कथावाचक स्वयमको जीवन भोगाइ सँग सम्बन्धित एकोहोरो कथनहरू रहेका छन् । यस लोककथामा दोहोरो कुराकानी नभएपनि कथा रहस्यमय र कौतुहलतामय बनेको छ ।

### छ) उद्देश्य

प्रस्तुत लोककथाको प्रमुख उद्देश्य स्थानीय देवीदेवता कसरी उत्पत्ति भएर के कारणले त्यस स्थानमा मेला लाग्छ यस विषयको सबैमा जानकारी गराउनु रहेको छ । स्थानीय रूपमा रहेको देवीदेवताको जानकारीलाई लिपिवद्ध गरी सबैमा पढेर आनन्द दिनु रहेको छ ।

### ज) भाषा

प्रस्तुत लोककथामा स्थानीय बोलीचालीको भाषा प्रयोग गरिएको छ । सामान्य लेखपढ गरेका व्यक्तिले पनि कथा पढ्न सक्ने सरल र छोटा वाक्य भएको सजिलो कथा छ । यहाँ स्थानीय बासिन्दाहरूले बोल्ने “म साँच्चैको घर्तीमगरको छोरो हुम्ला त पानी आइजाला” जस्ता शब्दले कथा थप रमाइलो बनेको छ ।

### झ) शैली

प्रस्तुत लोककथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । कथामा यहाँबाट यस्तो भयो फेरि यस्तो भयो भन्दै वर्णन गरिएकाले यसको प्रमुख शैली वर्णनात्मक रहेको छ । कथाको सुरुवातमा धेरै पहिल्यैको कुरा हो र टुङ्ग्यानीमा सुन्नेलाई सुनको माला ...... जस्ता शब्दले थप रोचक बनाएको छ । यस कथामा भूतकालीन क्रियापदको प्रयोग गरिएको छ ।

### ञ) निष्कर्ष

प्रस्तुत लोककथा सीमित क्षेत्रका बासिन्दाहरूका लागि मात्र लोकप्रिय नभई शिक्षित र अनुसन्धानकर्ताहरूका लागि एक उपयुक्त सामग्री बन्ने छ ।

## ४.३ बोक्सी

### ४.३.१ बोक्सी कथाको मूलपाठ

एकादेशा एकचोटी बोक्सीको बारेया कचहरी बसेछ । त्यस कचहरीमा कोही भन्चन बोक्सी छ कोही छैनन् भन्ने रहिचन तर ती एउटै गाममा बस्ने मान्छेहरूमा पनि फरक फरक विचार पोखेचन् । त्याट बोक्सी को हो त भन्ने कुरामा गाममा कसैको भैसी, कसैको गोरु र कसैको जहान नै थला परेको बेलामा समेत गाममा कचहरी बसेछ । त्यहाँ भएकाले बोक्सी हुन्च नै भन्ने विचार पोखेका थिए तर त्यही गाममा बस्ने एउटी अधवैशेलाई चाहि त्यस बोक्सी छ की छैन भन्ने बारेमा बोक्सी छैन भन्ने कुरामा जिद्‌दी थियो । त्यसलाई दैवीशक्ति माथि कुनै विश्मास थेन । अनि त उसले त बोक्सी मान्थ्यो न त कुनै भगमान । उनको काना एउटो कुरो मत्र खेल्थ्यो बोक्सीहरू राती बाह्र बजे पिपलको बोटा गर फलामको कपडा लार सातथरीका बत्ती हाता लेर कपाल छोडेर नाच्छन् रे भन्ने कुराको ।

एकदिन रातिको बेलाआ यो सुनेको कुरा कासम्मको सही वा असही हो भनेर उसको घरभन्दा केही पर गगाको किनारा नजिकको पिपलका बोट चढेर बसिराखिछन् । त्यसी रातको बार बजेसम्म कोही बोक्सी आएनचन उनलाई निद्रा लागेच त्यही रुखा निदाइच निद्राको आदा घण्टापछि त्यहा 'छम, छम' गरेको आवाज आय । तिनी निद्राबाट झल्यास् जागिबन् सातजाना लहरै फलामका कपडा लगाका हाता सातथरीका बत्ती लेका कपाल छोडेका बोक्सीहरू गीत गाउँदै नाच्दै पिपलका बोटमुनि आइपुगेचन् । केही समय त उनलाई विश्वास लागेनच । त्यसरी जब उसले बोक्सीहरूले कुरा गरेको सुनेसी उसको आङ्ग जिरिङ्ग फुलेच कुनै बोक्सी भन्चन-पल्ला घरको काइलाको छोरीको रगत मैले पिएकी छु, कोहीले भन्चन माथ्लो घरको जेठाको घाटी वङ्ग्याउने पनि मै हुँ, केही भन्छन् मेरो जेठाजुलाई नाग लगाइदिने पनि म हुँ । तिनलाई धेरै डर लागेच । त्यसी बोक्सीहरूले पूजा गरेचन र स्वर्गमा पनि जानुपर्छ आज मङ्गलबार हो गुरुलाई प्रसाद खुवाउनुपर्छ भनेर पिपलको बोटलाई सातजना बोक्सी मिलेर उचालेर वायूजस्तै गरेर स्वार्गमा पुऱ्याएचन् ती अधवैशे पनि बोटमै भएकाले तिनी पनि स्वर्गमा पुगिचेन् । ती बोक्सीहरूको कसैको दाह्रा निस्केको बिरालो माथि बसेको, आँखा पनि ठूला-ठूला जिब्रो नी लामो, कपाल छोडेर विभिन्न दाह्राहरूले बनेको गहना लाएका फलामको कपडा लाका मान्छेलाई बोक्सीले पूजा गरेर फेरि त्यही वनमा पिपलको बोटलाई उचालेर हयाएचन र जसरी थयो त्यसरी नै राखेचन् । त्यसरी बोक्सीहरू खित्का छोड्दै हा हा हा-ही-ही गर्दे हाँस्दै गीत गाउँदै छम्-छम् नाच्न थालेन् । त्यसी बिहानको ३ बजेतिर बोक्सीहरू आ-आफ्नो घरमा गएचन् । त्यसी त्यो मान्छे रुखाट झरेर फेदमा हेर्दा केही कुरा नी फेला नपार्दा त्यो मान्छे अचम्ममा परेर बोक्सी पनि हुदोरच आज बल्ल मैले थाहा पाए दैवी शक्ति यस्तो हुदोरच भनेर त्यो मान्छे पूर्ण विश्वासका साथ बसेच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको
माला यो कथा सरासर बैकुण्ठमा जाला
भन्ने बेला खुरुक्क मुखमा आइजाला

**४.३.२ बोक्सी कथाको तत्त्वगत विश्लेषण**

**क) परिचय**

प्रस्तुत "बोक्सी" लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित अलौकिक तथा अतिरञ्जित विषयवस्तुमा आधारित लोककथा हो । यसमा आएको समाज एक रुढीवादी समाज हो ।

**ख) कथानक**

प्रस्तुत लोककथा बोक्सी छ छैन भन्ने विषयमा कचहरी बसेपछि कोही बोक्सी छ भन्ने पक्षमा र कोही बोक्सी छैन भन्ने पक्षमा छलफल भएपछि कथाको प्रारम्भ भएको छ ।

त्यही ठाउँमा एक अधवैसेलाई यस कुरामा घमण्ड थियो । उसलाई बोक्सी दैवीशक्ति माथि कुनै विश्वास थिएन । उसले नत भगवान मान्थ्यो नत बोक्सी नै मान्थ्यो । उसको कानमा एउटा कुरा मात्र गुञ्जन्थ्यो बोक्सी रातीको बार बजे पिपलको बोटमा गएर फलामको कपडा लगाई सातथरीका बत्ती बालेर कपाल छोडेर नाच्छन् भन्ने कुरा मात्र थाहा थियो । यो कुरा सत्य हो वा होइन भनी रातीको बार बजे गङ्गाको किनारामा रहेको पिपलको बोटमा गएर बसेको र बार बजे अघि केही पनि नआएकाले ऊ झकाएको रहेछ बार बजे राति 'छम्, छम्' गरेको आवाज आएछ उसको आङ् सिरिङ गरेछ ।

बोक्सीहरू पल्लो घरको काइलाको छोरीको रगत पिउने पनि मै हो कसैले भन्ने रहिछन् तल्लो घरको जेठाको घाटी बङ्ग्याउने पनि मै हो भन्दै कुरा गर्दै आएको र ती बोक्सीहरूले पीपलको फेदमा विधिवत् पूजा गरिसकेपछि आज मङ्गलबार हो गुरुलाई प्रसाद खुवाउनुपर्छ भन्दै पीपलको बोटलाई जुरुक्कै उचालि ती बोक्सीहरूले वायुजस्तै गरेर स्वर्गमा लएछन् । त्यो मान्छे पनि पीपलको बोटमा बसेकाले सँगै गएछ । बोक्सीहरूको राजा दाह्रा निस्किएको, बिरालो माथि बसेको आँखा ठूला-ठूला, जिब्रो लामो, कपाल छोडेको विभिन्न हाडहरूले बनेको गहना लगाएको मानिसलाई ती बोक्सीहरूले पूजा गरेर फेरि पहिलेको ठाउँमा जसरी थियो त्यसरी नै राखेको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

त्यसपछि बोक्सहरू हा-हा-हा-ही-ही गर्दै हास्दै गाउँदै नाँच्दै गरेका र बिहानको ३ बजेतिर आ-आफ्नो घरतिर गएछन् । अघवैशे मान्छे ओर्लर हेर्दा त्यहा केही पनि नभएकाले सोही मान्छे अचम्ममा परी दैवी शक्ति पनि हुँदो रहेछ भनी विश्वास लिएको प्रसङ्ग कथाको अन्त्य भागमा उल्लेख गरिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाको प्रमुख पात्र अधवैसे मान्छे रहेको छ । बोक्सीको कचहरी बस्दा गएको अघवैसे पात्र दैवी शक्ति माथि विशवास छैन भनेको छ । एकदिन दैवी शक्ति हुन्छ वा हुँदैन त्यसको टुङ्गो लगाउँछ भनी पिपलको बोटमा गई बसेको र बार बजे राती बोक्सी आई नाच गान गरी ३ बजेतिर फर्कदा दैवी शक्ति हुने रहेछ भन्ने विश्वास लिएको यो पात्र एक निडर प्रवृत्तिको पात्र हो । अन्य सहायक पात्रमा बोक्सीहरू रहेका छन् । अधवैशे पात्रलाई बोक्सी हुन्छ भनी विश्वास दिएका यी पात्र रातको बार बजे पिपलको बोटमा आई नाच गान गरी रमाइलो गरेका छन् ।

**घ) परिवेश**

प्रस्तुत लोककथा लौकिक र अलौकिक दुवै परिवेशको चित्रण गरिएको छ । लौकिक अन्तर्गत गाउँ छ त्यहाँ बोक्सीको कचहरी बसेको छ । कोही बोक्सी मान्ने र नमान्ने दुई थरीका मानिसहरू छन् ग्रामीण परिवेश छ । विहानको समयमा कचहरी बसेका छन् । एकजना अधवैसेले दैवीशक्ति माथि विश्वास नभएको र त्यसलाई परीक्षण गर्न गङ्गाको किनारामा भएको पीपलको बोटमा गई बसेको र रातको बार बजे बोक्सीहरू आएको र गुरुलाई प्रसाद खुवाएको अधवैसे पात्र आफु पनि वायूजस्तै उडी स्वर्गलोकमा गएको परिवेश उल्लेख गरिएको छ । यसले अलौकिक परिवेशले चित्रण गरेको छ । यो रातको समय सनुसान वातावरण रहेको परिवेश छ ।

**ङ) द्वन्द्व**

प्रस्तुत लोककथामा बोक्सी छ वा छैन भन्ने विषयमा बसेको कचहरीमा एकजना अधवैसेले दैवीशक्ति माथि विश्वास नभएको कुरा गर्दा उपस्थिति सबैले बोक्सी छ भनेका तर अधवैशे पात्रले छैन भन्ने विषयमा द्वन्द्व परेको छ । सोही पात्रले दैवी शक्तिको जाँच गर्न भनी गङ्गाको किनारामा रहेको पीपलको बोटमा गई बसेको र रातको बार बजे बोक्सीहरू आई नाचगान गरेको सबैको रगत

खाने, टाउको बङ्ग्याउने काम हामीहरूले गरेको भनी अधवैसे पात्रले सुनेकाले अ साच्चै बोक्सी हुदो रहेछ भनी त्यो पात्रले विश्वास गरेको छ ।

### च) कथोपकथन

प्रस्तुत लोककथामा बोक्सी हुन्छ वा हुँदैनन् भन्ने विषयमा कचहरी बसेबाट कथाको मुख्य रूप सुरु भएको छ । अधवैसे मान्छेले दैवी शक्ति माथि विश्वास नभएको भाव प्रकट सँगै यसको प्रयोगात्मक जाँच गर्दा रातिको बार बजे बोक्सीहरू "तल्लो घर काइँलाको छोरीको रगत मैले पिएकी छु, माथ्लो घरे जेठाको घाँटी मैले बङ्ग्यादिएको छु" जस्ता संवाद गर्दै आएका प्रसङ्ग कथामा उल्लेख गरिएको छ ।

### छ) उद्‌देश्य

प्रस्तुत लोककथा कुनै न कुनै रूपमा दैवी शक्ति रहेको हुन्छ । हामीहरूले दैवीशक्ति माथि पनि विश्वास गर्नुपर्छ । दैवी शक्ति हुँदैन भन्ने अधवैशे पात्रले रातको १२ बजे पीपलको रुखमा गई बसेको र बोक्सीहरू आई पूजा गर्ने गीत गाउने गरेको देखेर साच्चै दैवीशक्ति हुदो रहिछ भन्ने विश्वास गरेको छ ।

### ज) भाषा

सामान्य बोलचालको भाषा प्रयोग गरिएको यस कथा एक लोकप्रिय कथा हो । कचहरी, भुइसी जस्ता स्थानीय लोकभाषाको प्रयोग भएको छ । बोक्सी अधवैसे जस्ता तद्‌भव शब्द र पिपल, गङ्गा जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ ।

### झ) शैली

प्रस्तुत लोककथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । तृतीय पुरुष शैलीका पात्रहरूको प्रयोग गरिएको यस कथामा पात्रहरूको संवादात्मक शैलीले कथा रोचक र उत्कृष्ट बनेको छ ।

### ञ) निष्कर्ष

दैवी शक्ति पनि एक महत्त्वपूर्ण शक्ति हो यसमाथि हामीहरूले धेरै थोरै विश्वास लिनुपर्छ भन्नु नै यस कथाको निचोड रहेको छ ।

## ४.४ न्याउली चरी

### ४.४.१ न्याउली चरी कथाको मूलपाठ

एकादेशमा एउटी न्याउली चरी र उनकी आमा बस्ने गरथे । सूर्य भगवानलाई न्याउली चरी असाध्यै मन पर्ने रहिच् । त्यसैले सूर्यले न्याउली चरीसित विह्रा गरे । सूर्यले न्याउली चरीलाई सबै सुख सयल दिएर राखेका थिए सूर्यले न्याउली चरीको मुखा सुनले ढाकिदिएका थिए । जति सुख सयल भएनी न्याउली चरी दिनदिनै दुब्लाउँदै गएकी रहिचन् किनकी सुख सयल त रहिच तर आफूले चाहे जस्तो खानेकुरा घुमफिर गरेर खान पाको रहिनच यसरी दुब्लाउँदै गको देखेर सूर्य भगवानले चरीलाई सोधेचन् "तिमी यसरी केन दुब्नाउदै गको" भनी सोधेचन तिमीलाई के को कमी भयो ? मैले त तिमीलाई सबै सुख देको जस्तो लागच किन यस्तो भयो भनी सोधेचन् ।

त्यसी न्याउली चरीले भनीन् हर्नुस न यसरी म यहाँ बसिरहँदा सञ्चो हुन्च" तपाई आमाकोमा जानुस भनी न्याउली चरीले सूर्य भगवानलाई भनीच र सूर्य भगवानले न्याउली चरीको आमाका पुगेचन । त्यहाँ पुगेर न्याउली चरीले पठार आको हु भनी सबै कुरा बताएचन् । सबै कुरा सुनेसी न्याउली चरीको आमाले एउटो बट्टा देखार भनिन "हेर्नुस

जुवाई ! यो बट्टाको दवाई मेरी छारीलाई खान दिनु त्याट मात्र निको हुन्च भनी एउटो बट्टा दिइचन् र यो बट्टा तपाईले खोलेर नहेर्नुहोला भनी जुबाईलाई अह्राइचन हेरेपार औषधी लाग्ने छैन" न्याउली चरीको आमाले यति भनेसी सूर्य भगवान तो बट्टा लिएर त्यहाँबाट बिदा भएचन ।

बाटामा जाँदा जाँदा सूर्यको मनमा धेरै कुराहरू खेल्न थालेचन् यो बट्टामा के होला त केन मैले खोलेर हेरेपार दवाई नलाग्ने होला मैले हेर्देमा यो किन बिग्रन्च होला भनी धेरै प्रश्न उब्जेचन । यो बट्टामा के रहिच त्यस्तो हेर्न नहुने हेर्न परो भनी सूर्यले त्यो बट्टा खोलेर हेरेचन बट्टा खोलेर हेर्दा त्यहाँ लाभ्रेकिरा देख । यो देखेर सूर्यलाई नराम्रो लागो । मैले यस्तो सुख सयलमा राख्दा नी यिनलाई लाभ्रेकिरा खान पर्दो रहिच भनेर सूर्यले त्यो बट्टा लएर चरीलाई दिई यस पृथ्वीबाट र चरीबाट सदाको लाई आकाशमा आफ्नो वासस्थान बनाए भन्ने किवदन्ती रहको छ । यसरी सूर्यले चरीलाई छोडेर गएकोले सूर्य उदाउने र अस्ताउने बेलामा न्याउली चरी रुने वा कराउने गर्छ भन्ने जनविश्वास रहेको छ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

यो कथा सरासर बैकुण्ठमा जाला भन्ने बेला

खुरुक्क मुखमा आइजाला

### ४.४.२ न्याउली चरी लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित अतिरञ्चित विषयवस्तुमा आधारित लोककथा हो । प्रस्तुत कथा वि.सं. २०७२/५/६ मा एकराज भुसालले प्रस्तुत गर्नुभएको हो । पशुपक्षीले पनि मानव पात्रले जस्तै आफ्ना अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

**ख) कथानक**

प्रस्तुत लोककथामा सूर्य भगवानलाई न्याउली चरी अत्याधिक मन परेकाले उनैसँग सूर्य भगवानको बिहे, गरेको प्रसङ्गबाट कथाको प्रारम्भ भएको छ ।

न्याउली चरीको मुखमा सूर्य भगवानले सुनले ढाकिदिएका सुख सयलमा राखेको तर न्याउली चरी भने दिनप्रतिदिन दुब्लाउँदै गइरहेको देखेर सुर्य भगवानले “तिमी यसरी किन दुब्लाउँदै गएको, तिमीलाई के को कमी भयो ? मैले त तिमीलाई सम्पूर्ण सुख प्रदान गरे जस्तो लाग्छ” भनी सूर्य भगवानले सोध्दा तपाई मेरो आमासँग गएर औषधी लिएर आउनु भनी अह्राएको र आमाले बट्टामा लाभ्रेकिरा हालेर दिएको त्यो देख्दा सूर्य भगवानलाई नराम्रो लाग्यो र त्यो बट्टा चरीलाई दिई यस पृथ्वी र चरीबाट सदाको निम्ति आकाशमा आफ्नो बासस्थान बनाएको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

यसरी सूर्यले चरीलाई छाडेर गएकाले सूर्य उदाउँदा र अस्ताउँदा न्याउली चरी रुने वा कराउने प्रसङ्ग सँगै कथाको अन्त्य भएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथाका पात्रहरूमा न्याउली चरी, सूर्य, न्याउली चरीको आमा रहेका छन् । न्याउली चरी यस कथाको प्रमुख मानवेत्तर पात्र हो । सूर्य भगवानले सुख सयलमा राख्दा राख्दै पनि दुब्लाएकी यस पात्र विछोडमा परेकी छन् । सूर्य यस कथाको गौण पात्र हो । आफ्नी श्रीमतीलाई सुखसयलमा राखेको छु भन्ने भ्रम परेपछि पृथ्वीबाट र न्याउली चरीबाट सदाको लागि विदा भएर

जाने एक आत्माआलोचित पात्र हो । न्याउली चरीकी आमा छोरी दुब्लाएको देखेर लुकाएर छोरीलाई लाभ्रेकिरा खुवाउने गौण पात्र हुन् । यसरी विविध पात्रको संयोजनले कथा रोचक बनेको छ ।

**घ) परिवेश**

प्रस्तुत लोककथामा लौकिक अलौकिक दुवै परिवेशको संयोजन गरिएको छ । लौकिक परिवेश अन्तर्गत सूर्य भगवान र न्याउली चरी बीच बिहे भएको छ । न्याउली चरीलाई सुख सयलमा राखेका सूर्य भगवानले चरीको मुखमा सुनले ढाकिदिएको परिवेश छ । न्याउली चरीलाई आमासँग औषधी लिएर सूर्य भगवानले दिएका छन् । बट्टामा लाभ्रेकिरा देखेर चित्त दुखाएका सूर्य भगवान पृथ्वी र न्याउली चरीबाट सदाको लागि बिदा भएर आकाशमा आफ्नो बसाँइ बसाएको परिवेश उल्लेख गरिएको छ ।

**ङ) द्वन्द्व**

प्रस्तुत लोककथामा न्याउली चरीलाई मन पराएर विवाह गरेका सूर्य भगवाले न्याउली चरीलाई सुखसयलमा राखेको छु भनी मख्ख परेका तर न्याउली चरी स्वतन्त्र घुमफिर गर्न नपाएकाले दिनदिनै दुब्लाउँदै गएकाले आन्तरिक द्वन्द्वलाई प्रस्तुत गरिएको छ । “यत्ति सुख सयल हुँदाहुँदै किन दुब्लाउँदै गएको” भनी सोध्दा आमासँग औषधी लिन पठाएकी न्याउली चरी सूर्य भगवानले बट्टामा लाभ्रेकिरा देख्दा नराम्रो लागि न्याउली चरीसँग विछोड भएका छन् । न्याउली चरी र सूर्य भगवानको दुःखान्तमा कथा अन्त्य भएको छ ।

**च) कथोपकथन**

प्रस्तुत लोककथामा सूर्य भगवानले न्याउली चरीलाई यथेष्ट माया गर्दा गर्दै न्याउली चरी दुब्लाउँदै गएको प्रसङ्गबाट कथाले मुख्य रूप लिएको छ । न्याउली दुब्लाएको देखेर सूर्य भगवानले न्याउली चरीलाई भने “तिमी किन यसरी दुब्लाउँदै गएको तिमीलाई के को कमी भयो ? मैले त तिमीलाई सम्पूर्ण सुख प्रदान गरे जस्तो लाग्छ” त्यसपछि न्याउली चरीले भनिन “हेर्नुहोस यसरी म यहाँ बसिरहदा सञ्चो हुन्छ तपाई मेरो आमासँग जानोस दवाई लिएर आउनुस त्यो खाएर निको हुन्छ” जस्त संवादले कथालाई पूर्ण बनाएको छ ।

## छ) उद्देश्य

प्रस्तुत लोककथा जसले जहाँ खुसी पाउँछ त्यही नै उँ सुखी रहन्छ। न्याउली चरीको मुखमा सुनले दाकिदिए पनि न्याउली चरी खुसी भएर मोटाउन सकेकी छैनन् उनलाई लाभ्रेकिरा खाएर नै आनन्द र सुख मिल्ने भएकाले सूर्य भगवानले दिएको सुख सयल उनलाई अपुरो भएको छ। त्यसैले जुन जहाँ बस्छ त्यही ठाउँमा रमाउँछ भन्नु नै यस कथाको उद्देश्य रहेको छ।

## ज) भाषा

प्रस्तुत लोककथामा सामान्य बोलचालको भाषा प्रयोग भएको पाइन्छ। स्थानीय वोलचालमा गरथे, बसथे, गएचन्, भनेचन जस्ता क्रियापदको प्रयोग भएको पाइनछ। आमा, सूर्य जस्ता तत्सम शब्दको प्रयोग भएको पाइन्छ। यसरी विविध भाषा प्रयोगले कथा उत्कृष्ट बनेको छ।

## झ) शैली

प्रस्तुत लोककथामा वर्णनात्मक शैलीका साथमा संवादात्मक शैलीको प्रयोग गरिएको छ। यसमा कथाको वर्णन गरिएकाले वर्णनात्मक शैली र पात्रहरू बीचको कुराकानीले गर्दा संवादात्मक शैलीको प्रयोग गरिएको छ।

## ञ) निष्कर्ष

प्रस्तुत लोककथाले जुन प्राणी जहाँ बसेर रमाउँछ त्यही ठाउँ नै उसलाई रमाइलो र सौन्दर्य लाग्छ। जसलाई जे खाने कुरा मनपर्छ उसलाई त्यही खाने कुरा खुवाए मात्र मोटाउँछ हृष्टपुष्ट देखिन्छ। त्यसैले कुनै पनि पशुपक्षीलाई करकापमा पारेर राख्यो भने उसले आफ्नो स्वतन्त्रता गुमाउँछ र ऊँ भनेजस्तो देखिदैन। त्यसैले जो जहाँ रमाउँछ त्यही रमाउन दिनुपर्छ भन्नु यस कथाको निचोड रहेको छ।

## ४.५ भावीको लेखा

### ४.५.१ भावीको लेखा कथाको मूलपाठ

एकादेशा एउटी बुढी रहिचिन् । बुढीको एक छोरा र बुहारी रचन् । छोरा घरमा रहिनच । धन कमाउन विदेश गएको रहिच । घरमा बुहारी भर्खर सुत्केरी भकी रहिचन बुहारीलाई छोरो जन्मेको रहिच । बुढीको नाति छ दिनको हुँदा बेलुका एउटो जोगी बास माग्न आएच गरे ।

जोगीले "घरमा वास पाइन्छ की पाइदैन भनी" सोधेचे बुढीले बुहारी भर्खर सुत्केरी भाकी छ सुत्ने ठाउँ छइन अन्तै जाऊ भनी भनिच । जोगीले भित्र सुत्ने ठाउँ नभए यही बाहिर भएनी सुत्छु भनी भनेच त्यसी रात परो र सुन्तेबेला भयो र बुढी र बुहारी ढोका लाएर भित्र सुतेचन र जोगी चाहि बाहिर थेयो । जोगीले मनमनै भनेच छैटौ दिनमा भावीले निधारमा लेख्न आउच भन्चन कसरी आउँदोरहिच कस्तो हुने रहिच ? निधारमा लेख्ने भावी म पनि हेरचु भनी ढोकामा सुतेच । जोगी थकाईले गलीसकेकाले निदाको रहिच त्यस बेला बार बजेको रहिच । बार बजे सेतो पहिरन गरेको भावी नातिको भाग्य लेख्न भनी आएच जोगी लमपसार परेर ढोकामा सुतेको थेयो । को हो यो ढोकामा सत्ने छट भनेच । त्यसपछि जोगीले तिमी को हौ ? भनेर सोधेच । त्यसी भावीले भनेच म छैठौमा भाग्य लेखिदिने भावी हु बाटो छट भनेच त्यसपछाडि जोगीले भनेच के लेखिदिन्चौ भन त्यसीमात्र छोड्नु भनेच भावीले "अहिले भनदिन लेखेर आएसी भन्चु भनेच र जोगीले बाटो छोडदेच ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जालो, भन्ने
बेला तात्ततातै मुखमा आइजाला ।

### ४.५.२ भावीको लेखा लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत 'भावीको लेखा' लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तुमा आधारित लोककथा हो । यसमा आएको परिवेश एउटा परिवारको परिवेशलाई समावेश गरिएको छ ।

## ख)  कथानक

प्रस्तुत लोककथामा एउटी बुढीका छोरा र बुहारी भएको र छोरो धन कमाउन विदेश गएको छ । बुहारी भर्खर सुत्केरी भएको र छोरा जन्मिएको प्रसङ्गबाट कथाको आरम्भ भएको छ ।

नाति जन्मिएको ६ दिनका दिन जोगी बास माग्न आएको छ । जोगीलाई सुत्ने ठाउँ छैन भनी भन्दा म बाहिरै भएनी सुत्छु भनी बास मागेको छ । जोगीले ६ दिनका दिन भावीले निधारमा लेख्न आउँछन्, भन्छन् त्यो दिनमा लेख्न आउने भावी कस्तो हुने रहेछ म पनि हेर्छु भनी विचार गरेछ । रातिको बार बजे भावी आएछ र छोराको भाग्य लेखिदिएर फर्कदा जोगीले सोधेछ बार वर्षको उमेरमा बाघले लैजाओस भनी लेखिदिए भनेछ । जोगी उज्यालो भएपछि आफ्नो बाटो लागेछ । बार वर्ष पछाडि जोडी त्यही घरमा आएछ र बार वर्षको उमेरमा बाघले लैजाओस भनेर भावीले लेखेको कुरा सुनाएको प्रसङ्ग कथाको मध्य भागमा उल्लेख गरिएको छ ।

यो सुन्नासाथ बुढीले सारा गाउँका मानिस बटुलेर नातिलाई बीचमा राखेछन् रातको बाह बजे सबैलाई निद्राले च्यापेर झकाएछन् । त्यही बेला बालकलाई पिसाब लागेछ र करेसाबारिमा पिसाब गर्न गएको बेलामा नातिलाई बाघले लएछ र सबैले भावीले लेखेको कुरा कसै गरेपनि मेटिदैन भन्ने प्रसङ्ग कथाको अन्त्य भागमा उल्लेख गरिएको छ ।

## ग)  पात्र/चरित्र

प्रस्तुत लोककथामा बुढी, बुहारी, नाति र जोगी पात्रहरू रहेका छन् । बुढी यस कथाकी प्रमुख महिला पात्र हुन् । घरमा बास माग्न आएको जोगीलाई बास दिएकी यी पात्रले बाह्र वर्षपछि जोगी आई ६ दिनको दिन नातिलाई बाघले लैजाने कुरा थाहा पाई सारा गाउँलेलाई बुटेलेर नातिलाई बीचमा राखी बसेकी बुढीले नातिलाई बाघको मुखबाट जोगाउन नसकेकी सचेत पात्र हुन् । जोगी यस कथाको सहायक पुरुष पात्र हो । ६ दिनको दिन बुढीको घरमा बास माग्न पुगेको यस पात्रले भावी हुन्छ वा हुँदैन भन्ने विषयमा परीक्षा लिदा साँच्चै नै भावी हुँदो रहेछ भन्ने उत्तर पाएको एक सहयोगी पात्र हो बुहारी र नाति यस कथाको गौण पात्र हुन् । यसरी विविध पात्रको संयोजनले कथा उत्कृष्ट बनेको छ ।

## घ) परिवेश

प्रस्तुत लोककथामा आएका स्थानहरू बुढीको घर प्रमुख स्थानको रूपमा आएको छ । बुढीको घरमा जोगी बास बस्न आएको र बुढी पात्रको नाति जन्मेको ६ दिन भएकाले भावी भए नभएको परीक्षण गर्ने भनी जागाराम बसेको जोगीले भावीलाई के लेख्यौ भनी सोध्दा बार वर्षको उमेरमा बाघले लैजाऊस भनी लेखेको कुरा थाहा पाई बुढीको घरमा बार वर्षपछि आई सो कुरा बुढीलाई भनेको र सारा गाउँले हेरेर नातिलाई राख्दा पनि जोगाउन नसकेको परिवेश कथामा उल्लेख गरिएको छ ।

## ङ) द्वन्द्व

प्रस्तुत लोककथामा भावी हुन्छ वा हुँदैन भन्ने विषयमा जोगी पात्रले भावीसँग के कुरा लेखेको भनी सोधेको र बार वर्षमा बाघले लैजाने कुरा लेखिदिएको बार वर्षपछि त्यही घरमा गई भावीले लेखेको कुरा बुढीलाई सुनाउँछ र साँच्चै बाघले नातिलाई लैजान्छ र जोगीले भावी हुने रहिछ भन्ने कुरामा विश्वास गरेको छ । जोगीलाई यस कथामा आन्तरिक द्वन्द्वले सताएको र त्यो द्वन्द्व बार वर्षपछि सत्य सावित भएको छ ।

## च) कथोपकथन

प्रस्तुत लोककथामा जोगी बुढी आमासँग बास पाइन्छ की पाइदैन भनी गरेको संवाद प्रस्तुत गरिएको छ । रातको बार बजे भावी आएको र भावीलाई जोगीले के लेखिदियौ भनी सोध्दा भावीले “बार वर्षको उमेरमा बाघले लैजाउस” भनी लेखिदिए भनी गरेका संवाद पनि प्रस्तुत गरिएको छ । उज्यालो भएपछि जोगी आफ्नो घरतिर लागेको र बार वर्षपछि त्यही घरमा “ आमा, आमा बास पाइन्छ” भनी सोध्दा बुढीले “पाइन्छ बाबु बास पाइन्छ” भनी  बास बस्न दिएको र भावीले भनेको कुरा बुढीलाई सुनाउँछ र सबै गाउँलेले घेरीको  बालकलाई समेत जोगाउन सकेका छैनन् ।

## छ) उद्देश्य

प्रस्तुत लोककथाको प्रमुख उद्देश्य भनेको भावी हुदो रहेछ र छ दिनका दिन भावीले लेखिदिएको कुरा कसैले पनि भेटन नसक्ने कुरा सबैमा विश्वास दिलाउनु रहेको छ । प्रस्तुत कथामा पनि ६ दिनको दिन बालकको भाग्य लेख्ने भावीले बार वर्षको उमेरमा बाघले लैजाहोस् भनी लेखेको

र १२ वर्षको उमेरमा सबै गाउँलेले घेरी राख्दा पनि बचाउन नसकेकाले भावीले ६ दिनको दिन जे लेख्यो त्यही नै हुन्छ ।

**ज)　　भाषा**

प्रस्तुत लोककथामा सामान्य बोलचालको भाषा प्रयोग गरिएको छ । स्थानीय भाषाको पनि प्रभाव रहेको छ ।

**झ)　　शैली**

प्रस्तुत लोककथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ । तृतीय पुरुष शैलीका पात्रहरूको प्रयोगले कथा रोचक र कौतुहलमय बनेको छ ।

**ञ)　　निष्कर्ष**

प्रस्तुत लोककथामा भावीले लेखेको जो कसैले पनि मेटेर मेटन सकिदैन यो जसरी पनि भइहाल्छ भन्नु रहेको छ । भावीको लेखा कसैले मेटन् सक्दैन् ।

## ४.६　बैगुनीलाई गुनले मार्नु

### ४.६.१ बैगुनीलाई गुनले मार्नु कथाको मूलपाठ

एकादेशमा एउटा मान्छे आपनो घर छोडेर केही समयकोलाई घुम्न हिडेको रहिच । घुम्दा घुम्दै साँझ घर आउन नसक्ने अवस्तामा पुगेच । त्यो अवस्थामा पुग्दा एउटा घरमा पुगेर "मलाई बास दिनुस म घरमा पुग्न सकिन" भनेर भनेच । भन्दा त्यो घरको श्रीमतीले त्यो अरु घरमा कोइ पनि छैनन् म एउटा मत्रै छु" भनेर भनिचन् ।

त्यसो नभन्नोस् हजुर ! मेरो घर टाडा परो, म त्यस्तो बदमासी टाइपको होइन, मलाई केरे पिढिको छेउमा बास दिनोस् भनेर भनेच र उनले बास दिइन र पिढिको छेउमा बसिरहेको थियो । राति त्यो घरको मालिक का गको थियो । घरमालिक आएसि उल्ले सोध्यो "यो पिढीको छेउमा बसेको को हो ? भनेर सोध्दा उनले भनिन् "परदेशी हुनुन्नैचलर पुग्न गारो भयो, मलाई बास दिनुस

भन्नुभओ, मैले म मात्रै छु मइला मात्रै कसरी दिनुँ र ? भन्दा पनि उहाँले सारै हत्ते गर्नुभयो र मैले बास दिएकी हुम छ” भनेर उनले भनिन् ।

त्यो घरधनी लोग्ने केही नबोलिकन उलाई त्यो पुस माघको रातमा च्याप्प समातेर लअर केराको थाममा बाधेर छोडदेच । रातभर केराको थम्मामा बसी भोलीपल्ट फुकाइदिएच र आफ्नो घर गएच ।

पछि घरधनी वेपारी रैच, राँगा वेपार गर्ने रैच । त्यो राँगा खोज्दै जाँदा उ एउटा पसलमा पुगेर सोदेच हया कतै राँगाहरू पाइन्च कि ? भनेर सोधपुछ गरेच गर्दा त्यहाँका मानिसहरूले बताइदिएकी फलानाको घरमा राँगा छन् लौ हवाँ जानोस् भनेर भन्दिएचन । जुन त्यो बताइदेको मान्छे थियो उसैका घरमा राँगा रहिच । उसको घर गएर सो सोधो । हाँया पाइन्च हजुर राँगा ? भनेर सोद्धा “ओहो ! पाइन्चन हजुर पाइन्च आउनुहोस् केरे दुई तीन ओडा छ, त्यसा तपैलाई जुन इच्छा पर्च त्यो लानुहोला केरे भनर भनेच जुन पहिले केराको थम्मामा बाधिने मान्छेले ।

त्यो राँगा खरीत्तने मान्छेले केराको थम्मामा बाधेको हुम यसलाई भनेर चिनेनच तर राँगा बेच्नेले यसैले हो मलाई केराको थम्मामा बाधेको भनेर चिनेच । नचिन्दा उसले भनो “ल आउनुस आउनुस भनेर वडा सत्कार गरेर सम्मान गरेर चाइ खानपिन बस्नको व्यवस्था गरदेच ।

“आजको रात यही बस्नुपर्च भोलि जुन इच्छा लाग्य त्यही नै लेर जानुहोला भनेर उसले भनो र उल्ले राम्रो खानपिन गरेर सुन्ने विस्ताराहरू सप उल्ले गर्दियो ओहो ! आज केरे मेरो ईश्वरले ल्याइदिनु भो आज यही नै बस्न” पर्च भनेर सम्मान गरो ।

गरेपछि आखिर सुत्ने बेलामा “यत्रो केरे राँगा बेपार गर्ने तपाई यत्रो बाटो कोही हिड्नु पर्ने कै दौडिनु पर्ला, ओरालो हिड्नुपर्ने अब तपाईलाई म त सेवा गर्चु” भनेर उसको खुट्टा माड्नलाई केही तेल लेर अगाडि सरो ।

त्यो सर्दाखेरी त्यो मानिसले भन्यो कि ओहो ! यो ता सारै असम्भवको कुरा भओ । हजुर मलाई खान दिनुभओ । यसरी विस्तारा दिनुभओ अब ह्या भन्दा बढी ता नगर्नोस यो त हुँदैन” भन्दा उसले भनो “आज मेरो भाग्यले फेला पारेको तपाईलाई यो गुन तपाईले लाको गुन के मैले तिर्न पाउथे र ? आज केरे ईश्वरले डोराएर मैले घरमा ल्याइदिएको हुनाले आज मेरै यो गुन तिर्न

पाए भनेर भन्दा उल्ले ओहो ! मैले कहिले ? कसरी तपाईलाई के गुन लाको थे र ? ल भन्नुहोस् न" भनेर उल्ले सोध्न थाल्यो ।

"अब भनम्ला तनी पहिले तपाईलाई यो सेवा गरिसक्छु अनि बल्ल त्यो गुन भनम्ला" भन्दा उसले मान्दै मानेनच । आखिर नभनि सुख पाएनच नभनि सुख नपाउँदा "ओहो तपाईले मलाई त्यो एक रातभरि त्यो केराको थम्मामा बाधेर राखिदिएको गुन मैले का तिर्न सक्चु र ? ऐले त मेरो भाग्यले पो डोयाएर तपाईलाई केरे तिर्न पाए भन्दा त्यो वचन सुन्न साथ त्यो लाजले भुतुक्क भई जिउँदै मरे सरह भओ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जालो, भन्ने
बेला तात्ततातै मुखमा आइजाला ।

### ४.६.२ बैगुनीलाई गुनले मार्नु लोककथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

प्रस्तुत लोककथा पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित उपदेशात्मक विषयवस्तुमा आधारित लोककथा हो । यसमा वर्णन गरिएको विषयवस्तु एउटा गाउँमा घटेको घटना हो जसले हाम्रो समाजमा घट्ने घटनाहरूलाई प्रतिबिम्ब गरेको छ ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एकजना मान्छे घुम्न भनी हिँडेको र घुम्दा घुम्दै साँझ परेकाले घर जाने अवस्था नभएर एउटा घरमा बास माग्न पुगेकोबाट कथाको प्रारम्भ भएको छ ।

बास माग्ने घरमा, एउटी मात्र महिला भएको हुनाले म एक्लै छु त्यसैले यहाँ पुरुषलाई बास दिन्न भनेकी र केहीछिनको विवादपछि बास बस्न दिएकी थिइन । पिढीमा सुतेको बटुवालाई देखेर बेलुका श्रीमान कामबाट फर्कदा देखेपछि को हो ? भनेर सोध्दा । आफ्नी श्रीमतीको कुरै नसुनी त्यो घरधनीले त्यो पाहुनालाई पुस माघको जाडोमा केराको थम्मामा लएर बाँध्छ । भोलिपल्ट उज्यालो भएपछि उ घरतिर लाग्छ । संयोगले त्यो घरधनी आफ्नो व्यापारका कामले राँगा किन्न भनेर त्यही बाधिने मान्छेका गाउँमा जान्छ । शोधखोज गर्दा उसैका घरमा पुगछ । बाँधिने मान्छेले बाँध्ने मान्छेलाई चिनेर भव्य स्वागत गर्छ । बास बसालेर उसलाई खानपिन लगायत उसका थकित गोडामा तेल पनि लसिदिन्छ । यति धेरै त नगर्नुहोस् भन्दा बाँधिनेले ओहो ! तपाईले त्यो रात गरेको सेवा म कहाँ भुल्न सक्छु र ? भन्दै विगतको घटना बताउनु कथाको मध्य भाग हो ।

सबै कुरा सुनेपछि त्यो बाँध्ने मान्छे लाजले भुतुक्कै भई पहिले आफुले गरेको व्यवहार सम्झेर जिउँदै मरे सरह हुनु कथाको अन्त्य भाग हो ।

**ग) पात्र/चरित्र**

प्रस्तुत कथामा बाँधिने मानिस, बाँध्ने मानिस र बाँध्नेको श्रीमती रहेका छन् । बाँधिने मानिस यस कथाको प्रमुख पुरुष मात्र हो । यो पात्रले बाँध्ने पात्रले गरेको दुर्व्यवहारको बदलामा सद व्यवहारद्वारा गुन तिरेको छ । त्यसैले कथाको नायक पात्र मानिन्छ र यो अनुकुल पात्र पनि हो । घरधनी यस कथाको सहायक पात्र हो । घरमा आएको पाहुनालाई अमानवीय व्यवहार गरेको र पछि

त्यही मान्छेको घरमा बास बस्दा सम्मानजनक व्यवहार पाउँदा लाजले जिउँदै मरेको जस्तै भएको प्रतिकुल पात्र हो । महिला यस कथाकी गौण पात्र हो ।

**घ) परिवेश**

प्रस्तुत लोककथामा लौकिक परिवेशको चित्रण गरेको पाइन्छ । यसमा आएका प्रमुख स्थानहरूमा बास बस्न गएको घर, केराको घारी, बाँधिने मानिसको घर प्रमुख रूपमा आएका छन् । बास बस्न गएको घरमा महिला र बाँधिने मानिस बीच विभिन्न संवाद भएका छन् । केराको बगैँचामा बास माग्न गएको व्यक्तिलाई बाँधिएका घटना छन् । राँगा खोज्ने क्रममा बाँधिने मानिसको घरमा पुगेको र बाँधिने मानिसलाई उसलाई चिन्ने र आदर सत्कार गरेको तर बाँध्ने मानिसले उसलाई नचिनेका घटना छन् पछि बाध्ने मानिसले चिन्दा लाजले मरे सरह भएको परिवेश चित्रण गरिएको छ ।

यी घटना दिउँसो र रातका समयमा घटेका घटना हुन् । गाउँ तथा घरका घटना वर्णनले प्राकृतिक स्वच्छ वातावरणको चित्रण भएको छ । विविध स्थान, समय र वातावरणको चित्रणले कथा रोचक बनेको छ ।

**ङ) द्वन्द्व**

प्रस्तुत लोककथामा एकजना बुढो महिला मात्रै भएको घरमा बास माग्न पुगेको र धेरैवेरको छलफलपछि महिलाले बास दिएको र उनको श्रीमान राति कामबाट फर्केपछि पिढिमा को हो सुतेको भन्दै श्रीमतीका कुरै नसुनी केराकी बोटमा पुस माघको जाडोमा बाँधिदिए पछि द्वन्द्वको प्रारम्भ भएको छ । बिहानको उज्यालोसँगै बाँधिने मानिस आफ्नो घर गएको र व्यापारको सिलसिलामा बाँध्ने मानिस बाँधिनेको घरमा पुगेको र त्यहाँ स्वागत सत्कार गरी वास बस्न दिएको सबै गोडामा तेल लगाउने सम्मका कामपछि उसले बाध्ने मानिसले बाँधिने मानिसलाई चिनेर आत्मालानि भई लाजले केही बोल्न नसकी जिउँदै मरे सरह भएको छ । यसमा वैचारिक द्वन्द्व रहेको छ ।

### च) कथोपकथन

प्रस्तुत लोककथामा बुढो बास माग्न बुढी मात्रै भएको घरमा पुग्दा बुढाले “मलाई बास दिनुस म घरमा पुग्न सकिन” भनेर भन्दा ती घरधनीको बुढीले “अरु घरमा कोइ छैनने म मात्रै छु त्यसैले अन्तै जानु” भनी भनेका कथनहरू छन् । राति घरधनीले श्रीमतीसँग “यो पिढिको छेउमा बसेको को हो ? भन्दा श्रीमतीले “परदेशी हुँदोरहेछ घरमा पुग्न गाह्रो भएर बास दिएकी छु” भनेका कथाहरू समावेश गरिएको छ । पछि व्यापारको शिलाशिलामा बाधिने मान्छेको घरमा पुगेको बाँध्ने मानिसले “हया पाइन्च हजुर राँगा भनेर सोध्दा पाइन्च हजुर राँगा पनि पाइन्च बास पनि पाइन्च भनी बास पनि दिएको प्रसङ्ग उल्लेख गरिएको छ । समस्या भनेको सबैलाई त्यसैले विचार पुऱ्याएर काम गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । उपयुक्त उद्देश्यका अतिरिक्त विभिन्न घटना तथा वातावरणको वर्णनले पर्याप्त मनोरञ्जन प्रदान गर्नु कथाको मुख्य उद्देश्य रहेको छ ।

### छ) उद्देश्य

प्रस्तुत लोककथाको उद्देश्य साँझमा आएका पाहुना देवतासरह हुन उनीहरूलाई बास बस्न दिनुपर्छ । बैगुनीलाई गुनले पैचो तिनुपर्छ भन्न खोजिएको छ ।

### ज) भाषा

प्रस्तुत लोककथामा कथ्य भाषाको प्रयोग भएको पाइन्छ । विविध स्रोतका शब्दहरू प्रयोग भएका छन् सत्कार श्रीमती, भाग्य, ईश्वर जस्ता संस्कृत तत्सम शब्दको प्रयोग भएको छ । घर, मानिस, बाटो जस्ता तत्सम शब्द र बदमास, टाइप जस्ता आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । च्याप्व समात्नु पिढिको छेउ जस्ता बोलचालको भाषाको प्रयोगले कथा रोमाञ्चक बनेको छ । यसरी विविध शब्द अनि भाषिक प्रयोगले कथा रुचिपूर्ण बनेको छ ।

### झ) शैली

प्रस्तुत लोककथामा कथावाचकले पात्रको वर्णनात्मक तरिकाले गरेको हुँदा वर्णनात्मक शैलीको प्रयोग भएको छ । पात्रहरू पनि तृतीय पुरुष शैलीको प्रयोग भएको छन् । महिला बाध्ने मानिस, बाधिने मानिस बीच झिनो रूपमै भएपनि संवादात्मक शैली प्रयोग भएको छ । ‘बुगुनीलाई गुनले तिर्नुपर्छ” भन्ने भाव बोकेको यो कथा आदि, मध्य र अन्त्यमा श्रृङ्खलित बनेको छ ।

## ४.७ चरा र काग

### ४.७.१ चरा र काग कथाको मूल पाठ

एउटा ठूलो जङ्गल रहिच गरे त्यो जङ्गलमा कागसहितका चराहरू बस्थे गरे । ती चराहरूले अब हामी सबै एकजुट हुनपरो । हँ चरा भअर काग र हामी केही भिन्नता नहुम हामी एक नासका हुम" भनेर त्या मजुर र डाँफेले सल्लाह गरेचन ।

ती मजुर, डाफे फेरि ती चराहरूका राजा रचन् र त्यसैले तिनीहरूले त्यो सल्लाह लिदाखेरी चराहोरले हुन्च भनेर समर्थन गरेचन् । अनि समर्थन गर्दाखेरी ता "हुन्च झ्न राम्रै भओ" भनेर ती चराहोर पनि खुसी भचन । तिनीहोरुले अब कागलाई पनि ल्याउन परो भने "हामी वनवनमा रमाएर हिन्चम भने काग ता गाउँ गाउँमा डुल्ने एक्लै हिडने तर त्यस्तो तिनलाई पनि हाम्रो सम्पर्कमा ल्याम भनेर भनेचन् ।

अनि भनेपछि ता "हुन्च" भनेर चराहरूले भनेचन उसो भए कागलाई लेर आऊ भनेचन अनि भन्दाखेरी ती चराहरू कागलाई लिन गचन अनि जाँदाखेखि ता काग झोक्राएर बसेको रहिच । भेक्रिएर बस्ताखेरी ता होइन काग दाइ ! हामी आको देखेर हो कि के हो ? तपाई किन झोक्रिएर पीर मानेर बस्नुभको छ ? भनेर ती चराहोरुले सोदेचन्

सोद्याखेरी अनि तो कागले भनेच अ भाइ हो अब के गर्नि सप्पै चरारूप राम्रा छन् कोही राता छन् कोही पहेला छन् कोही हरिया छन् । अब मजुर मजुर भइहाले उनी झन राजा भइहाले वनको डाफे डाफे भइहाले अब नेपालका सब भन्दा पक्षीमा मजुर र डाफे भन्चन् । उनीहरू त त्यसै राम्रा भए तर के गर्नि तपारु पनि राम्रै हुनुन्च कोइ राता हुनुन्च कोही सेता हुनुन्च कोही हरिया तर म केही न केहीको कालो छु । त्यो समाजमा मलाई मुखै देखाउन पनि सर्म लाग्नी त्यसो भअर म ता सारै नै उराठिएको छु भनेर तो कागले भनेच ।

अनि भनेपछि "होइन ! तपाई किन त्यस्तो गर्नुन्च हवाले हामीहरूलाई भन्या छन् कि हँवा नराम्रो भएमा हामी सबैले हवाँलाई राम्रो बनाउचम रङ्गी विरङ्गीको बनाइ दिन्चम हामी भन्दा झन राम्रो बनाइ दिन्चम्" भनेर हाम्रामा अगुदा डाँफे र मजुरले भन्नुभको छ त्यसै भअर तपाई जसरी नि जानुपरो भनेर भनेचन । अति त्याट ती कागहरूले पनि म राम्रो हुन्चु अब सबैले मलाई रङ्गी चङ्गीको बनाइदिन्चछन् भन्ने विचार गर्दै तो काग पनि खुसी हुँदै गएच ।

अनि गएसी ती मजुर र डाँफेले सोदेचन् तपाई किन यस्तो गारो मान्नुभयो ? तपाई यो सभामा आउन किन गारो मान्नु भओ हाम्रो सभा भनेको त समानताको सभा हो, सबै एकनास हुन झन जुन नराम्रो छ तेल्लाई हाम्ले राम्रो तरिका दिनी राम्रा विचार दिनी, हाम्ले त्यस्तो कार्यक्रम आटेका छम र त्यो कार्यक्रममा तपाई आउनलाई किन गारो मान्नुन्च ? नमान्नुस भनेर ती मजुर डाँफेले भनेचन् ।

त्याट "लौ हुन्च, अब के गर्ने त नि अब म राम्रो हुन पाउचु रङ्गी विरङ्गीको हुन पाउचु भने म धेरै खुशी छु म धेरै उत्साह छु" भनेर तो काग खुसी भच त्याट भएपछि "लौ चरा हो तिमीहोरले आफ्ना आफ्ना एकुन्टा प्वाँख झिकेर कागलाई दिनपरो हामीले पनि दिन्चौ भनेर ती मजुर र डाँफेले नि भनेचन् । त्याट भनेसी अनि ती चराहोरले पनि आफ्नो प्याँख झिकेर दिए, मजुरले पनि आफ्नो प्वाँख झिकेर दियो डाँफेले पनि आफ्नो प्वाँख झिकेर दियो अनि सप्पै ती प्वाँखहरू लाउँदाखेरित न तो काग ता यति राम्रो भयो कि भनेर साध्यै छैन त्यस्तो राम्रो भओ । त्याट सबैले भन्न थाले तपै यति राम्रो हुनुन्च अब राम्रो भएको उपलक्ष्यमा तपाईले के गर्नि त नि ? भन्दाखेरि अब तपाईले यहाँ स्वागत भाषण गर्ने भनेर सबैले कागले भनेचन् ।

त्याट कागले भाषण दिन लागो अनि भाषण दिँदाखेरि ता उसको ता एउटा रङ्ग पो रङ्गीविरङ्गी एउटा रङ् पो बदलिएको थेयो शरीर बदलिएको थिएन उसको भावना भने बदलिएन किनकी बोल्दाखेरि ता उसको "का का" गरेर आफ्नो शब्द फिजायो ।

फिजाउँदा खेरि चराहोरले भने "काग दाई काग दाई तपाईको त बाहिरी रङ्ग पो फेरियो तर तपाईको बोली ता फेरिएन नि किन हो ? भनेर सोद्धा खेरि तो काग सर्मले भुतुक्कै भऱ्यो त्यसैले आफ्नो वास्तविक स्वरूप केही गरे पनि परिवर्तन गर्न सकिन्न ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा सरासर बैकुण्ठमा जालो, भन्ने बेला
खुरुक्क मुखमा आइजाला ।

### ४.७.२ चरा र काग कथाको तत्त्वगत विश्लेषण

**क) परिचय**

पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित 'चरा र काग' लोककथा पशुपक्षी सम्बन्धित लोककथा हो । यसमा प्रस्तुत भएको परिवेश एउटा जङ्गलको परिवेश हो ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एउटै जङ्गलमा चरा र काग बसेका र तिनीहरू हामी सबै अब एउटै समाजमा समावेश हुनुपर्‍यो भनी सल्लाह गर्नु कथाको प्रारम्भ भाग हो ।

कागलाई हाम्रै समाजमा समावेश गर्नुपर्‍यो भनेर चराका राजा डाँफे र मुनालले डाक्न पठाउछन् डाक्न पठाउँदा त्यो सभामा उपस्थिति हुन कागले गाह्रो मान्छ । चराहरूले तपाईलाई हामी रङ्गीचङ्गी बनाउँछौ भनेपछि खुशी हुँदै सभामा जान्छ । सबैले आ-आफ्ना एक एक प्वाँख दिने सल्लाह गर्छन किनभने ऊ आफू कालो तर अन्य चरा रङ्गीचङ्गी भएकामा पिर मानेको थियो । सबै चराले आ-आफ्ना प्वाँख प्रदान गरेपछि चराहरूले काग सुन्दर बनेर काग रमाउनु, त्यसको खुसीयालीमा स्वागत भाषण गर्न दिनु कथाको मध्य भाग हो ।

कागले स्वागत भाषणमा स्वर दिादा स्वर उस्तै भई काग लाजले भुतुक्क हुनु कथाको अन्त्य भाग हो ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथामा काग, डाफे, मुजुर र अन्य चराहरू रहेका छन् । काग यस कथाको प्रमुख पात्र हो । सम्पूर्ण कथा कागकै चरित्र गायनमा समर्पित भएकाले काग यस कथाको नायक हो । डाफे र मुनाल यस कथाका सहायक पात्र हुन् । जसले गाउँ-गाउँ डुलेर हिड्ने कागलाई आफ्नो सम्पर्कमा लैजान विशेष भूमिका खेलेका छन् । अन्य सबै चरा गौण पात्र हुन । सम्पूर्ण मानवेत्तर पात्र प्रयोग भएपनि मानवले जस्तै कुरा गर्दा कथा रोक बनेको छ । ।

### घ)	परिवेश

प्रस्तुत लोककथामा आएका स्थानहरूमा गाउँ र जङ्गल देखिन्छन् । गाउँमा काग एक्लै डुलेका घटना छन् भने जङ्गलमा अन्य सबै चराहरूले कागलाई आफ्नै समकक्षी बनाउने भनेर सल्लाह गरेका छन् । डाफे र मुनाल सबै चराहरूले कागलाई प्वाँखहरू दिएर रङ्गीचङ्गी बनाउने र भाषण गर्ने समेतका घटना छन् । यसरी सम्पूर्ण चराहरूको समावेशी समाज निर्माण गर्ने सोचका कारण सामाजिक वातावरणको चित्रण भएको छ । समग्र घटना दिउँसोका समयमा घटेका देखिन्छन् भने गाउँ जङ्गल जस्ता स्थानमा घटित घटनाले सुन्दर प्राकृतिक वातावरणको चित्रण भएको छ । यसरी विविध स्थान, समय र वातावरणको चित्रणले कथा रोचक बनेको छ ।

### ङ)	द्वन्द्व

प्रस्तुत लोककथामा वनका डाफे, मुजुर र अन्य चराहरूले गाउँ-गाउँ डुली हिड्ने कागलाई पनि हाम्रै समाजमा समावेश गर्नुपर्‍यो भनी चराहरू कागलाई लिन गाउँ गएको घटनासँगै आन्तरिक मनको द्वन्द्व प्रस्तुत गरिएको छ । सभामा बोलाउन गएका चराहरूको काग दाई काग दाई हाम्रो सभामा जानुपर्‍यो भन्दा काग नराम्रो भएकाले सभामा जान अस्वीकार गरेपछि कागलाई रङ्गीचङ्गी बनाइदिने कुरा सँगै काग पनि खुसी भई सभामा आएको र सबै चराहरूले एक-एक प्वाँख दिएरु रङ्गीचङ्गी भएको काग भाषणमा बोल्दा आवाज उस्तै निस्किएले लाजले भुतुक्क भएको छ । त्यसैले बाहिरी आवरणले रङ्गीचङ्गी भएपनि त्यसको वास्तविक रूप आवाजले दिएको छ । अन्य चराहरूले कागलाई पनि जङ्गलमै बसाल्ने आफ्नो समाजमा ल्याउने भन्ने सोच र विचारले रङ्गी चङ्गी बनाएका कागलाई अन्त्यमा उसको यथार्थ बोलीद्वारा प्रकट भएको छ र वनका चराहरूलाई उसलाई आफ्नो समाजमा ल्याउन नसकेको कुरा प्रष्ट भएको छ ।

### च)	कथोपकथन

प्रस्तुत लोककथामा कागलाई पनि जङ्गलमा बसेका चराहरूकै सम्पर्कमा ल्याउन भनी गएका चराहरूले “काग दाई काग दाई ! हामी आएको देखेर होकि के हो ? तपाई किन झोक्रिएर पीर मानेर बस्नुभएको छ ? भनेर सोध्दा कागले “अँ भाइ हो अब के गर्नी सप्पै अब चट्ट राम्रा छन् कोही राता छन्, कोही पहेँला, कोही हरिया छन् आफू भने यस्तो काला के गर्ने भनी” भुतुक्क भएको छ । चराहरूले कागलाई जान कर गरेपछि काग पनि सभामा जाने भएछ त्यहाँ गई सब चराहरूले एक एक प्वाँख दिई सभामा भाषण गर्दा चराहरूले भने “काग दाई काग दाई तपाईको त

बाहिरी रङ्ग पो फेरियो तर बोली त फेरिएन नि किन हो” भनेर भन्दा काग लाजले भुतुक्क भएको छ ।

छ) उद्देश्य

प्रस्तुत लोककथामा चराहरूले कागलाई आफ्नै समाजमा समावेश गर्न खोजेकाले समाजमा सबै वर्ग र तहका व्यक्तिको उपस्थिति आवश्यक रहेको बुझिन्छ भने बाहिरी रूपमा जतिसुकै परिवर्तन गरिए पनि हाम्रा भित्री बानी एवम् स्वरूप उस्तै हुन्छन् भन्नु यस कथाको उद्देश्य हो । त्यसो हामी प्रकृतिले जस्ता छौ त्यस्तै रहन्छौ भन्नु पनि यस कथाको अर्को उद्देश्य रहेको छ । यस्ता विविध सन्देश दिदै मनोरञ्जन प्रदान गर्नु यस कथाको उद्देश्य हो ।

ज) भाषा

प्रस्तुत लोककथामा विभिन्न स्रोतका शब्दहरू प्रयोग भएका छन् । पशु, सभा लगायतका संस्कृत तत्सम शब्दको प्रयोग गरिएको छ । गाउँ, गाई, राम्रा जस्ता तद्भव शब्द प्रयोग भएका छन् ह्वा भनुभएको जस्ता आदरार्थी शब्दका साथै पर्याप्त स्थानीय लोकभाषाको प्रयोगले कथा आकर्षण बनेको छ । यसरी कथाको भाषा सरल, सहज र बोधगम्य बनेको छ ।

झ) शैली

प्रस्तुत लोककथामा सम्पूर्ण चराहरूको वर्णनले वर्णनात्मक शैलीको प्रयोग भएको छ । पात्रहरू तृतीय पुरुष शैलीका प्रयोग गरिएका छन् । बाहिरी रूपरङ्ग परिवर्तन हुँदैमा अथवा भेषभूषा मात्र बदलिदैमा भित्री स्वरूप बदलिन्छ भनेर सोच्नु व्यर्थ हो भन्ने भाव व्यक्त गरेको यो कथा आदि मध्य र अन्त्यका श्रृङ्खलामा श्रृङ्खलित भएको छ ।

ञ)    **निष्कर्ष**

प्रस्तुत लोककथामा जसरी चराको बाहिरी रूपरङ्ग बदलेर त्यसको भित्री स्वरूप बदलिएको छैन वा परिवर्तन भएको छैन त्यसरी नै कुनै पनि मानिस वा प्राणी भित्री रूप जस्तो छ त्यस्तै उसको वास्तविक यथार्थ हुन्छ ।

# चौथो परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सांराश

प्रस्तुत शोधकार्य पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित नेपाली लोककथाको संकलन र विश्लेषण शीर्षकमा सम्पन्न गरिएको छ । यो शोधकार्य जम्मा पाँच परिच्छेदमा विभाजन गरी आवश्यक शोध विधिको प्रयोग गरेर तयार पारिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय राखिएको छ । यस अन्तर्गत विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य महत्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधपत्रको रूपरेखा जस्ता विषयमा प्रकाश पारिएको छ । यस शोध परिचय खण्डले शोधकार्यलाई अनुसन्धानको दायराभित्र राखेर अध्ययन कार्यलाई व्यवस्थित बनाएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत लोक साहित्यको सैद्धान्तिक परिचय दिने कार्य गरिएको छ । यस क्रममा लोककथाको परिचय र परिभाषा प्रस्तुत गरिएको छ । लोककथाको परिचय र परिभाषामा चूडामणि बन्धु, धर्मराज थापा र हंसपुरे सुवेदी, मोतीलाल पराजुली, तुलसी दिवसका परिभाषालाई प्रस्तुत गरी निष्कर्ष निकालिएको छ ।

लोककथाका विषेशताहरूमा चूडामणि बन्धु, धर्मराज थापा र हंसपुरे सुवेदी, मोतीलाल पराजुलीका विशेषताहरूलाई समेटेर निष्कर्ष दिइएको छ । लोककथाको वर्गीकरण यसमा आधुनिक वर्गीकरण पाश्चात्य वर्गीकरण, भारतीय वर्गीकरण नेपाली लोककथाको वर्गीकरण राखिएको छ । नेपाली लोककथाको वर्गीकरणमा तुलसी दिवसको वर्गीकरण दिँदै प्रस्तुत शोध कार्यमा प्रस्तुत गरिएका लोककथाहरूलाई प्रस्तुत गरिएको छ । लोककथाका तत्त्वहरूमा चुँडामणि बन्धु, मोतीलाल पराजुली र यस शोधकार्यमा प्रस्तुत गरिएका तत्त्वहरू प्रस्तुत गरिएको छ । नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्पराका विषयमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेद अन्तर्गत सामाजिक एवम् नीति उपदेश लोककथाको सङ्कलन र तत्त्वगत विश्लेषण राखिएको छ । सामाजिक एवम् नीति उपदेश लोककथाहरूमा गरिब, जनैको साँचो, सुनकेसरा मैँयाको कथा, दाउरे बुढाबुढीको कथा, बलभन्दा बुद्धि ठूलो, बुद्धि परीक्षण, अल्छी, टोपी, छटुट् भान्जो, छोराबुहारी, गँजडीको कथा र शक्ति जाँच कथाहरू रहेका छन् । हाम्रो समाजमा घट्ने

घटनाहरूलाई काल्पनिक पात्रहरूको माध्यमबाट समाजमा जनचेतना जगाउने काम गरेका छन् । गरिब कथामा गरिबलाई आइपरेको समस्या र त्यसबाट बच्नको लागि उसले गरेको कामको वर्णन यस कथामा उल्लेख गरिएको छ । जनैको साँचो लोककथामा छोराले बाउलाई गरेको व्यवहार र त्यस व्यवहारबाट आजित भएका बाउले अपनाएको सकारात्मक बाटोले छोराले बाउको सेवा गरेका प्रसङ्ग उल्लेख गरिएको छ । सुनकेसरा मैँयाको कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा कुनै पनि कुराको निर्णय तुरुन्तै गर्दाको परिणाम र त्यसबाट उत्पन्न समस्याले जीवनमा पारेको प्रभावका बारेमा प्रष्ट पारिएको छ ।

दाउरे बुढाबुढाको कथा सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा गरिबी र गरिब भएकै कारणबाट उत्पन्न समस्याको बारेमा विश्लेषण गरिएको छ । बलभन्दा बुद्धि ठूलो नैतिक शिक्षासंग सम्बन्धित रहेको छ । कुनै पनि मानिस जँहा पनि बद्धिले ठूलो हुने गर्छ त्यसैले बुद्धि सबैभन्दा ठूलो हुन्छ भन्ने सन्देश दिएको छ । सामाजिक कथा अन्तर्गत भावीको लेखा, अल्छी, कालीको कथा रहेका छन् । यि कथाहरूमा हाम्रो समाजमा घट्ने घटनालाई विषयवस्तु बनाई जनचेतना जगाउने गरेका र एक पुस्ताले अर्को पुस्तालाई सिकाउँदै नैतिक शिक्षा दिने काम गरेका छन् ।

चौथो परिच्छेदमा पौराणिक, ऐतिहासिक तथा अतिरञ्जित लोककथाको सङ्कलन र तत्वगत विश्लेषण राखिएको छ । यस अन्तर्गत लमेनीको सराय, घतीपानी, बोक्सी, न्याउली चरी, भावीको लेखा, बैगुनीलाई जुनले मार्नु र चरा र काग कथाहरू रहेका छन् । लमेनीको सराय कथामा लमेनी बुढीले जङ्गलमा भेटएको खुकुरी टिप्दा उनको जीवनमा ठूलो घटना घटेको छ । घर्तीपानी कथामा घर्ती मगरको सामान हराएको र उसले धनुवान लगाउँदै जाँदा तिर्खा लागेको र धनुवानले भुइमा हान्दा पानी आई उसले तिर्खा भेटेको प्रसङ्ग उल्लेख गरिएको छ । बोक्सी कथामा अलौकिक परिवेशको चित्रण गरिएको छ । न्याउली चरी र चरा र काग कथामा अतिरञ्जित विषयवस्तुलाई उठाएको छ । यसरी विविध घटनाले कथा रोचक बनेका छन् ।

प्रस्तुत कथाहरूमा लौकिक तथा अलौकिक दुवै परिवेशको चित्रण पाइन्छ । कथामा गरिब गरिब भएकै कारण अर्को गाउँमा बेसाहा खोज्न जानु, सुनकेसराको सुनको लट्टा हराउनु भेटाउनेसँग बिहे गर्ने निर्णय गर्नु र विरोध स्वरूप सुनकेसरा रुखको टुप्पामा गई बस्नु जस्ता लौकिक परिवेशको चित्रण पाइन्छ भने अलौकिक परिवेशमा बोक्सी रातको बार बजे वायु जस्तै उड्नु उडेर त्यही ठाउँमा फर्कनु यी विविध परिवेशले कथा रोचक बनेका छन् ।

प्रस्तुत कथाहरूले मुख्यतः मनोरञ्जन दिएको छ भने नैतिक तथा व्यावहारिक शिक्षा पनि प्रदान गरेको छ । कथाको भाषा सरल, सहज र बोधगम्य भएकाले कथा पढ्न र बुझ्न सहज भएको छ ।

पाँचौ परिच्छेदमा सांराश तथा निष्कर्ष रहेको छ । यसमा सम्पूर्ण अध्ययन कार्यको निचोड प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत शोधपत्रको सांराश दिइएको छ भने अध्ययनबाट प्राप्त निष्कर्षलाई पनि प्रस्तुत गरिएको छ । यसरी समष्टिमा पाँच परिच्छेदमा यस शोधकार्यलाई सङ्गठन गरिएको छ ।

## ५.२ निष्कर्ष

पाल्पा जिल्लाको छहरा क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण शोधकार्यमा बीस वटा कथाहरू सङ्कलित गरिएको छ । विषयवस्तुका आधारमा दुई भागमा विभाजन गरि तत्त्वगत विश्लेषण गरिएको छ ।

सामाजिक एवम नीति उपदेश विषयवस्तु अर्न्तगत दाउरे बुढाबुढीको कथा, भावीको लेखा, कालीको कथा, गरिब, जनैको साँचो, सनुकेसरा मैँयाको कथा, बल भन्दा बुद्धि ठूलो, बुद्धि परीक्षण कथा, अल्छी, छट्टु भान्जो कथा, छोरा बुहारी, गँजडीको कथा र शक्ति जाँच कथा रहेका छन् । दाउरे बुढाबुढीको कथामा बुढाबुढीको आम्दानीको बाटो भनेको दिनभरि दाउरा खोज्ने र त्यसैलाई बेचेर साँझ बिहानको छाँक जुटाउने गर्ने गरेका छन । एकदिन दाउरा खोज्न जङ्गल जाँदा मास भेटाएका बुढाबुढीले घरमा आएर रोटी पकाउँदा पाँचवटा भएका छन् । त्यस रोटीलाई बराबर गरी भाग लगाउन नसक्दा रोटी बिरालोले खाएको छ । त्यसैले भाइ फुटे गवार लुटे जस्तै भएको छ । घरपरिवारमा आपसी झगडा हुँदा अरुले फाइदा लिएको छ । त्यसैले झगडा गरेर होइन समझदार भएर कुनै पनि विषयको समाधान गर्नुपर्छ  भन्ने सन्देश दिएको छ । कालीको कथा मा कालीका बाउ आमा सानै छँदा परलोक भएका र काली सात भाउजुका साथमा बसेकी छ । भाउजुहरूले कालीलाई अनेक बहानामा दु : ख दिएका छन् । अन्त्यमा काली सात दाजुहरूका साथमा बसेकी र छ वटी भाउजुलाई घरबाट दाजुहरूले निकालि दिएका छन् । यस कथाले हाम्रो समाजमा घट्न सक्ने घटनालाई विषयवस्तु बनाएको छ । त्यसैले जसलाई गFयो हेला उसैको पFयो फेला जस्तै भएको छ ।

जनैको साँचो कथामा छोराले बाउको स्यार सुसार नगरेको र सम्पत्तिको लोभ देखाई सन्दुषमा साँचो लगाई जनैमा झुण्डाएको देखेर छोराले बाउको सेवा गरेका छन् । यस कथाले हाम्रो समाजमा बाउ आमाको वृद्ध अवस्थामा छोराले गर्ने व्यवहारको झल्को दिएको छ । बाउ आमालाई धनसम्पत्तिको लोभमा परेर होइन सेवा गर्नु आÕनो कर्तव्य सम्झी सेवा गर्नुपर्छ भन्ने सन्देश दिएको छ । गँजडीको कथामा एउटा गाँउमा एकजना बुढाले गाँजा खुवाउने र सारा गाँउका मान्छे, जोगीहरू आउने र बुढीलाई सताएका छन् । एकदिन गाँजा बेच्ने बुढाकी बुढीले यहाँ गाँजा खान आउने जत्तिलाई बुढाले मुसलले हान्छन् भनी सारा गाउँका गाँजा खाने मान्छेलाई त्यस घरमा गाँजा खान जानबाट छुटाएकी छन् । त्यसैले बुद्धि र विवेकले कुलतमा लागेका मान्छेलाई समेत छुटाउन सकिन्छ भन्ने सन्देश यस कथाको रहेको छ ।

सुनकेसरा मैंयाको कथामा सुनकेसराको सुनको लट्टा हराएको र भेटाउनेसँग छोरीको बिहे गरिदिने निर्णय गरेकी छन् । फलस्वरूप सुनको लट्टा दाजुले भेटाएको र दाजु बहिनी विचको विवाह गर्ने परिस्थिति आएकाले विरोध स्वरूप सुनकेुसरा रुखको टुप्पोमा गई बसेकी छन् । विवाहको लगन टर्न लाग्यो भनी झर्न आर्गह गरेका बाउ, आमा, दाजु सबैको मृत्यु भएको छ । त्यसैले कुनै पनि समस्या आउँदा हतारमा निर्णय गनुर्हुँदैन । निर्णय गर्दा संयमता अपनाउनु पर्छ भन्ने सन्देश यस कथाले दिएको छ । बुद्धि परीक्षण कथामा बाउले छोरालाई भेडो दिएर यो भेडो बेचेर यसैलाई नुन बोकाएर ल्याउन भनेको छ । छोराले भेडो डोFयाउँदै जाँदा एक जना बुढाको अर्तीले भेडो मुडेर ऊन बेचेर त्यसैलाई नुन बोकाएर ल्याएको छ । त्यसैले कुनै पनि समस्या पर्दा अरुको सल्लाह लिँदा त्यसको समाधान गर्न सकिन्छ । बुढा त्यसै बुढा हुदैनन् विभिन्न अनुभवले गर्दा बुढा हुन्छन त्यसैले उनीहरूका अर्तीले सही समाधान गर्न सकिन्छ भन्ने सन्देश दिन खोजेको छ । छोराबुहारी कथामा बुहारीले सासुलाई मन नपराएको र जिउँदै जलाउन लगाएकी छ । बुढी चलाख भएकै कारण भाग्न सफल भई चोरहरूले छोडेको पैसा लिएर घर जाँदा पापिनी बुहारीले पनि पैसाको लोभमा आÕनो ज्यान गुमाएको छ । त्यसैले अरु माथि कुभलो चिताउँदा आफै माथि आइलाग्छ भन्ने सामाजिक सन्देश यस कथाले दिएको छ । छट्टु भान्जो कथामा स्वभावसँग सम्बन्धित कथा हो भान्जोले मामाको अथाह सम्पत्ति सबै आÕनो हात पारेको छ । मामाले छोरो बिरामी पर्दा औषधी खर्च नदिएको विषयमा ईर्ष्या लिएको भान्जोले विभिन्न जाल छलकपट गरेर मामाको सम्पत्ति आÕनो बनाएको छ । त्यसैले समाजमा सज्जन व्यक्ति मात्र नभई छट्टु, चलाख पात्र पनि हुने कुरा यस कथाले प्रष्ट पारेको छ । बलभन्दा बुद्धि ठूलो कथामा एउटी बुढी छोरीको घर जान भनी

हिडेकी र बाटोमा बाघ, भालुले खान्छु भनी भन्दा म अहिले दुब्ली पातली छु । म फर्केर आँउदा खाउँला भनी आफुलाई बचाएकी छ । त्यसैले आकारमा ठूलो हुँदैमा त्यससँग बुद्धि ठूलो हुने र सानोसँग थोरै बुद्धि हुने होइन आकारमा सानो भएपनि उससँग बुद्धि ठूलो हुन्छ भन्ने सन्देश सामाजिक एवम् नीति उपदेश कथाले दिएका छन् ।

पौराणिक ऐतिहासिक तथा अतिरञ्जित विषयवस्तु अन्तर्गत लमेनीको सराय बोक्सी, घर्तीपानी, भावीको लेखा, न्याउली चरी, चरा र काग, बैगुनीलाई गुनले मार्नु जस्ता कथाहरू रहेका छन् । यस कथामा एउटी बुढी बज्यैले घुम्दै जाँदा जङ्गलमा भेटाएको खुकुरी घरमा लगेर राख्दा देवता उत्रेका छन् । त्यसरी फलाम घरमा राख्दा बुढीलाई मुटु दुख्ने व्यथा उत्पन्न भएको छ । त्यसूले घरबाहिर निस्कदा त्यस्ता संवेदनशील वस्तु देखेमा सम्बन्धित निकायलाई खबर गर्नुपर्छ । तुरुन्तै आफूले छुने, समात्ने काम गर्नु हुँदैन । त्यो एक विनाशकारी हातहतियार हुन सक्छ । त्यसैले त्यस्तो वस्तु देख्दा त्यसलाई हेलचेक्र्याँइ गर्नु हुँदैन भन्ने सन्देश दिन खोजेको छ । न्याउली चरी कथामा सूर्य भगवानले सुख सयलमा राख्दा राख्दै पनि दुब्लाएको कारणले सूर्य र न्याउली चरीको विछोड भएका कुरा व्यक्त गरिएको छ । बैगुनीलाई गुनले मार्नु कथामा आफूलाई केराको थम्मामा बाँधेको घरधनीलाई सम्मानजनक व्यवहारले सकारात्मक तरिकाले पाठ सिकाएको छ । चरा र काग कथामा चराहरूले कागलाई पनि आफ्नो सम्पर्कमा ल्याउन एक/एक प्वाँख दिएका तर काग परिवर्तन नभएको कुरा प्रष्ट पारिएको छ ।

अलौकिक तथा अतिरञ्जित विषयवस्तुमा बोक्सी कथा रहेको छ । गाँउमा बोक्सीको कचहरी बस्दा दैवीशक्ति माथि विश्वास नभएको भन्ने अधबैंशे मान्छेले रातको बार बजे गङ्गाको तिरमा भएको पीपलको बोटमा गई बसेको छ । रातको बार बजे बोक्सी हा हा-ही ही गर्दै आएको र पूजा गरेको देखेर दैवीशक्ति पनि हुँदो रहेछ भनी विश्वास लिएको छ ।

यस शोधकार्यमा सामाजिक एवम् नीति उपदेश लोककथा र पौराणिक, ऐतिहासिक तथा अतिरञ्जित लोककथाहरू सङ्कलन गरिएको छ । छहरा वासीका मानिसहरूमा दैवी, अलौकिक शक्ति माथि विश्वास भएको कुरा प्रष्ट भएको छ । यी सङ्कलित कथाहरूले मनोरञ्जन दिनुका साथै नैतिक शिक्षा पनि दिएको छ । कथामा मानवेत्तर पात्रले पनि मावनले जस्तै कुराकानी गरेको र आÕना विचार व्यक्त गरेकाले पशुपंक्षीहरूमा आत्मशीलतावादी भावना हुने कुरा स्पष्ट भएको छ ।

# सन्दर्भसामग्री सूची

दिवस, तुलसी, २०३२, **नेपाली लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी, २०३३, **नेपाली लोककथा : केही अध्ययन**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दिवस, तुलसी, २०३४, **नेपाली लोकसंस्कृति सङ्गोष्ठी**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, मोतीलाल, २०४९, **नेपाली लोकगाथा**, पोखरा : तारादेवी पराजुली ।

पराजुली, मोतीलाल, २०५४, **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन**, विद्यावारिधि शोधप्रबन्ध ।

पराजुली, मोतीलाल, २०७०, **नेपाली लोककथा सिद्धान्त र विश्लेषण**, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि, २०५८, **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता पुस्तक प्रकाशन ।

बन्धु, चूडामणि, २०५९, **लोककथाको अध्ययनका सैद्धान्तिक आधारहरू**, मधुपर्क ।

बस्याल, दीपक, २०५६, **पाल्पाको साहित्यिक रूपरेखा**, स्नातकोत्तर शोधपत्र ।

भट्टराई, अनितादेवी, २०६१, **पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण**, शोधपत्र, त्रि.वि. ।

भट्टराई, रमेशचन्द्र, २०६४, **अर्घाखाँची जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण र विश्लेषण**, शोधपत्र त्रि.वि. ।

शर्मा, श्रीराम, ई.सं. १९९२, **लोकसाहित्य : सिद्धान्त और प्रयोग**, आगरा : विनोद पुस्तक मन्दिर ।

श्रेष्ठ, दयाराम, २०६०, **नेपाली कथा भाग ४,** दो.सं. ललितपुर : साझा प्रकाशन ।

स्टिथ, थमसन, ई.सं. १९९५, **फोकटेल्स**, लण्डन : इण्डियाना युनिभसिर्टी प्रेस ।

सत्येन्द्र, १९७१, **लोकसाहित्य विज्ञान**, आँगरा, शिवलाल अग्रवाल एण्ड कम्पनी ।

सापकोटा, माधवप्रसाद, २०६५, **झापा जिल्लामा प्रचलित लोककथाहरूको समाजशास्त्रीय अध्ययन**, शोधपत्र, त्रि.वि. ।

सुवेदी, हंसपुरे र थापा, धर्मराज २०४१, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

# परिशिष्ट

## सामग्री सङ्कलनमा सहयोग गर्नेहरुको विवरण

| क्र.सं. | नाम | ठेगाना | उमेर | लिङ्ग | शिक्षा | पेसा |
|---|---|---|---|---|---|---|
| १. | बल बहादुर खत्री | छहरा, गा.वि.स. वडा नं. ४ | ६५ | पुरुष | सामान्य लेखपढ | कृषक |
| २. | नर बहादुर रायमाझी | छहरा, गा.वि.स. वडा नं. ४ | ७० | पुरुष | कक्षा ५ | कृषक |
| ३. | तुलसा खत्री | छहरा, गा.वि.स. वडा नं. ४ | ३० | महिला | प्रमाण पत्र | शिक्षण |
| ४. | सरिता कुँवर | पालुङ्ग, मैनादी | ४० | महिला | प्रमाण पत्र | व्यवसाय |
| ५. | समीक्षा कुँवर | पालुङ्ग, मैनादी | १७ | महिला | कक्षा ११ | अध्ययन |
| ६. | सरस्वती तिवारी | छहरा- ७, गोलङ्सा | ४० | महिला | कक्षा १० सम्म | गृहिणी |
| ७. | सीता रायमाझी | छहरा- ३, गोलङ्सा | ४० | महिला | कक्षा १० सम्म | गृहिणी |
| ८. | लक्ष्मी रायमाझी | छहरा- ३, गोलङ्सा | २५ | महिला | स्नातक | अध्ययन |
| ९. | कमल रायमाझी | छहरा- ३, गोलङ्सा | ३० | पुरुष | स्नातक | अध्यापन |
| १०. | प्रेम राना | छहरा- ४, गोलङ्सा | ४५ | महिला | एस.एल.सी | व्यवसाय |
| ११. | सरिता कुँवर | पालुङ्ग | ४० | महिला | एस.एल.सी | व्यवसाय |
| १२. | विना रायमाझी | छहरा- ३, गोलङ्सा | ३५ | महिला | स्नातक | नसिङ्ग |
| १३. | लक्ष्मी रायमाझी | छहरा- ३, गोलङ्सा | २५ | महिला | स्नातक | अध्ययन |
| १४. | माया रायमाझी | छहरा- ३, गोलङ्सा | ६० | महिला | सामान्य लेखपढ | गृहिणी |
| १५. | माया रायमाझी | छहरा- ३, गोलङ्सा | ६० | महिला | सामान्य लेखपढ | गृहिणी |
| १६. | नर बहादुर रायमाझी | छहरा- ३, गोलङ्सा | ७० | पुरुष | कक्षा ५ | कृषक |
| १७. | उमेश रायमाझी | अमलाबास | ३५ | पुरुष | प्रवीणता तह | व्यवसाय |
| १८. | कमल रायमाझी | फेक | ३० | पुरुष | प्रमाणपत्र तह | व्यवसाय |
| १९. | विना रायमाझी | म्यालढाप | २५ | महिला | प्रमाणपत्र तह | गृहिणी |
| २०. | विनोद रायमाझी | छहरा- ३, गोलङ्सा | २० | पुरुष | कक्षा ८ पास | कृषक |